# भारतेली कथाहरू

संकलन र अनुवाद

खडकराज गिरी



N
808.3
G 443 B

N
808.3
G443B

CELEBRATING FIFTY YEARS
(1954-2004)

साहित्य अकादेमी

INDIAN INSTITUTE
OF
ADVANCED STUDY
LIBRARY, SHIMLA



3P152



अस्तर पर छपल मूर्त्तिकलाक प्रतिरूपमे राजा शुद्धोदनक दरबारक ओ दृश्य देल गेल अछि जाहिमे तीन गोट भविष्यवक्ता भगवान बुद्धक माय रानी मायाक स्वप्नक व्याख्या कए रहल छथि। हिनका लोकनिक नीचाँमे एक गोट देवानजी बैसल छथि जे ओहि व्याख्याकेँ लिपिबद्ध कय रहल छथि। भारतमे लेखकनकलाक ई प्रायः सभ सँ प्राचीन एवं चित्रलिखित अभिलेख थिक।

नागार्जुनकोण्डा, दोसर शताब्दी
सौजन्य : राष्ट्रीय संग्रहालय, नई दिल्ली

# भारतेली कथाहरू

(भारतीय भाषाका कथाहरूको संकलन)

संकलन र अनुवाद

**खडकराज गिरी**

साहित्य अकादेमी

**Bharateli Kathaharu** : Nepali translation of an anthology of collected stories by various Indian writers, compiled by Kharka Raj Giri. Sahitya Akademi, New Delhi (2004), Rs. 60/-.

Library IIAS, Shimla
N 808.3 G 443 B
00117472
N
808.3
G 443 B

© साहित्य अकादेमी

प्रथम संस्करण : 2004

**साहित्य अकादेमी**

**प्रधान कार्यालय :**
रवीन्द्र भवन, 35, फ़ीरोज़शाह मार्ग, नई दिल्ली 110001
विक्रय विभाग : स्वाती, मन्दिर मार्ग, नई दिल्ली 110001

**क्षेत्रीय कार्यालय :**
172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, मुम्बई 400 014
जीवनतारा बिल्डिंग, चौथा तल, 23 ए/44 एक्स, डायमंड हार्बर रोड, कोलकाता 700 053
सेंट्रल कॉलेज परिसर, डॉ. वी. आर. आम्बेडकर मार्ग, बंगलौर 560 002

**चेन्नई कार्यालय :**
मेन बिल्डिंग, गुना बिल्डिंग्स (द्वितीय तल), ~~443 (304)~~, अन्ना सालइ, तेनामपेट, चेन्नई 600 018

Indian I... SHIMLA
117472
15/12/04

ISBN : 81-260-1948-4

मूल्य : पचास रुपियाँ

शब्द-संयोजक : सविता प्रिंटर्स, शाहदरा, दिल्ली

मुद्रक : विकास कंप्यूटर एण्ड प्रिंटर्स, दिल्ली 110032

# औपचारिकता

*साहित्य अकादेमी, नयाँ दिल्लीवाट हिन्दी भाषामा प्रकाशित पत्रिका-पुस्तक 'समकालीन भारतीय साहित्य'—लाई म भाषा मार्फत् जातीयको समन्वय गाँस्नमा सघाउ पु-याउने श्रेष्ठ साहित्यिक पत्रिका-पुस्तकका रूपमा लिन्छु। यसको उद्देश्य नै हो सम्पूर्ण भारतेली भाषाहरूलाई एउटै मञ्चमा राखेर एक अर्काको साहित्य संस्कृति औ यसको मर्म बुझ्नमा सघाउ पु-याउनु। मैले धेरै अघिवाटै यस पत्रिका—पुस्तकको अध्ययन गरिआएको छु—र, भनूँ यसैको प्रभावले हो—आफ्नो रचनाशील विधा कथा-लेखनहुँदा कथालाई नै आधार पारी नेपाली भाषामा दसोटा विभिन्न भारतेली भाषाका कथाहरूको तर्जुमा गर्ने प्रेरणा भेटेको। यसमा परेका कथा कुनै कथाकारको प्रतिष्ठाका आधारमा नभई कथा-श्रेष्ठताको आधारमा कथा चयन गरी नितान्त आफ्नो मनले खाएका कथा गाभेको छु। यी कथाले मलाई छोएका छन्। यसमा खप्पिस औ नौला तर योग्य अनुभवी दुवैखाले कथाकार समावेश छन्। यी कथाले भारतीय कथा लेखनको स्वरूप दर्शाउँछन्।*

*यी दसोटा कथालाई समेट्ने प्रक्रियामा माननीय लेखक श्री आर.पी. लामा, कविवर श्री नवसापकोटा, औ कविवर श्री भविलाल लामिछानेज्यूको मनग्गे टेवा छ—नत्र यी छरपष्टिएका छरपष्टियै हुने थिए।*

*अन्तमा, साहित्य अकादेमीको नेपाली विभागलाई यसको प्रकाशनमा उदार भइदिएकोमा आभार प्रकट गर्दै आफ्नो यो औपचारिकता थान्को लाउँछु।*

*डिगबोई (असम)* *अस्तु,*

*खडकराज गिरी*

# कथाक्रम


| | | | |
|---|---|---|---|
| 1. | रातो टाटो (असमीया) | —बीरेन्द्र कुमार भट्टाचार्य | 9 |
| 2. | कहिल्यै नसिद्धिने कथा (कन्नड) | —यू.आर. अनन्तमूर्ति | 19 |
| 3. | म, हिमपक्षी र त्यो कालो कुकुर (कश्मीरी) | —बसीर अतहर | 25 |
| 4. | पैतालामुनि (डोगरी) | —पद्मा सचदेव | 28 |
| 5. | पात (तेलुगु) | —गोविन्द राजु रामकृष्ण राव | 40 |
| 6. | कुनै नाम राखिएन (बंगाली) | —सुनील गंगोपाध्याय | 43 |
| 7. | अन्तिम कथन (मराठी) | —गंगाधर गाडगील | 47 |
| 8. | लामो यात्रा (मलयालम) | —तकषी शिवशंकर पिल्लै | 58 |
| 9. | शरणागत (मैथिली) | —प्रदीप बिहारी | 62 |
| 10. | दिल बहादुर दा'य (हिन्दी) | —फणीश्वरनाथ 'रेणु' | 70 |
| | परिशिष्ट : परिचय | | 76 |

असमीया

# बीरेन्द्र कुमार भट्टाचार्य

## रातो टाटो

ऊ आयो र फर्केर गयो। बन्टीले भनी मात्रै—'यतिका दिनपछि आउनु भएको छ, केहीछिन त बस्नु होस्, उहाँ आइपुग्नु हुन्छ', तर ऊ बसेन। तीस वर्ष बितेर गए, आजसम्म पनि उसको त्यो लज्जाभाव यथावत् छ। 'बाछा घरमा छन् र?' यत्ति भन्ने वेलासम्म पनि ऊ वन्टीको सामु टीकसित उभिन सकेको थिएन। किन यस्तो? एउटी आइमाईसँग केही बेर शान्तिले बसेर बात मार्न पनि सकेन भने ऊ यस संसारमा कसरी टिक्न सक्ला?

यो दिउँसपख बाछालाई किन खोजिरहेको, यो कुरा त सहज भावले ऊसँग पनि सोध्न सक्थ्यो। कहिलेकाहीं बाछासित रुपियाँ उधारो लिन पनि त आउने गर्छ। आज पनि रुपियाँ नै चाहिएका भए ऊसित पनि भन्न सक्थ्यो, कम्तिमा पनि पचास रुपियाँ त नबोली दिने थिएँ। उसलाई केही रुपियाँ दिंदा बाछाले के पो भन्थे र वरु उनका साथेको सहायता गरेकोमा धन्यवाद नै दिने थिए। उसलाई त थाहा थियो बपुरो 'को-ऑपरेटिव' कार्यालयमा साधारण बाबु हो, महिनाको आखिरसम्म खर्च चल्नै धौ पर्छ। स्वाभाविक नै हो, हिंजाज कसले जोर्न सक्छ? बाछा त अड्डामा जिल्लाधीश (मजिस्ट्रेट) छन्, आयस्ता पनि उसको भन्दा बढी छ, तैपनि महिनाको आखिरमा तानूतुन् गरेर चलाउनु पर्छ। अघिल्लो महिनाबाट ऊ चप्पी (सैन्डल) किन्ने भन्दा भन्दै आजसम्म किन्न सकेकी छैन। अभाव कसलाई छैन? सबैलाई नै त छ। अमृतले आफूलाई रुपियाँ चाहिएको कुरा किन भनेन? अमृतको सहायता गर्न पाउँदा उसलाई त औधी खुशी लाग्ने थियो। हुनत मान्छे, मान्छेमैं भिन्नता छ, अमृतको ठाउँमा बसन्त भएका भए उसलाई यति खुशी हुँदैनथ्यो। हुनत बसन्त सम्पन्न छ, र खर्चीलो पनि। बन्टीले उसलाई रुचाउँदिन। अनुहार हेर्दा त नराम्रो छैन तर आँखा भने उसलाई हेरि-हेरी हाँसिरहे जस्ता देखिन्छन्! कहिलेकाहीं जब ऊ बैठक कोठामा बसिरहेको हुन्छ त्यति बेला उसको अनुहारमा उम्लेको चिया खन्याइदिन मन हुन्छ। उसको यो हेराइ जलेर खरानी परिदिए कस्तो हुँदो हो! ऊ

प्रति बन्टीको मनमा कुनै दयाभाव छैन। तर अमृत! वपुरोको अनुहार हेर्दै लाग्दछ कि ऊ वडो निःस्सहाय छ, जसको कहीं कोही छैन। हुनत ऊ जान्दछे उसका सबै नै छन्—आमा-बाउ, भाइ-वहिनी सवै। तरै पनि कुन्त किन हो पहिलो दिनदेखि नै ऊ साह्रै एक्लोझैं देखिन्थ्यो।

छिः, पहिलो दिन उसलाई देख्ने बित्तिकै मनमा कस्ता-कस्ता ख्यालहरूले लुकामारी खेलेका थिए! साधारण पंजाबी कुर्तामा एउटा मसीको टाटो, रातो रङ्को, छातीको दाहिनेतिर मानौं धुक्धुकी उब्रेको थियो। धेरै बेरसम्म उसले एकाग्र भई त्यस टाटोलाई हेरिरहेकी थिई, पूर्णरूपले पाकेको सुन्तलाझैं। उसका हाउभाउमा एक किसिमको डर, आशंका हठातै पक्रापरेजस्तो। उसका तुलसीका पातजस्ता आँखामा जामुनजस्ता काला मणी। त्यस दिन लाजले उसले मतिर आँखा उचालेर हेर्न पनि सकेको थिएन। अनुहारको बनौट गोलो परेको, वर्ण गहुँगोरो तर छालामा एक किसिमको कोमलता। अनुहारको नर्मी देख्दा मन मुग्ध हुने। कपाल परिपाटीले मिलाइएको, पाकेका धानजस्ता देख्दा असमीया जातिभन्दा भिन्दै। आफ्नो तीखो नाकलाई समातेको थियो (शायद लाजले)।

त्यस टाटोलाई उसले किन हेरिरहेकी थिई? यति व्याग्र भई हेर्नमा उसलाई केले उक्साइरहेको थियो, उसले संझनसकिन। एकचोटि त लाग्यो, अमृतले मानौं बारम्बार त्यस टाटोलाई छिपाउने प्रयत्न गरिरहेछ। उसको मौन दृष्टिबाट अमृत किन यति डराइरहेको थियो? कुन्त किन, उसको यस निःस्सहाय अवस्थामा, बन्टीका चंचल आँखा, अमृतलाई मानौं उसका तीक्ष्ण दृष्टिले भस्म पार्न खोजिरहेका थिए।

त्यसपछि हठात् उसको मुख खोलियो, उसले सोधेको थियो—'बाछा छैनन् के?' बाछाको नाम सुन्नेबित्तिकै ऊ झस्केकी थिई त्यस बेला। जब कि सोधाइमा कुनै आश्चर्य थिएन। ऊ बाछालाई भेट्न आएको थियो, रुपियाँ उधारो लिन। बपुरो, अभावमैं परेर आएको थियो, जस्तो कि एकजना भद्र भिखारी। बन्टीलाई कुन्त किन यस्तो लाग्यो मानौं उसकालागि ऊ एकदमै नौलो कुनै भिखारी हो। चामल माग्न त कैयौं भिखारी आउँछन् तर उनीहरू एक मुट्ठी चामल दिएपछि सन्तुष्ट हुँदै फर्किन्छन्। त्यस दिन भने उसलाई लाग्यो अमृत रुपियाँ माग्न मात्रै आएको थिएन साथमा अरू केही अव्यक्त वस्तु माग्न आएको थियो। तर के?

अँ, त्यो टाटो कसरी पऱ्यो? त्यसैको माध्यमबाट नै उसले धेरै कुरा भनेन र? तर के भन्यो? केही पनि त भनेन उसले। मात्र डराए जसरी ऊतिर हेरिरहेको थियो, संकोचले उसको अनुहार कस्तो कस्तो देखिन्थ्यो। बन्टीलाई पनि यस्तो लागेको थियो

मानौं त्यति वेला बैठक-कोठाका कुर्ची-टेवल, तस्वीर, रेडियो सबै उसका आँखाअघि विस्तारै क्षुद्रातिक्षुद्र हुँदै अन्ततः अस्तित्वहीन भए। अनि अमृत पनि विस्तारै तिनै वस्तुहरू जस्तो एउटा सानो विन्दुमा परिणत भयो। एउटा रातो रङ्को विन्दु।

आज पनि उसलाई त्यो रातो विन्दु राम्रै मनमा छ। त्यो रातो विन्दु उसको हृदयाकाशमा आज पनि विहानको घाम जस्तै चम्किरहेछ। यस्तो किन? उसले कहिल्यै पनि यसको कारण जान्न सकिन। कुनै कारण पो छैन कि! तर किन उसलाई अमृत यति एक्लो जस्तो, बपुरो जस्तो लागिरहेको थियो?

अँ, अझ एक दिनको संझना आयो, उसले कुनै बहानाले अमृतलाई बोलाइ-पठाएकी थिई। नोकर्नी गएकी थिई उसकोमा। एक घण्टापछि जुन सम्चार उसले लिएर आई त्यो सुनेर किन हो कुन्त ऊ हठातै दुःखित देखिई। उसलाई खुबै साह्रो गरी सुँक्क सुँक्क रुन मन लागेको थियो, त्यस दिन।

शहरको पश्चिमतिर बनेको एउटा 'कॉलोनी'-मा बस्छ ऊ। मात्रै तीन कोठे घर! झरीमा अनवरत छानाबाट पानी चुहुनेहुँदा भुईंको पक्का फूटेको छ। खाटमा बसेको, पिंजरामा थुनेको पक्षीको कातर दृष्टिझैं उसले एकपल्ट त्यस नोकर्नीलाई हेरेको थियो। आँखा जावा कुसुम फूलझैं राता! नोकर्नीले पहिलोचोटि डाक्दा उसलाई केही थाहै भएन, दोस्रोपल्ट डाक्दा भने चकित थियो। उभिंदा खुट्टा काँपिरहेका थिए।

'के भयो बाई?'

'दिदीले बोलाएकी छिन्'

'किन?'

'भन्न सक्दिन'

उसले केही भनेन। घरमा अरू कसैको स्वर सुनिएन। त्यति बेला पाँच बजेको थियो। बाहिर झरी परिरहेको थियो। ऊ केही पाइला हिंड्यो, बाईको सामु आएर उभियो, केही भन्न खोजेको थियो कि हठातै रोकियो। बांईले ऊतिर आश्चर्यहुँदै हेरिरही। बाबुजी त आश्चर्यको हुनुहुन्छ। हुन्छ-हुन्न केही त भनिदिनु, त्यति पनि भन्नु हुन्न? ओठ काँप्छन् केही भन्न, फेरि बन्द हुन्छन्। जस्तो कि दिपावलीमा मारवाडीहरूका घरमा झुण्डिएका बिजुलीका बल्ब, एकपल्ट जल्दछन्, एकपल्ट बुत्दछन्!

'के'भो बाबुजी? दिदीलाई के भनिदिऊँ?'

'घरमा कोही छैन।'

'हो...'

'बिसञ्चो पनि छ'

'ए, त्यसो भन्नु हुन्न किन त?'

घर फर्केर सुरीलो स्वरमा अमृतलाई 'आश्चर्यको मान्छे'-को विशेषणले विभूपित पार्दै बाईले आद्योपान्त विवरण सुनाई। अन्तमा भनी, 'आँखा त साह्रै राता भएका छन् दिदी।' यो कुरा सुन्नसाथ किन हो कुन्त उसको अन्तरात्मा काँपेको थियो औ उसको अन्तरको अँध्यारोलाई चीरेर धेरै दिनबाट स्याहारेर राखेको कुर्ताको रातो टाटो छरपष्टिएको थियो।

र, उसलाई आफैं गएर झरीको पानी पुछिदिने मन भयो, एक 'कप' तातो चिया बनाएर त्यससँग 'सॅरिडॉन'-का दुई गोली खुवाई आऊँ। बपुरो कति असहाय छ! उसले बाईसित ती कुरा भनिपठाएर भिक्षा याचना गरिरहेछ—दयाको, सहानुभूतिको। तर के दिओस् ऊ? दिन्का लागि ऊसँग के छ र? छुट्टैवरमा गएर उसकालागि खै के गर्न सक्छे र? ऊ कहीं आफ्नै अभिमानराख्न तल, चिसोमा त सुतेन? अकारण नै स्नेहले उसको हृदय द्रवीभूत भयो। विस्तारो विस्तारो उसले अनुभव गरी कि उसको मनमा एउटा अज्ञात वेदनाले प्रहार गरिरहेछ। उसको मन भखरै रोला जस्तो भयो। तर आँसु निस्केनन्। कुर्ताको त्यो रातो टाटोले ऊभित्रको आवरणलाई चीरेर उसको नांगो रूप हेर्न थाल्यो। तर उसले त्यो देख्न जान्न सक्यो के? हरि, हरि! त्यहाँ के देख्यो, उसको परपुरुप प्रति प्रेम? निःसंदेह! अँ, प्रेम नै त! तर कस्तो प्रेम? कस्तो? जस्तो उसको वाछाप्रति छ, त्यस्तै प्रेम? होइन, होइन त्यस्तो प्रेम होइन। एउटा छुट्टै किसिमको, अव्यक्त प्रेम। यो नारीको प्रेम होइन। यो त मानवको प्रेम हो। जुन प्रेमको शक्तिले, मान्छे, मान्छेसित मिलेर समाजको रचना गर्दछ त्यही प्रेम। मनलाई संझाई बुझाई पनि तर निष्कर्षमा पुग्न सकिन कि यो कस्तो प्रेम हो। मानौं यो एउटा सघन बनमा फूलेको कुनै नदेखेको, सुन्दर फूलको आकर्षण हो।

अमृत गएपछि धेरै बेरसम्म बन्टी त्यहीं कुर्चीमा वसेर सोचिरही कि उसले यसरी अमृतको विषयमा सोचिरहनु उचित हो के? बाछालाई थाहा भयो भने कि जब ऊ अड्डामा गएको हुन्छ अनि मुनिया स्कूलमा, त्यति बेला कढाई बुनाई वा बाछाले ल्याइदिएको उपन्यास पढेर, वा छिमेककी लिलिको घरमा गई गफ नमारी एकाग्र भई अमृतको असहायता बारे सोचिरहन्छे, त्यति बेला उसले ननिको नमान्ला के? अमृत उसको को पर्छ? उसलाई संझिरहन खाँचो के? अमृत त उसको नाता-गोताको होइन, आफ्नो जातको पनि होइन, न उसको स्तर (श्रेणी) को हो; बित्थै पुरानो मित्रताको आड लिएर दयाको भिक्षा माग्न उसकोमा आउने गर्छ, र उसले पनि खुशी मनले दुई-चार पैसा दान दिने गर्छे, यत्ति कुरा लिएर दिनभरिको खुराक बनाउनु त ठीक होइन।

बाछाको घरको बैठक कोठामा बसेर सोच्नका लागि त कैयौं विषय छन्।

मुनियाका लागि 'फ्रॉक'-को लुगा किन्नु थियो, त्यो पनि अझसम्म किनिएन। हुन त उसलाई 'स्लेटी' रङ् रुच्दथ्यो। गाउँबाट बाछाकी आमाले चिठीमा लेख्नु भएको छ। बाछाको पनि एउटै गरम कोट छ, धुन पनि चिन्ता गर्नु पर्छ। एउटा कोट पनि किन्नै छ। उसले पनि कहिलेदेखि, आफ्नालागि चप्ली किन्न खोज्दा भ्याएकै छैन। यत्ति मात्र होइन, पर्सीका लागि त वसन्तलाई खानामा निम्तो दिइएको छ। त्यसका लागि मासु, मिठाई र फल-मुल थुप्रो पो ल्याउन छ।

बसन्त एक्लै आउने भए त केही थिएन तर सुन्दैछु ऊसित, यहाँ नयाँ सह्रुवा भएको पुलिस विभागको डी.एस.पी. कमल पनि आउँछ। केटो ठीकै छ, हुन त बसन्तकै साथी हो; तह परे बाछाकी कान्छी बाहिनीको सम्बन्ध ऊसित मिलाउन सकिन्छ। खानपानका लागि आभालाई पनि 'होस्टेल'-बाट अघि नै डाकिएको छ। ऊ यति लजालु केटी कि अहिलेबाटै संझाइ-बुझाई गर्नु पर्छ नत्र त्यस दिन के के पो भनिदिने हो!

बन्टीले सोचिसंझी गर्नु पर्ने कम्ती काम त छैनन्। चार सालबाट बाछाले एउटा स्वेटरको रट लगाइरहेछ तर अल्छयाइँले उसले बुनेकै छैन। ऊन त्यत्तिकै दराजमा छ। यतिका दिनसम्म त स्वेटर बनिसक्ने थियो तर 'अब जान्छु, केहीपछि जान्छु' भनी सोच्दासोच्दै त्यत्तिकै, भवानी फुपूकोमा गएर डोरो मिलाएर थालनीसम्म गर्न सकिएको छैन। फुपू पनि साह्रै रिसाउनु भएको छ। हिंजाज त बाछा पनि उसलाई खिसी मात्र गर्न थालेको छ। त्यस दिन यतिसम्म भनेका थिए कि यसपल्ट त लिलिलाई भन्नु पर्छ, उसैले एउटा बनाइदियोस्। लिलि!

ऊ पनि खै कस्ती केटी हो कुन्त, बन्टीले त उसलाई बुझ्नै सकेकी छैन। आमा-बाउ पनि उसको वास्ता राख्दैनन्। त्यस दिन, कमलसित सिनेमा हेर्न किन जान परेको थियो? कमलसित मात्रै पनि होइन, कलेजबाट निस्केकी यो तरुणी केटीलाई त मानौं फुर्सतै छैन। ऊ सधैं सधैं पनि कहाँ हिंड्छे र? भेट्नेबित्तिकै भन्छे—'बन्टी दिदी, पख्नोस् त; ऑयल रिफाइनेरीका इंजिनियर मि. मेहता आएका छन्—छेउको घर उनले लिने'रे।' नत्र भन्छे—'विदेशबाट जीतूले साह्रै मायालु चिठी लेखेको छ, सुन्छयौ?' कहिलेकाहीं साह्रै उदासझैं, मन मारेर बसेकी हुन्छे; एकदिन त्यस्तै बेलामा हठातै सोधेकी थिई—'थाहा छ बन्टी दिदी, बाछा दाइसित मेरो बिहा हुने कुरा थियो?' बन्टी लाजले राति हुँदै, अनौठो नजरले ऊतिर हेरी तर केही उत्तर दिन सकिन। त्यसोहुँदा लिलिले स्वयं भनी—'...मैले नै मानिन...'

बन्टीलाई साह्रै रिस उठ्यो, उसको मन लिलिप्रति विद्वेषले भरियो। यो लिलिलाई हाम्रो भेकमा कसले जान्दैन? बाछाले स्वयं लिलिको एउटा चिठी उसलाई देखाएका

थिए; त्यो मानौं कुनै सिनेमाको विज्ञापन हो। तर उनले कहिल्यै भूलले पनि लिलिसित यस कुराको जिकिर गरेनन्। अहिले लिलिको वाचालताप्रति दया उम्रन्छ। मन त हुन्छ—लिलिलाई कसैको जिम्मा लगाएर, उसको सम्पूर्ण अकारण व्यस्तता, वाचालता मेटिदिऊँ।

बिहा नगरेकी केटी त चञ्चल झरनाजस्तै हुन्छे, अस्थिरतामा भट्किरहँदी तर जुन दिन उनीहरूलाई कुनै सरोवरमा आश्रय मिल्दछ, त्यही दिन सम्पूर्ण चञ्चलता नीरव भई लुप्त हुन्छ। त्यसैले नै हो लिलिका कुरा उसलाई राम्रा लाग्दैनन्—हुनत उसलाई राम्रो लागे, नलागेर हुने पो के हो र? लिलिको वाचालतालाई मन पराउनेहरूको यस पृथिवीमा कुनै कमी छ र!

केहीछिनका लागि लिलि हठात् हराएझैं भई, अर्थात् भेटवाट हुन सकेको छैन। न ऊ जान भ्याएकी छ, न लिलि नै आएकी छे। भन्न सकिन्न, शायद बन्टीका कुनै कुराले ननिको मानी कि!

शायद उसले यो सोचिरहेकी होली कि बन्टी दिदी घमण्डी छे। उसले आफ्नो बारेमा अहंकारी भएको धारणा बनाउने मौका लिलिलाई किन दिई? कुरा गर्दा गर्दै ऊ चुप लाग्छे। अकारण नै निधारमा गाँठा पर्छन्, आँखा रिसले अस्थिर हुन्छन्। रिसका यी मूक चिह्न, लिलि जस्ती बुद्धिमानी केटीका आँखावाट अवश्य नै छिपेका छैनन्। शायद त्यसैले नै उसले बन्टीका घरमा न आउने निश्चय गरेकी होली, अभिमानले गर्दा न आएकी होली! तर ऊ किन लिलिकोमा गइन? कुनै कारण? धेरै बेरसम्म सोच-विचार गरी बन्टीले अनुमान लगाई कि लिलिप्रति उसको मनमा विद्वेष उम्रेको छ। किन यस्तो भएको हो, यसको कारण पनि बुझ्न सकेकी छैन। शायद बाछासित आफ्नो बिहाबारे जुन गफ मारेकी थिई त्यसैले हो अथवा बाछाले नै त्यस कुरोलाई गुरुत्व नदिई, हाँसो हाँसोमैं टारेपछि पनि उसको अन्तर मनमा छिपेको शंका नमेटिएको होला! हुन सक्छ, बिहा हुनअघि बाछाको मनमा लिलि प्रति कुनै दुर्बलता जागेको होला अथवा केही नभई बाछाले लिलिसित बित्थै हाँसो गरेको हो! त्यही हाँसोलाई नै उसले ठीकसित बुझ्न सकिन, त्यसैले साँचै भन्ने ठानी? सम्झने बुद्धि कत्ति छैन यस केटीमा।

बाछाले नै कहिल्यै यस साधारण कुराको जिकिर गरिदिएको भए! शायद हाँसोको, यस सानो कुराको, उसले गुरुत्व नै दिएन।

बन्टीलाई पश्चाताप हुन थाल्यो। व्यर्थैको यस सानो कुरालाई लिएर लिलि र ऊ माझ दूरत्व सृष्टि गर्नु उचित न होला। छर-छिमेकमा लिलि छोडी उसका कोही साथी पनि त छैनन्। अरूहरू त मात्र आउँछन्, गफ गर्छन् अनि फर्किन्छन्। इच्छा

गर्दा पनि उनीहरूसित ढुक्कले भन्न सकिंदैन। लिलिबाट पनि टाढिई भने त ऊ झन् एक्ली हुनेछ। बन्टी त्यत्ति बेलै लिलिका घरमा जान तैयार भई। सुत्ने कोठाको झ्याल बन्द थियो। त्यहाँ पुगेर जसै खोली ब्रह्मपुत्र नदीतिरबाट आएको बतासको झोकाले उसको आँचल सर्कायो। ओढ़ने च्यादर ठीकसित जीउमा मिलाएर ऊ 'डेसिङ् टेबल' को अघि उभिएर काँघियोले कपाल मिलाउन थालेकी थिई कि केही टाढा 'सिटी बस' पर्खिरहेकी लिलिलाई देखी। एकपल्ट चिच्याएर बोलाउन मन भयो तर कुन्त किन मन मरेर आयो। ठीकै छ, जहाँ जाने हो जाओस्। घरको नजिकै छ, कुनै बेला भेट्नु पर्ला। लिलिको जीउबाट मानौं एक किसिमको स्वर्णिम, रातो बादल जस्तो आभा निस्किरहेको थियो। उसले पहिरेको मूँगाको मेखला घामको ढल्दो किरणमा चम्किरहेथ्यो। केही बेर एकोहोरो हेरिरहँदा बन्टीलाई लाग्यो—लिलि कुनै कहिल्यै नदेखिने ठूलो फूल हो जो अहिले भर्खरै माटोबाट उम्रेको छ। यत्तिकैमा 'सिटी बस' आईपुग्यो। लिलिले बसमा चढेर उसलाई हेरी औ शायद हाँसी पनि। बस गएपछि भने बन्टीको मन एकाएक विषादले भरियो। बिहा नभएका केटीहरू हेर, कति स्वच्छन्द छन्! जतिखेर मन लाग्यो 'सिटी बस'-मा चढे अनि जहाँ तहाँ गए। ढिलो फर्किंदा पनि कुनै आपत्ति भएन। उनका लागि त आमा-बाउले पनि सबै माफ गरिदिन्छन्, यता गृहिणीलाई भने दुनियाभरका गृहस्थीका झमेला। केटा केटीको देखरेखबाट लिएर चुल्होसम्मका सम्पूर्ण जिम्मेदारीहरू उन्कै छन्।

बन्टी पनि त एउटी आइमाई हो, उसको आफ्नो पनि त कुनै अस्तित्व छ यस कुरालाई त सबैले नै बिर्सिदिएका छन्। अब त ऊ 'बन्टी' होइन—बाछाकी 'स्वास्नी' हो। मुनियाकी 'आमा' बाईकी 'दिदी' अरू पनि ककस्की के के भएकी छे। 'बन्टी' मरी मानौं। औ त्यसको ठाउँमा जन्मेकी छ सिरमा ढाक्ने राखेकी एउटी 'गृहिणी'। यस गृहिणीका सिरमा मात्रै होइन, मन-मस्तिष्कमा पनि आवरण राखिएको छ।

तिर्खाले घाँटी सुकेकाले बन्टी चर्को गरी चिच्याई—'बाई!'

पाक कोठाबाट जवाफ आयो—'हजूर दिदी!'

'चिया बन्यो र?'

'ल्याउँदैछु दिदी।'

चिया ल्याइरहेकी छे सुन्नेबित्तिकै उसको तिर्खा आधा त मेटियो। त्यही बेला बतासको झोंकाले, बकुल फूलको सुगन्ध झ्यालबाट कोठाभित्र भरिदियो। उसको घरका कुनामा बकुल फूल फुलेका छन्, बतासका झोंकाले यही भनेर गयो—सुगन्ध छरेर। उसले झ्यालबाट तल हेरी, हेरिरही—त्यहाँबाट आउ-जाऊ गर्नेहरू कुनै अर्कै दुनियाका जस्ता देखिन्थे। पृथिवी कस्तो रित्तोरित्तोझैं लागिरहेछ। सबै प्राणीहरू शायद

कहीं वनभोजमा गएका छन्, अझै फर्केका छैनन्। यही देखेर कुनै अर्को अदृश्य जगतका प्राणी यहाँ आएर टहलकदमी गरिरहेछन्। ऊ स्वयं पनि नचिनिने जस्ती भएकी थिई। उसलाई लागिरहेथ्यो, यो बकुल फूलको होइन, अरू कुनै अव्यक्त मायाको वास्ना हो। तर कसको?

चारैतिर निस्तब्धता। बाटो पारि मैदानमा एउटा गाई घाँस चर्दै हिंडिरहेछ। त्यसका पछि पछि झुण्डिएको रसीमा वसेका केही कौवाहरू 'काँव-काँव'-को आर्तनाद गर्दै भित्री वेदना व्यक्त गरिरहेछन्।

आकाश स्वच्छ–निर्मल, बादल एकदमै थोरै। टाढैसम्म एउटा आकाशी वातावरण फैलिएको छ; बन्टीलाई लाग्यो तल कसैको बिहा भइरहेछ।

सोच्दा सोच्दै बाईले कतिखेर चिया राखेर गइछ, उसलाई थाहै भएन। बाई शायद पर्खिंदापर्खिंदा थाकेर गई होली। कसैले पछिल्तिरबाट चुल्ठो समातेर हल्लाउँदा मात्र उसलाई होश आयो। पछि फर्केर हेरी–बाछा! लाजले भुतुक्कै भई।

बाछाले भन्यो–'अझ चिया पिएकी छैनौ?'

'पिउँछु' भन्दै वन्टीले कप उठाउँदा थाहा लाग्यो चिया चिसो भइसकेछ।

बाछाले हाँस्दै भन्यो–'चिसो चिया किन पिउनु? जाऊ, तात्तातो चिया ल्याउन भन, मलाई पनि एक ठाउँमा जानछ।'

यति बेरपछि बन्टीलाई ख्याल आयो कि आज त बाछा छिट्टै अड्डाबाट फर्केको छ; उसले सोधी–'कहाँ जानु हुन्छ?'

'एउटा विहा गराउनु छ।'

'बिहा? कसको?'

बन्टीलाई आश्चर्यचकित पार्न बाछाले भन्यो–'अमृतको।'

'अमृतको!' ठूलो तीखो ढुङ्गोमा ठोक्किएझैं आहत भई बन्टी। अमृतको बिहा! अँ, आश्चर्यको के कुरा? बिहा त सबैको हुन्छ। अमृतको पनि भइरहेछ। तर अमृतको बिहा भने उसलाई नसोधी भइरहेछ, यो उसलाई सहन् भएन। अमृतको बिहावारे उसलाई पनि त धेरै भन्न-सुन्न छ, धेरै के के गर्नु छ! तर के? उसले के गर्ने, कसरी गर्ने। उसको मगजमा केही पसेन।

हठातै उसलाई के भयो कुन्त, हातको 'कप' चिप्लेर भुईंमा खस्यो; टुक्रा टुक्रा भयो र सबै चिया पोखियो।

आश्चर्य मान्दै बाछाले सोध्यो–'तिमीलाई के भयो?'

'केही भएको छैन', भन्दै दगुर्दै ऊ पाक कोठातिर गई।

धेरै दिनदेखि जसलाई ऊ आफ्नो एकाधिकार संझिरहेकी थिई उसलाई हठातै

कसैले खोस्यो। उसमा किन हो कुन्त यस्तो धारणा पलाएको थियो कि अमृतको लजिलो अनुहार औ असहाय दृष्टिको पछि छिपेको व्यथालाई दूर गर्न नै भगवानले उसलाई पठाएका हुन्। तर कहिले? उसले केही बुझ्न सकिन। त्यो अधिकार आज अरू नै कोही ऊवाट खोसिरहेछ। को होली त्यो अपहारिणी चुडेल?

अस्थिर हातले उसले चिया-नाश्ता गरी। बाछा पनि तयार भएर आयो र ऊ सामु वस्यो, सोध्यो–'अमृतको बिहाको सम्चारले तिमीलाई छक्क पाऱ्यो? किन?'

'त्यस्तो त केही होइन, अमृत केहीअवि यहाँ आएको थियो; उसले त केही भनेन, त्यसैले।' उसले बहाना बनाई। आफूभित्रको कुरा लोग्नेलाई भन्ने साहस भएन। उसको चाहनालाई त संसारले गलत नै मान्नेछ।

बाछा आश्वस्त भयो। अनि आफैं बन्टीलाई भन्यो–'बिचराको लागि कहिलेकाहीं नराम्रो लाग्छ। अच्छा, पचास रुपियाँ देऊ त'।

'किन?' चिया-नाश्ता परिपाटीले दिँदै बन्टीले सोधी। सबै जान्दाजान्दै पनि, सबै वुझ्दावुझ्दै पनि–त्यसै मनको दुःख भुल्न उसले यो सोधेकी थिई।

'उसलाई दिन' बाछाले उत्तर दियो।

'कहिले चाहिन्छ?'

'अहिल्यै। बिहाको 'रजिष्ट्री' मै नै गर्छु नि!' बाछाले हाँस्दै भन्यो। बन्टीले दराजको साँचो खोलेर पचास रुपियाँ झिकेर ल्याई र बाछाको खल्तीमा हालिदिई।

बाछाले भन्यो–'केटी को हो जान्दछयौ कि जान्दिनौ?'

'को?'

'लिलि। त्यसलाई उसैले नै समाल्न सक्छे।'

बन्टीको हृदय धक्क गऱ्यो। उसलाई उही कुर्ता पहिरेको अमृत कुनै तस्वीर जस्तो देखिन थाल्यो। अनि, उही रातो टाटो, मुटुमा पोल्न थाल्यो। उसलाई लाग्यो रात धेरै भएछ, लिलि अमृतको छातीमा टाउको राखेर, ठीकं त्यहीं जहाँ रातो टाटो थियो, सुतिरहेकी छे, आहा! परम शान्ति!!

उसको सम्पूर्ण जीउ नै धक्धक् गर्दै पोलेजस्तो भयो, छातीमा मार्तोलले हिर्काए जस्तो लाग्यो। ऊ छट्पटाई, चिच्याई–'लि...लि!' उसलाई दगुरेर जान मन भयो, भर्खरै गएर अमृतलाई भनिदिऊँ कि लिलि उसको योग्य छैन, ऊ त बसन्त जस्ताका लागि मात्र हो। लिलि राम्री केटी होइन, त्यसले अमृतलाई बुझ्न सक्दिन, माया दिन सक्दिन। उसले बिहा गर्ने नै हो भने बरु अरूसित गरोस्, ऊ जस्तै केटीसित, जसले उसलाई बुझ्न सक्छे।

बाछा विस्तारो त्यहाँबाट निस्केर अमृतका घरतिर लाग्यो। बाछा जति अवि बढ्दै

गइरहेथ्यो, बन्टीका मनको आगो उति नै हुर्रिरहेको थियो। उसका आँखाअघि दिउँसै अँध्यारो फैलिएको थियो। यस घनघोर अँध्यारोमा उसलाई लाग्यो, लिलि अहिले पनि अमृतको छातीमा, ठीक त्यही रातो टाटोनेर मुख लुकाएर सुतिरहेकी छे। मानौं उसले बन्टीलाई भनिरहेकी छे—'दिदी, यहाँ औधी शान्ति छ, त्यसैले तिमीलाई नभनी, चुपचाप आएँ।'

'लि...लि...!'

❑❑

कन्नड

## यू.आर. अनन्तमूर्ति

# कहिल्यै नसिद्धिने कथा

'Time present and time past
Are both perhaps present in time future
And time future contained in time past.
–T. S. Eliot

बाहिर औंधी जाडो होला।

बूढा बाजे जाडाको संझना आउँदा मनमनै काँम्दै रापिलो चुल्होमा जीउ सेक्न थाल्छन्। कैयौं स्मृतिहरू मनमा आउँछन्...वर्षौं अघिको कुरा...!

उनका बुढिएका आँखाको चमकले आगाको राँकोलाई पनि पछारिरहेको हुन्छ। अनौठो सन्तुष्टि...!

साँचै नै भन्नु हो भने ईश्वरको कृपा मान्नु पर्छ। सुखी जीवन। जहानले भरिएको घर। उमेर बढी भएकाले घरको सम्पूर्ण हेरचाह उनको छोराले नै गर्छ। उसका पनि चार भाइ छोरा छन्। लक्ष्मीजस्ता स्वास्नीहरू छन्। अनि माया लाग्दा नाति-पनाति!

कति भाग्यमानी छन् ती बूढा बाजे!

दुई छाक खाएर पनि रहने अन्न खेतबाट उपजनी हुन्छ। सानै भए पनि राम्रो उपज दिने सुपारीको बगैंचा छ। गोठभरि दुहुना गाई–सबै...सबै नै छ।

अरू धेरै पो के चाहियो र?

नब्बेको पुग्दा पनि जीउ ढुङ्गाजस्तो छ। सबै घरेलु कामकाज छोराले हेरविचार गरे तापनि उनलाई नसोधी कुनै पाइलो सार्दैन। त्यति मात्रै होइन, ऊमा बाउप्रति यति भक्तिभाव छ कि आजसम्म उनको सामु टाउको ठड्याएर उभिएको छैन। तर युवा नातिहरू...आजको युगका हुन् के भो' त? उनीहरूका लागि जिबाउ त आफ्ना बाउभन्दा पनि प्रिय छन्।

भित्रबाट लोरी* गाएको स्वर आइरहेछ—

किन रुन्छौ मेरा कृष्ण!

सबै नै छ तिमीसित...

चारोटा भैंसीको फिंजिलो दूध र चिनी...

जब इच्छा गर्छौ म दिन्छु

सुत मेरा जून, सुत...

यति राम्रो गीत कसले गाउन सक्थ्यो? मेरै बूढी होली...सबैभन्दा कान्छो नातिको छोरालाई कोक्रोमा झुलाउँदै होली।

अँ, त्यस नानीलाई पनि मेरै नाउँ दिएको छ। मेरोजस्तै अनुहार छ। जिद पनि मेरैझैं गर्छ। आजभन्दा अठासी वर्षअघि म पनि यसरी नै रुन्थें। र, मेरी बूढीआमा यसरी नै कोक्रोमा सुताएर लोरी सुनाउने गर्थिन्।

ठीक त्यही नै लोरी!

'किन रुन्छौ मेरा कृष्ण...सबै नै छ तिमीसित...चारोटा भैंसीको फिंजिलो दूध...'

के यस लोरीको अन्त्य हुँदैन?

यही कोक्रोमा नै...म पनि...!

मेरो छोरो पनि...!

छोराको छोरो पनि...!

नातिको छोरो पनि...!

कोक्रो नहल्लाइएको कुनै दिन थिएन। लोरी नगाइएको पनि कुनै दिन थिएन।

मेरालागि यो लोरी कति साँचो थियो!

मेरो घरमा जन्मेका केटा-केटी किन रुनु! जे भने पनि त थियो घरमा। चारोटा भैंसी मात्रै किन, छओटा भैंसी छन्। घरमा जहान पनि धेरै छन्। त्यसकारण हिजो नै छोराले मेलाबाट अझ एउटा भैंसी ल्याएको छ। यी चारोटा भैंसीहरू त यही घरमा जन्मेका हुन्। यसको, यसकी आमाको अनि यसकी पनि आमाको; आमाकी आमाकी आमाको वा अरू कसैको दूध पिएरै म ठूलो भएको हूँ...

हँ! फेरि जिद गर्न थाल्यो। उही ठूलो नातिको छोरो...अरू को हुन सक्थ्यो? कथा सुनाउनु होस्...कथा सुनाउनु होस् न...एउटै रट मेरी बूढीले सधैं सहन पर्ने...

---

* केटा-केटीलाई सुताउँदा गाइने गीत र त्यसको लय।

अँ! मजस्तै छन् हैन त, मेरा पनातिहरू...'जीजूबाका प्रतिरूप' उनका आमाहरू सधैं यही गुनासो गर्ने गर्छन्, किन? बूढाबाजेको अनुहारमा तृप्तिका रेखा देखिन्छन् ...सानोछँदा मैले पनि यस्तै गर्दथें र? बूढीआमाले कथा नभनेसम्म कहिल्यै निदाउँदैनथें, यो त मलाई भखरैजस्तो मनमा छ।

त्यही कथा, ठीक त्यही नै कथा—त्यही, जुन मेरी बूढीआमाले मलाई सुनाउने गर्थिन्।

मैलेझैं नै मेरो नातिले पनि जिद गरेर आफ्नी बूढीआमाबाट त्यही कथा सुनिरहेछ।

मेरी बूढीलाई कसले कथा सुनाएको थियो र? मेरी बूढीआमाले त मलाई मात्रै कथा सुनाएकी थिइन्। यो कथा कसरी मेरी बूढीले जानि?...भन्न सकिन, केही संझना छैन।

मै थिएँ हैन र...?

त्यस दिन, वसन्तका दिन थिए। खेतमा उल्लासितहुँदै काम गरिरहेको बेला—मेरा गालासित उसका गाला छोइँदा...

बूढाबाजेको अनुहार बृद्धावस्थाले झुर्रिएको भए तापनि लाजले भुतुक्क पऱ्यो। उनी मनमनै मुस्काए...

त्यो कथा मेरी बूढीलाई कसले सुनाएको थियो होला?

अरू कसले हुन्थ्यो? मेरा बूढाबाजेले।

उनलाई? उनका बूढाबाजेले...

बूढाबाजेले अगुल्टो ठोस्दै आगोमा राप ल्याउँछन् र पिठ्यूँ सेक्न थाल्छन् अनि आफ्नो सोचाइमा हाँस्छन् पनि।

हो! त्यो कथा, वंश-परम्पराबाटै हामीले सुनिआएको कथा हो। त्यही, कहिल्यै नसिद्धिने कथा। कहिल्यै पनि नसिद्धिने कथा...पाँच, छह, सात, आठ,...यंत्ति मात्रै पनि होइन....वर्षौं सुनाउँदा पनि नसिद्धिने कथा...

जब म आफ्नी बूढीआमालाई सोध्दथें, उनी पनि यही सुनाउने गर्थिन् :

'भोलि यो कथा सिद्धिन्छ?'

'अँ हँ...'

'पर्सी...?'

'अँ हँ...'

'अनि कहिले सिद्धिन्छ त?...'

'कहिल्यै पनि सिद्धिन्न...'



11747

'किन?'

...उसले वर्षौंअघि आफ्नी बूढीआमालाई सोधेकी थिई। त्यतिबेला भने वूढीआमाले बडो गम्भीर स्वरमा भनेकी थिइन्–'...यो कथा सिद्धियो भने बिहानी हुने छैन, अँध्यारो पनि हुने छैन, बुटाहरूमा फल लाग्ने छैनन्, बोटहरूमा फूल फुल्ने छैन अनि नातिहरूलाई कथा भन्नका लागि बूढीआमाहरू जिउँदा रहने छैनन्।'

आज पनि बूढावाजेलाई उनकी बूढीआमाको कुरामा भर छ। त्यो कथा सिद्धिनु हुँदैन। सिद्धियो भने?

...उनकी वूढीआमाले त भनेकी थिइनन् त्यतिवेला के हुने हो?

वूढावाजेका कान बडो तीखा छन्। उनकी स्वास्नीले आफ्ना पनातिहरूलाई जुन कथा सुनाइरहेकी छिन्–त्यसलाई उनी कान ठाडा पार्दै सुन्न थाल्छन्। उनका आँखाअघि आफू सानोछँदा बूढीआमाको काखमा सुतेर सुनेको कथाका दृश्यहरू एकेक गर्दै देखिंदै-अल्पिंदै गर्न थाल्छन्। उनलाई अचम्म लाग्छ–स्वास्नीले ठीक त्यही कथालाई अझ थपथाप गरी भनेको सुन्दा...

बालकलाई सुताउने प्रक्रियामा गम्भीर, काम्दो स्वरमा...कति बेला विस्तारो, कति बेला चर्को स्वर आइरहेछ–

...त्यसपछि...त्यो राजकुमार र राजकुमारी अगाध माया–प्रीतिसाथ जीवन बिताइरहेका थिए...एक दिन उनीहरू मरे। मर्दा पनि दुवै सँगै थिए। मरेपछि दुवै अकासमा गई बादलका टुक्रा बनी जतातत्तै डुल्दै सुखपूर्वक रहन थाले।

एक दिन झरी भएर राजकुमारको रूपको टुक्रा बादल, पानीमा परिणत भई तल झऱ्यो अनि तालको पानीमा मिसियो...त्यतिबेलै राजकुमारी त्यही तालमा माछो भएर जन्मी...यसरी नै जिउने क्रममा रहँदा एक दिन मछौरेले उसलाई छोपेर खाइदियो। तालको पानीमा मिसिएको राजकुमार साह्रै दुःखी भयो, सुर्ताले दुर्बल हुँदै गयो र पुनः बादलमा परिणत भयो...माछोलाई खाने मछौरे पनि एक दिन मऱ्यो र माटो बन्यो। त्यस माटोमा एउटा बोट उम्रियो। हेर छोरा! माछाको रूपमा मछौरेको पेटमा पुगेकी राजकुमारी नै त्यो बोट भएकी हो। बादल भएको राजकुमार पानी बनेर बोटमा पर्थ्यो। एक दिन त्यस स्थितिबाट पनि उनीहरू विच्छिन्न भए। राजकुमारी जून बन्न पुगी, राजकुमार घाम...हेर छोरा! त्यसैले नै जूनले राजकुमारीलाई बोकेर डुलिबस्छ। तर घाम भने क्रूर छ टाढा टाढा भागिहिंड्छ...त्यतिबेला भने राजकुमार र राजकुमारी दुःखले रुन्छन्। एकाबिहानै यो पृथिवीमा शीतका थोपा पर्नुको कारण यही त हो नि!

बालकले उत्सुकतावश माझैमा सोदछ–'बजै, कथा सिद्धियो कि?'

'सिद्धिएको छैन छोरा...'

'भोलि सिद्धिन्छ?'

'कहिल्यै सिद्धिन्न छोरा...!'

'किन बजै?'

त्यस बालकले जसरी आफ्नी बजैलाई सोधिरहेको थियो ठीक त्यसरी नै म पनि आफ्नी बजैलाई सोध्थें, हठ गर्थें। हो, मेरी बजैकै उत्तर अहिले मेरी स्वास्नीले आफ्ना पनातिहरूलाई दिइरहेकी छे। बजैले जस्तै मेरी स्वास्नीले पनि महिनैभरि त्यस कथालाई नयाँ रूपमा, नयाँ ढंगले सुनाउने गर्छे। उसका घरमा जन्मेका सबै बालकहरू यो कहिल्यै नसिद्धिने कथा सुन्दा सुन्दै कैयौंचोटि निदाएका छन्।

यसरी नै...

त्यस राजकुमार र राजकुमारीको कथा पनि धेरैचोटि आकर्षक रूपमा भनेको मैले सुनेको छु। कथाको प्रवाह एकैनास हुन्छ। प्रत्येकपल्ट उनीहरू भेट्टिन्छन्—छुट्टिन्छन् फेरि भेट्टिन्छन्।

यस कथाको कुनै आदि-अन्त छैन...अनन्त रूपमा उनीहरूको प्रीति फूल भएर, ...एक, दुई,...नसिद्धिने कथा। कहिल्यै नसिद्धिने कथा...

मलाई अन्न दिने खेतजस्तै...

मलाई फुल्याउने कोक्रोजस्तै...

लोरी सुनाएर मलाई निद आउने गीतजस्तै...

छोरा, नाति, पनाति यस्तै बेहिसाप।

युगौंबाट एक अर्काबाट सुन्दै, सुनाउँदै चलिआइरहेको कथा...कहिल्यै नसिद्धिने कथा...कहिल्यै नसिद्धिने प्रीति कथा।

अँ, यो कथा सिद्धिनु हुँदैन। सिद्धियो भने?

उनकी बजैले भनेकी थिइनन् त्यतिबेला के हुने हो!

बालक निदायो होला। स्वास्नी आगो ताप्दै गरेका लोग्नेको सामु आएर बसिन्।

'पिठ्यूँमा चिलाइरहेको छ...'

थूक्क! यो स्वास्नी पनि कति सुख्ख चाहन्छे! लोग्नेको सामु लाज पनि मान्दिन। सधैं पिठ्यूँ कन्याउन भन्दछे।

बूढाबाजे हाँस्दछन्, स्वास्नीलाई मर्का परेको आभास हुन्छ; उनी झन् बेस्सरी कन्याइदिन्छन्, दुख्ने गरी।

हो तर, यी बूढाबाजेकी पनि यस्तै थिइन्।

'पिठ्यूँ कन्याइदिए भने आधा राज्य दिनेछु...' भनी नातिहरूलाई फुस्लाउँदै

पिठ्यूँ कन्याउन लाउँथिन्। भएन, अहिले जुन चुल्होसामु बसेर उनी आगो तापिरहेछन्, त्यहीं बसेर बजै पनि आफ्ना लोग्नेसित पिठ्यूँ कन्याइलाउँथिन्।

मेरी स्वास्नी पनि सबै कुरामा मेरी बजैजस्ती भएकी छे। रंग-रोगनमा पनि ...क्याहो, फुको हाँसोको स्वर सुनिंदैछ...

बूढावाजे पिठ्यूँ कन्याउन छोडेर ध्यान लाएर सुन्न थाल्छन्। नाति कान्छो र उसकी स्वास्नी हुनन्।

अन्त के? चौपड* खेलिरहेका होलान्। चारै प्रहर।

कति धैर्यसित हाँसिरहेछन्...उनको प्रीतिको कुरा खै के भन्नु...!

बड्‌वडाउँदा बड्‌बडाउँदै बूढावाजे हाँस्दछन्।

'वपुरा...अझ अल्लरे छन्। विहा भएको पनि त धेरै दिन भएको छैन।' बूढा हाँस्दै कुरा लाउँछन्।

स्वास्नी लाजले नौली दुलहीझैं लोग्नेसित टाँस्सिदै मुस्काउँछे। नातिहरूको कुरा लाउनु ठीक हो त के? कति बाठा बूढा हैं! स्वास्नीको लाजले भुतुक्क पर्दो अनुहार हेरेर थाहा नभएको होला त...धेरैअघि...उनीहरू चौपड नखेलेसम्म, नबाझेसम्म सुत्न गएका थिए होलान् त...कुनै त्यस्तो दिन थियो होला त?

त्यही पासा।

त्यही चौपड।

त्यही बाघगोटी।

बूढावाजेकी बजै, फेरि आफू, पछि उनका छोरा सबैले नै तिनै प्रिय खेलहरू खेलिरहेछन्।

जीवनको प्रवाह अविराम गतिले प्रवाहित भइरहेछ।

कहिल्यै सिद्धिन्छ यो के?

अँ हँ...कहिल्यै सिद्धिंदैन...

त्यो कथाजस्तै प्रीतिपूर्ण यहाँको खेलको पनि समाप्ति छैन। समाप्त भयो भने...?

—मेरी बजैले भनेकी थिइनन् त्यतिबेला के हुने हो!

'त्यतिबेला उज्यालो हुने छैन, अँध्यारो पनि हुने छैन, बुटाहरूमा फल लाएका हुने छैनन्, बोटहरूमा फूल फुल्ने छैनन्...!'

❑❑

---

* भुईंमा बसेर खेलिने एक किसिमको पासाजस्तो खेल।

कश्मीरी

# बशीर अहमद मलिक

# म, हिमपक्षी र त्यो कालो कुकुर

डिसेम्बरको महिना। औधी जाडो। विहान र बेलुकी त झन् अचाक्ली। म अझै पनि खाटमैं पल्टिरहेको थिएँ। साढे एघार बज्न आँटेको थियो अनि जागीर पनि जानै थियो। ढीलो त भयो नै तर कार्यालय जानु पर्ने बाध्यता। मन नमान्दा नमान्दै पनि उठें र हिंड्ने तर्खर गर्न थालें। नुहाउने कोठातिर जसै लागेको थिएँ बाहिर केटा-केटीको होहल्ला सुनें। फर्किएँ। बाहिर हेरें। आँगनमा केटा-केटीहरू घेरिएर उभिएका थिए अनि उपद्रो मच्चाइरहेका थिए।

आफ्नो चुच्चो भुईंमा टेकाएर त्यो यस दुनियाबाट विदा लिन आँटेको थियो। माझ माझमा हिक्का लिन्थ्यो अनि केटा केटीको हल्ला सुनी डरले उड्ने असफल प्रचेष्टा पनि गर्थ्यो। केही उडेपछि नै धम्म गर्दै तल खस्थ्यो। यतिबेलै मेरी स्वास्नीले पनि तलको दृश्य देखी। हामी दुवै तल झर्यौं र केटाकेटीको हूलमा मिसियौं। त्यसले भुईंमा आफ्नो चुच्चो टेकाएर लगातार हिक्का लिरह्यो।

आकाश बादलको ओढनी ओढेर चुप थियो। घरका छाना, पातै नभएका रूखहरू अनि टाकुराहरू सबै कुहिरोले ढाकिएका थिए। उसलाई देखेर आँगनमा उभिएका हामी सबै यति दुःखी थियौं मानौं ऊ हामीभित्रकै सदस्य हो। ख्याल आयो...हिजो जब बादलको माझबाट घामका हलुँगा किरण निस्केका थिए, त्यतिबेला यो हिमपक्षी हिउँ बोलाउँदै...पी! पी!! पी!!!...आफ्नै रागिनी अलापिरहेथ्यो। त्यतिबेला अनायाशै मैले उसलाई सराप्न थालेको थिएँ...'जा तँ दुष्ट, निस्किहाल्!'

अहिले झन् उसको हिक्का बढेको थियो र पँखेटा निष्क्रिय हुन थालेका थिए। त्यसैबेला मैले देखें एउटा कैलो भयानक कुकुरले नजिकैबाट यसैलाई लक्ष्य गरिरहेछ। त्यसका आँखामा भयभाव थियो वा स्नेह म ठोकेर यसै हो भन्न त सकेको थिइन तर उसको मनसाय खोटो भएको हेराइबाट झल्किरहेथ्यो। सायद ऊ हामी त्यहाँबाट निस्कने पर्खाइमा थियो। त्यसलाई देख्नासाथ मेरो शरीरको रगत नै खल्बलियो। मैले भुईंबाट 'गेगर' (ढुङ्गाका सानातिना टुक्रा) टिपें र त्यसलाई खेद्न थालें। केही पछि सहेर ऊ फेरि आफ्ना पछिल्ला खुट्टाका भरले जिब्रो बाहिर निकाल्दै

पुनः पहिलेकै ठाउँमा आएर बस्यो। यस्तो मनमा आयो, म जागीर गएँ र केटा केटीहरू पनि खेल्नमा मस्त परे भने के हुने हो! फेरि सोचें, होइन मेरो सोचाइ निर्मूल हो; यो पक्षी पनि लाचार भएको छ र त्यो पशुले निश्चय यसलाई छोड्ने छैन... फेरि किन...तर होइन, अहिले त यो जीवित नै छ, कसरी यसलाई त्यसको आहार हुन दिनु।

कुहिरो अहिले पनि घरका छानामाथि, रूखहरूमा औ पहाडहरूमा टाँसिएको थियो। केहीबेरपछि छाँट्टिन्छ होला। हिमपक्षी छट्पटाइरहेको थियो अनि हामी असहाय भई त्यसलाई हेरिरहेका थियौं। ठंडी आरम्भ हुनासाथ यसले पी! पी!! गर्दै शीतऋतुको आगमनको सूचना दिनेछ। त्यतिबेला सबैले यसलाई कति कोस्ने हुन्। तर अहिले भने ऊ लाचार शव्दहीन।

अलच्छिन मानिने यो नभचर, अनगिन्ती मान्छेका रिसको थुप्रो हुँदाहुँदै पनि प्रत्येक बिहान साह्रै रुचिले राग अलाप्दै झुमिहिड्छ। आज आफ्नै अवस्थाले विवश छ। कालगति बुझ्दै अचेत झोक्राइरहेथ्यो मानौं युगौंको अभिशप्त आज अनन्तबाटै भूमिमा नतमस्तक पल्टिरहेछ। आज यो मेरा वा अरू कसैका लागि अलच्छिन नभई एउटा लाचार र बीमार जन्तु भइदिएको थियो।

कुहिरो छाँट्टिँदै थियो। घरका छाना र रूख स्पष्ट देखिँदै थिए। पहाड भने अझै पनि कुहिरोले ढाकिएका थिए। सायद कहीं कतैबाट घामका हलुँगा किरण निस्केलान्। चारै दिशामा घामैघाम छरिएला। ठिहिऱ्याउने जाडोबाट त शान्ति मिल्ला अनि फेरि कहिल्यै जाडो नआउला!

कुकुरले टक्टकी लाएर हेरिरहेको थियो। अनि हामी पक्षीका वरिपरि शोक-सभा मनाउँदै उभिएका थियौं। म यो निश्चय गर्न सकेको थिइनँ कि के गरूँ। एकातिर उसको हिक्का बढिरहेको थियो भने अर्कातिर त्यो खैरे चौपाया जन्तु हल्लिने नामै लिन्नथ्यो। जागीर जानु पर्ने विवशता त छुट्टै रंहयो। सोचिरहेको थिएँ, कति निष्ठूरी पशु हो। यो मर्न आँटिरहेछ अनि उसले जिब्रो चाटिरहेछ। हुन त यसमा उसको दोष नै पो के छ र! यो सबै त यस्तै नै चलिरहेछ, चलिरहन्छ।

त्यसैबेला लाग्यो...ठीकै छ मरिरहेछ, मरोस्। जाडाको प्रकोपबाट सबैले शान्ति त पाउलान्। तर ऊ मर्ने बित्तिकै शीत ऋतु पनि निर्मूल होला त के? म यस्तै कति प्रश्नहरू आफैं खोजिरहेछु। जब म कुनै पनि यस्ता प्रश्नको उत्तर खोज्न असफल हुन्छु अनि मलाई लाग्छ कि मैले यस पक्षीलाई त्यस कुकुरको आहार हुनबाट बचाउनु पर्छ। समस्या, यसलाई राख्नु पो कहाँ? यस्तै तर्कनामा केही समय बित्यो। आखिरमा यही निश्चय गरें कि यसलाई आफ्नै कोठामा लैजान्छु। त्यही नै यसका

लागि सुरक्षित ठाउँ हुनेछ। म उसको सामु गएँ। त्यसलाई हातमा लिएँ र हिड्न थालें। तर यो के...एउटै आखिरी हिक्कामा यो शून्य पर्‍यो! मेरा वरिपरि उभिएका सबै ढुङ्गाजस्ता भए। मैले आकाशतिर हेरें, कुहिरो अब तल ओर्लिंदै थियो...हिउँ खस्नै थालेको थियो।

❑❑

डोगरी

## पद्मा सचदेव

# पैतालामुनि

अस्पतालको गेट वाहिरको कच्ची सडकमा बिहानीपखका कलीला घामका किरण गिद्धझैं रिंगिरहेका थिए। परबाट एउटा घोडागाडी तीव्र बेगमा यतै आइरहेथ्यो। टाउको ठड्याएर काली घोडी मस्तले दगुरिरहेकी थिई। घोडागाडी रोकिनासाथ त्यसबाट चौधरी दलीपसिंह तल ओर्ले। यता उति हेरेपछि अस्पतालको गेटसामु पुगी साश्चर्य रोकिए। सबै त्यस्तै नै थियो। गेटअघि झुकेका बेलका हाँगा-बिंगाले आऊ-जाऊ गर्नेहरूका लुगासँग खेलाँची गरिरहेका थिए। 'कर्र' शब्द गरी उघ्रिने गेट, बूढो सिपाहीको वर्दीजस्तै टिकाऊ र रंगहीन जस्तो देखिन्थ्यो। कच्ची गोरेटोमा उनका पाइलामाथिका सुकेका पात केटा-केटीले झैं समातासमात् खेलिरहेका थिए। गेटभित्र पस्नासाथ द्वारपाल ममदुले उभिएर चौधरीलाई 'सेल्यूट' ठोक्यो। अघिल्लोपल्ट चौधरीले उसलाई एक रुपियाँ दिएका थिए। आऊ-जाऊ गर्नेहरूलाई आफ्ना काना आँखाले हेर्ने ममदुको कुकुरले चौधरीलाई देखेर पुच्छर हल्लाइरहेको थियो।

चौधरीले गेटभित्र पस्दा ममदुतिर मुस्कुराउँदै हेरे। चौधरीका पाइलाको हलुँगो स्वर 'ड्यूटी-कक्ष'-अघि पुगेर रोकियो। कुनै 'रिपोर्ट' हेर्न व्यस्त डा. कैलाशले चौधरीलाई देख्नासाथ आफ्नो कुर्चीबाट उभिए। चौधरीलाई आफ्नो समकक्ष पारी, विस्तारो कुराकानी गर्दै बाहिर गेटसम्म आइपुगे। चौधरीका पाइला अहिले केही धैर्यसित चालिँदै थिए।

गेटबाट बाहिर निस्कँदा उनले देखे जीतो अझै पनि पोको जसरी घोडागाडीको पछिल्लो 'सिट'-मा बसेकी छ। कोचवानका हातबाट घोडीले विस्तार स्वाङ् पार्दै घाँस यस्तो किसिमले खाइरहेकी थिई मानौं भर्खरै बिहा गरेकी दुलहीले नाकको मुन्द्री माथि सारेर सान्साना गास मुखमा हालिरहेकी छ।

संगराम छेऊमैं उभिएर उसको पिठ्यूँ मुसारिरहेको थियो। संगरामलाई देखेर चौधरीका मुखको स्वाद नै बिग्रियो। अवश्य, घरबाट निस्कँदा जब ऊ विस्तार आएर चौधरीका गोडा छेऊ, घोड़ागाडीको अघिल्लो सिटमा बसेको थियो त्यतिबेला भने

चौधरीलाई राम्रै लागेको थियो। दुई सेविकाले जीतोलाई उचालेर 'ह्वीलचेयर'-मा राखिदिए र अहिले उनी त्यसलाई भित्र लिएर जाँदै थिए। डाक्टरले अघि सहेरकुर्चीमाथि हात राख्दा जीतोले परेवा जसरी आफ्ना थुँडा अझमाथि खुम्च्याई। भयभित आँखाले उसले डा.-लाई हेर्न थाली। डाक्टरले सोधे—'जीतो, अहिले कस्तो छ?' जीतोले कुनै उत्तर दिइन।

अस्पतालमा लोग्नेमान्छेको 'वार्ड' अघिबाट जब जीतो पार भई, बाहिर बसेको एक जना रोगीले छेड्को हान्यो—'हैन हो, यो त मोटी-घाटी स्वास्थ्य केटी पो रहिछ, यसलाई के भो'? यसका खुट्टा छैनन् कि क्या हो?' सेविकाले ऊतिर कडा आँखाले हेर्दा मात्र ऊ चुप लाग्यो। तिनै सेविकाहरूले राति उसलाई जेउराले बाँधी बलै दूध खुवाएका थिए।

जीतोको कोठामा ओछयान लगाएर राखिएको थियो। एकातिर नर्सले 'चार्ट' टाँस्दै थिई। जीतोलाई ती सेविकाहरूले उचालेर खाटमा सुताइदिए। कुनै डराएको बालकले झैं जीतोले खाटबाट वरिपरिका 'रड' कसक्क समातेर खाटमा टाँस्सिन पुगी।

डाक्टरसित चौधरी विस्तारै बात मार्दै थिए। बाटोमा उनले देखे दुई जना रोगी एक-अर्कालाई खाउँलाझैं गरी हेरिरहेका थिए। डाक्टर मुस्काउँदै उनीहरूको सामु गई उभिए। दुबै रोगीले उनलाई हेरे अनि मुण्टो अर्कातिर फर्काए। डाक्टरले हाँस्दै सोधे—'कसो, अझै मसित रिसाएकी छ्यौ?' दुबैमा कसैले पनि उत्तर फर्काएनन्। डाक्टर भने हाँस्दै आफ्नो कक्षमा फर्के। चौधरीले आत्तिएको स्वरमा सोधे—'यो के भयो कैलाश?'

डाक्टरले भने—'केही होइन, राति दुबैमाझ कुटाकुट् गराउनु पर्‍यो।'

'कुटाकुट्, कसरी?'

चौधरी आत्तिएको देखेर डाक्टरले भने—'यो त साधारण कुरो हो। राति खाट नं. चारको रोगीले नर्ससित बिहा गर्न खोजेको थियो। अस्पतालमा हामी दुईजना मात्र थियौं—म र नर्स। रोगी साह्रै उत्तेजित भयो। भर्खरै बिहा गर्छु भन्न थाल्यो। नर्स डराई। बाहिर निस्कन पनि सक्दिनथी। डर त मलाई पनि लागेको थियो तर डराएर काम नहुने। मैले एउटा उपाए निकालें। खाट नं. चारबाट ध्यान हटाएर मैले खाट नं. पाँचलाई सोधें—'यो नर्स को हो? 'सिस्टर' होइनन् त?' उसले भन्यो—'हो' मैले पुनः सोधें 'सिस्टर'-को अर्थ जान्दछौ?' उसले जवाफ दियो—'बहिनी!'

मैले भनें, तेरी यो बहिनीसित उसले बिहा गर्न खोज्दैछ। सुन्नासाथ खाट नं. पाँचको रोगी ऊसित लड्न भिडियो—'कुन उल्लु हो मेरी बहिनीसित बिहा गर्न

खोज्ने? आमाको दूध चुसेको होस् भने आ, हेर्छु कत्तिको वलियो र'छस्?' अनि दुबैमा छक्कम् छक्का हुन थाल्यो औ बिहाको कुरो हरायो। त्यसपछिवाट यतिखेरसम्म दुबै मसित रिसाएका छन्।

डाक्टरले देखे चौधरीको अनुहार निस्तेज र फुस्रो भएको छ। उनले डराउँदै भने—'जीतोलाई म यहाँ राख्दिन डाक्टर!'

'डराउनु भयो चौधरी साहेव?'

'अँ हँ त्यसो होइन, मेरी जीतो एकदमै अवोध छे; यी सवै देखिभने त ऊ डराउँछे।'

'तपाईंलाई हामीमाथि विश्वास छैन कि क्या हो?'

चौधरीले भने—'विश्वास त छ छोरा, र त यहाँ लिएर आएको हुँ। तर, जीतो मेरी बुहारी मात्र होइन, छोरी पनि हो। अब तरलोक नरहँदा ऊ मेरो छोरो पनि भइदिएकी छे। कुनै तल-माथि भएका खण्डमा मैले गाउँमा कसैलाई मुख देखाउन सक्ने छैन।'

चौधरीको हात समातेर डाक्टरले भावुक हुँदै भने—'तरलोक मेरो पनि त केही थियो। जीतो मेरी पनि त भाउजू हो।' त्यसैबेला जीतोको कोठाबाट चिच्याएको स्वर सुनियो—'अँ हँ, अँ हँ मैले भुईंमाथि खुट्टा राख्दिन।'

चौधरी र डाक्टर तुरन्तै जीतोको कोठातिर लागे। जीतोले हात-खुट्टा बजारिरहेकी थिई। नर्सले उसलाई समातेकी थिई। रुँदै गरेकी जीतोले जब उनीहरूलाई देखी, झन् चिच्याई—'अँ हँ, म आफ्नो वजन जोखाउँदिन। भुईंमाथि टेक्न चाहन्न म। हजुरका खुट्टा छुन्छु—मलाई बाध्य नगर्नु होस्। मेरा बाल्ख, ओह मेरा बाल्ख!!'

डाक्टरले उसको सिरमा हात राख्दै भने—'ठीक छ, तिम्रो वजन जोख्दैनौं। सुतिराख।'

चौधरीले रक्ताम्मे परेको जीतोको अनुहार देखे। झरीको पानीले टम्म भरिएको भाँडोजस्तै भएका थिए उसका आँखा जसमाथि राता गुलाफका फूलहरू तरिरहेका थिए। जीतोले आफ्नो सारीको फुर्को अघि बढाएर दुबै खुट्टा सलवारभित्र खुम्च्याउँदै डल्लो पारेर सुतिरही। डाक्टरले एउटा 'इन्जेक्शन' दिए। विस्तारो उसका आँखा लुका-छिपी खेल्न थाले अनि ऊ खाटबाट एकातिर गुडुलिई। डाक्टरले पसीना पुछ्दै चौधरीलाई भने—'हिड्नोस्, मेरो कोठामा।'

कोठामा पुगेर नहिच्किचाई उनले भने—'अब मैले जीतोलाई यहाँबाट बिसेक नभई लान दिन्न। तपाई जानु होस्, भोलि बेलुका आउनु होला।'

चौधरी 'करीडोर' हुँदै बाहिर आँगनमा आउँदा लागिरहेथ्यो कुनै बाउले छोरीलाई डोलीमा हालेर बिदाबारी गरी फर्किरहेछ। गेटसामु संगराम चिन्तित उभिरहेथ्यो। चौधरीले उसलाई नदेखेझैं गरी घोडागाडीको पछिल्लो 'सिट'-मा गएर थ्याच्च बसे। संगराम, अघिल्तिर कोचवानको छेऊमा गई बस्नासाथ घोडी हिंडी।

चौधरीका निदारू आँखाअघि कैयौं पृष्ठचित्र ताराहरूझैं चम्किन थाले :

तरलोकले जीतोलाई बिहा गरेर ल्याउँदा, सुबेदारको जीपमा हालेर ल्याएको थियो। जीपको अघिल्लो 'सिट'-मा फेटा गुँथेर सगर्व बसेका थिए चौधरी अनि उनको छेऊमा फेटामा झुण्डिएका फूलका मालालाई सठीक पार्दो तरलोक। तलवारलाई उसले घुँडामाथि राखेको थियो। पछिल्तिर जीतोसित माइतबाट आएकी नापितकी स्वास्नी र उसको भाइ थिए। जीपमा दूध-मक्खनका भाँडा पनि थिए। पानीको सुराही र नयाँ बाकस थियो जसमाथि खाकी रङ्को अटैंची गर्भिणीझैं हल्लिँदै थियो। जीपको शीशाबाट भित्रका सामानहरू देखेर उसले सोचिरहेको थियो—मेरालागि सम्धीले कुन्त कस्तो रङ्को कोट पठाइदिएका छन्। उनले पठाएको दर्जीले बडो मज्जाले नापो लिएर गएको थियो। त्यसै बेला जीतोले अनुहार अघिको रातो मजेत्रो सरक्क सर्काएर सुराहीबाट पानी पिएकी थिई। सुराहीबाट निस्केको मधुरो सुगन्धले सम्पूर्ण जीपमैं वास्ना चलिरहेको थियो जस्तो कि पहिलोचोटि पानी पर्दा खेतबाट निस्कन्थ्यो। उसलाई आफ्नो खेतमा राश लगाइएको गहुँको संझना आयो। त्यसैबेला जीतोले सुनका चुराले भरिएको हात माथि उचालेकी थिई।

सासुका खुट्टा मल्न राति जब बुहारी गोडा छेऊमा बस्दथी, केही न केही निहूँ पारेर चौधरीले बूढीलाई डाक्थे। अनि त गहुँका बालाजस्तै खुशीमा झन् खुशी थपिन्थ्यो। दुई नाति मानौं गुलाफ र केसर; उस्तै फक्रेका, उस्तै ताजा।

त्यस अलच्छिने साँझभन्दा अघि घर स्वर्गजस्तो थियो। मानिसहरूको भनाइमा त उनको एउटै छोरो थियो तर चौधरी भन्थे पढे लेखेर पनि तरलोकले आखिर खेती नै त सम्हालेको छ, कस्तो भरिभराउ थियो उनीहरूको संसार।

चौधरीको मुखबाट एउटा उछ्वास निस्कियो। घोडागाडी कहीं नराम्ररी ठोक्किएछ, घोडी कराई। चकित हुँदै चौधरीले सोधे—'के भयो हँ?'

कोचवानले तल ओर्लिंदै जवाफ दियो—'कतिपय दुष्ट केटाहरूले बीचबाटोमा ढुंगा राखेका रहेछन्। संगरामले ढुंगा तर्काइरहेछ।'

चौधरीले आँखाबाट बगिरहेका आँसू पुछे। उनलाई लाग्यो कि थाहा छैन कसको स्वर्ग कतिखेर घोडागाडीको तल पर्न सक्छ! घोडागाडी फेरि हिड्नासाथ उनलाई निद

लाग्यो। भोलि छिट्टै फेरि बिहान अस्पताल आउनु पर्छ। यात्रा त एकाबिहानै जाति हुन्छ।

अस्पतालमा उदाउने बिहान सधैं थाकेर आउँछ किनभने यहाँ रात त हुँदैन नै। न चानोमानो, न रातिको शान्त वातावरण। फेरि, मगजका रोगीहरूको यस अस्पतालको रात त अलिकति उङ्न पनि पाउँदैन।

ओखतीको प्रभावले गर्दा जीतो रातभरि सुतिरही। बिहानीपखको अनौठो हल्लाले उसलाई ब्यूँझायो। यस अस्पतालको विशेष हल्ला थियो यो।

त्यतिखेरै चेत आएपछि उसले आफ्ना खुट्टा फेरि खुम्च्याई। धाई आएर उसको हात-मुख धोइदिई। उसलाई दूध पिउन दिई। दूधको गिलास देखेर जीतोलाई आफ्ना छोराहरूको संझना आयो। भनी—'म दूध पिउन्न। म केही पनि पिउन्न।' धाईले प्यारो गर्दै भनी—'डाक्टर साहेब आउँदै हुनुहुन्छ।' जीतोको उत्तर—'म के गरूँ त? तिमीहरूले मलाई किन सताइरहेछौ? क्षमा गर, मलाई छोड़। म दूध पिउन्न।' नर्सले धाईका हातबाट गिलास लिई र जीतोको छेऊमा बसेर उसको पिठ्यूँ सुम्सुम्याउन थाली। बिस्तारै उसले गिलास टेबिलमाथि राखी। गिलास देख्नासाथ जीतोले हातले हिर्काएर फालिदिई। छङ्ग्रङ्ग स्वर भयो अनि जीतोले देखी ढोकामा डाक्टर उभिएका छन्। डाक्टरले शीशाका टुक्रा बटुल्दै मेत्तरलाई अह्राए—'केहीपछि यिनलाई' 'ह्विल चेयरमा' बसालेर बगैंचातिर लैजाऊ।'

जीतो चिच्याई—'जान्न, म जान्न।'

डाक्टरले कडा आदेश दिए—'तिमी जानै पर्छ।' यति भनेर उनी 'राउण्ड'-मा निस्के।

बगैंचामा डाक्टरले 'ह्विल चेयर' आफ्ना हातमा लिए र बिस्तारो चलाउन थाले। निरुद्देश्य यता उता डुल्दा सोचिरहेथे कसरी कुरा थालूँ!

बिस्तारो उनले भने—'जीतो, तिमीलाई मप्रति विश्वास छैन?' जिद्दी केटा-केटीले झैं जीतोले जवाफ दिई—'छैन, मेरो कसैप्रति विश्वास छैन।'

डाक्टरले कुर्ची उभ्याए। फेरि बिस्तारो सोधे—'के म तिम्रो शत्रु हुँ? हेर कति रोगीहरू छन् यहाँ। सबै नै निको भएर आफ्नाआफ्ना घर फर्किन्छन्। म चाहन्छु तिमी पनि निको भएर आफ्नो घर जाऊ।'

जीतोको जवाफ—'मलाई के भएको छ र? म त एकदमै ठीक छु।'

'साँच्चै', डाक्टर केही अघिल्तिर झुक्दै बोले—'म पनि त यही भन्छु। तर तिमी आफ्ना खुट्टाले किन भुईंमा टेक्न चाहन्नौ?'

जीतोले साह्रै दुःखी मनले सोधी—'भुईं कहाँ छ, डाक्टर?'

डाक्टरको स्वरमा भने दृढता थियो। उनी बोले—'यहाँ, मेरा खुट्टा तल। यहाँ भुईं छ, तिम्रो कुर्चीको तल, यस रूख तल, जता ततै भुईं छ।'

जीतोले कसेर कुर्ची समाती। अनि भनी—'डाक्टर, मेरा खुट्टा तल भुईं छैन। मेरा खुट्टा तल त अँध्यारो छ जसमा म मेरा छोराहरूको अनुहार देख्छु। मेरा छोराका अबोध अनुहार। मैले माटोमाथि टेकें भने मेरा छोराहरू कुल्चिने छन्।'

'अब त मेरा कुनै सन्तान पनि हुँदैनन्। म के गरूँ?'

डाक्टरले गम्भीर भई भने—'तिमी चेष्टा त गर।'

जीतो रँकिई—'आफ्ना छोरालाई कुल्चने चेष्टा! तिमीहरू सबै यही चाहन्छौ? म मर्छु बरु माटामा आफ्ना पैताला टेक्दिन। डाक्टर, मेरा छोराहरूका अनुहार तिमी देख्दैनौ?' यति भनेर ऊ सुँक्क सुँक्क गर्दै रुन थाली। डाक्टरले जीतोको कुर्चीलाई बिस्तारो चलाउँदै 'रेलिङ'—सम्म लगे। अघिल्तिर पहाड थियो। माटोमाथि मखमली घाँस। डाक्टरले घाँसतिर देखाउँदै भने—'जीतो हेर, यो माटो हो। यसमा घाँस उम्रेको छ। यति सानो दूबो, यसलाई पनि पृथिवीले आश्रय दिएको छ। यसैको आडमा फूलेका साना साना फूल देखेकिछयौ? इनलाई कसैले चुल्ठोमा सिउरन्न, न मन्दिरमैं चढाउँछ। कसैले पैतालातल कुल्चिन्छन्—केहीछिनपछि ती आफैं सिर उठाएर हलक्किन्छन्। देख्दैछयौ, तिम्रै कुर्चीको चक्कातल च्यापिएको यो दूबो कसरी पुनः सोझिंदैछ।'

जीतोले तल हेरी अनि रुन थाली, रुँदै भनी—'डाक्टर, म दूबो होइन—दूबो एक्लो छ। मेरा जिम्मेदारीहरू धेरै छन्। मेरा छोराहरू कसैको चक्कातल च्यापिने छैनन्।'

डाक्टरले अघिल्तिर हेरे, घाम सिरमाथि आइसकेको थियो। सम्पूर्ण दिन उज्यालो भइसकेको थियो। उनले टाढाबाट आउँदै गरेकी नर्सलाई केही संकेत गरे। नर्स, रोगीलाई लिएर कोठातिर लागी।

साँझसम्म जीतो आफ्नो खाटबाट हल्लिन। भेटघाटको बेलामा चौधरी आफ्ना दुई नातिका हातका औंला समातेर अस्पतालमा आइपुगे। जीतोले छानातिर हेरिरहेकी थिई। कोठामा छोराहरूको प्रवेशले गुलाफ र केसरको वास्ना चलेजस्तो भयो। फर्केर हेरी—छोराहरूले ऊतिरै हेरिरहेका थिए। जीतोले, साँझपख बनबाट चरेर फर्केको गाईले झैं कराउँदै आफ्ना दुई बाच्छालाई अँगालो हाली। पिठ्यूँमा हातले मुसार्दा मुसार्दै हठात् दुवै छोराका लुगा फुकालेर कोठामा फाली र बेस्मारी चिच्याउन थाली—'हुँदैन, ...मेरा छोराले नयाँ लुगा लगाउँदैनन् यी 'ट्रक' तल किच्चिने छन्। पैतालामुनि

परेर कुल्चिने छन्। कुन शत्तुरले मेरा छोराहरूलाई नयाँ लुगा लगाइदिएको हो? कसले...'

कोठामा गह्रौं स्थिति फैलियो। चिच्याहट सुनेर जसै डाक्टर कोठाभित्र पसे, चौधरीले उनका दुवै खुट्टा समाते—'मेरी बुहारीलाई निको पारिदेऊ, डाक्टर।' उनको स्वरमा विवशता थियो अनि आँसू गालामा अडिएका थिए। डाक्टरले चौधरीलाई उचाल्दै भने—'यो के गर्नु भएको तपाईंले, आउनु होस् मसित।' डाक्टरले उनलाई 'कार्यालय कक्ष'-सम्म लिएर गए।

जीतोका दुवै छोरा भयभीत परेवाझैं उभिरहेका थिए। मानौं भर्खरै विरालाले झम्टियो। जीतो मुर्छा परिसकेकी थिई। भयभीत संगराम, जो यतिबेलासम्म ढोकामैं उभिएर हेरिरहेको थियो—अघि सर्‍यो र दुई बालकलाई उचालेर बाहिर निस्कियो। गाडासामु पुगेर उसले घोडीको लगामका एकेक टुप्पा उनीहरूको हातमा दियो। केटाहरू खुशी भए। घोडीले भूस खान थाली।

चौधरीसँग डाक्टर पनि बाहिर निस्के। संगरामले दुई हात जोर्‍यो। डाक्टरले सोधे—'संगराम, कस्तो छस्?' संगरामले जवाफ दियो—'सञ्चै छु।' डाक्टरले फेरि भने—'तँ तरलोकको असल साथी होस्। तैंले नै उसको खेत सम्हालिरहेछस्। मलाई यस्तो लाग्छ, तरलोकसँगको बन्धुत्वको ऋण तँ एक्लैले नै चुकाउँदैछस्।' संगराम बोल्यो—'होइन डाक्टर, मैले त केही पनि गरेको छैन उसकालागि। ईश्वरको मर्जी। उसको ठाउँमा त्यस दिन मैले 'मोटर साइकल' चलाएको भए सायद आज यो दुर्दशा हुने थिएन। मेरापछि रुने त कोही थिएन नि!'

डाक्टरले उसलाई केटाहरूसित अघिल्तिर बसालिदिए। घोडी हिंडी। आज फेरि पछिल्तिरको 'सीट'-मा चौधरी एक्लै थिए। आज पनि ख्यालहरू उनको विगतमा हाम फालिरहेका थिए। कुहिरो पनि लागेको थियो। तरलोक यस्तै दिनमा मोटर साइकल लिएर घरबाट निस्केको थियो। नजिकैको आफ्नो खेतबाट आउँदै गरेको संगराम पनि केही नभनी पछिको 'सीट'-मा बसेको थियो।

गल्लीको आखिरी घुम्तीमा पुगेर मनिहारीको पसलबाट उसले माटे रङ्को एउटा भित्री गञ्जी र कट्टू किनेको थियो। सामानको पोको भने उसले संगरामको हातमा राखिदिएको थियो। त्यही पसलेले त भनेको हो—त्यस ठाउँबाट अघि लाग्दा आइपर्ने घुमौरोमा उताबाट द्रुत गतिमा आइरहेको ट्रकसित मोटर साइकल भिडियो र पल्टियो एकातिर। संगराम उछिट्टिएर काटेर राखेको घाँसको थुप्रोमा फ्याँकिएको थियो। टाउको घाँसमा अनि खुट्टा कुनै साह्रो वस्तुमा ठोक्किएका थिए, जहाँ घाँस बेच्न

लिएर बसेकी युवतीको चाँदीको मोटो बालाले काटेर खुट्टाको मासु चिरिएको थियो। तरलोक त त्यहीं नै निष्प्राण परेको थियो।

संगरामले नै तरलोकलाई उचालेर डेरा ल्याएको थियो। उसलाई संझना छ आँगनमा पछारिँदै बिहोश भएकी जीतो अनि तरलोकको मृत देहमा हातले मुसार्दै रोइरहेकी उसकी आमाको बिलौना। त्यसपछि त संगराम पनि बिहोश भएको थियो। जीतोको पनि त्यतिखेरवाटै यो गति भएको हो। संगरामलाई देख्नासाथ घरका सबैमा रिस उम्रन्छ मानौं संगरामले नै तरलोकलाई मारेको हो। यसपल्ट संगरामले उखु-खेतिको सारा काम आफैंले गऱ्यो तर जीतोले गुँड भने घरमा ल्याउनै दिइन। संगरामलाई यो पनि थाहा छ कि उसको पिठ्यूँपछि सबै भन्छन्-ऊ किन मरेन। तरलोक मरेकाले यत्रा परिवारको दुर्दशा भयो, संगराम मरेका भए कसैको पनि केही जाने थिएन। संगरामले धेरैचोटि आफ्ना कानले सुनिसकेको छ। तर ऊ त्यति वास्ता राख्दैन। ऊ धेरै पढे लेखेको नभए तापनि खेतिको काममा भने सिपालु छ।

तरलोकको खेतिपाति ऊ छँदा पनि संगराम नै देखरेख गर्थ्यो। तरलोक मरेपछि त झन् सम्पूर्ण भार नै उसको जिम्मामा आइपरेको छ। चौधरीले सबै परिवर्तन नै लक्ष्य गरिरहेका थिए तर कहिल्यै सोझो मुखले ऊसित बोलेका छैनन्। संगराम धेरैचोटि चौधरीको घरबाट बेइज्जत भई निस्केको छ तर पुनः फर्कन विवश पनि छ। उसलाई यो पनि थाहा छ कि यस उमेरमा चौधरीले यत्रो खेतिको रेखदेख गर्न सक्दैन। चौधरी एक्लो नहोस् भन्नका लागि नै संगराम ऊसित अस्पताल पुग्छ। जीतोलाई देखेर अपराधबोध त हुन्छ तर गरोस् पो के ऊ!

जीतो पनि अविभन्दा निको हुँदै गइरहेकी छे—पैताला भने माटोमाथि राखेकी छैन। आज फेरि डाक्टरले उसलाई बगैंचामा लिएर गए। आफूभने रातभरि सुतेका थिएनन्। भुईंबाट एक मुठी माटो लिएर सोधे—'भाउजू, यो के हो?'

'माटो' जीतोले सशंकित उसलाई हेरी र भनी '...तर म तल पाइला टेक्दिन!'

'किन? जिन्दगीभरि नै कुर्चीमा बसिरहन्छ्यौ के? तिम्रा छोराहरूलाई तिम्रो खाँचो छ जीतो! स्याब्बास।'

जीतोले भनी—'मलाई पनि त खाँचो थियो उनको। कसैलाई उनी किन देखिन्नन्?'

'उनलाई बिर्स जीतो, अब भविष्यको बारेमा सोच।'

'हो, भुईंमा पाइला टेकूँ, हैन त? तर भुईं कहाँ छ डाक्टर साहेब। तल त सर्प छन्—काला काला नाग।'

'होइन जीतो,' डाक्टरले दृढ भएर भने, '...यो भुईं नै हो। बौलाहीजस्तो कुरा नगर तिमी। आऊ, म तिम्रा पाइला भुईंमा राखिदिन्छु।'

जीतो कतै हराएझैं भई। स्वर कतै टाढाबाट आएजस्तो लाग्यो। एक ठाउँमा दृष्टि-केन्द्रित पार्दै भनी–'डाक्टर, तपाईले कण्डी प्रदेशका कुआहरू देख्नु भएको छ? तिनमा कहीं न कहीं तला त छन् नि। मैरा पैतालामुनि त ती पनि छैनन्। कति भयंकर अँध्यारो छ। कस्तो अँध्यारो खाण्डो हो जस्तो कि अन्धा कुआहरू, अन्धा खाल्डा अनि सर्प। उज्यालोका किरण कतै देखिंदैनन्। डाक्टर, तपाई जिद नगर्नोस्। मैले भुईंमा पैताला टेक्दिन।'

डाक्टरले सोधे–'जीतो, कांध हालेर बिस्तारो तिमीलाई म हिंडालूँ त?' जीतो अनायाशै रिसाई–'मलाई काँध हालेर हिंडाल्ने तिमी को हौं? मसित सँगै हिंड्ने मेरो ईश्वर त खोसियो। मेरा छोराहरू खोई? कहाँ छन्? भन, भन। मेरा त अब अरू सन्तान पनि हुन्नन्।' यति भनेर जीतो रुन थाली।

यस कुराको डाक्टरसित कुनै उत्तर थिएन। उनी खल्तीमा हात हालेर चुपचाप उभिएका थिए। त्यसै बेला 'पुरुष-कक्ष'-बाट चिच्याएको स्वर सुनियो। मान्छेहरू दगुरिरहेथे। डाक्टरले नर्सलाई डाके र जीतोलाई 'वार्ड'-मा लैजाने संकेत दिए अनि आफू त्यो स्वर आएतिर लागे। डाक्टर यतिबेला केही निराश देखिन्थे।

बेलुकी चौधरीले आएर सोधे–'जीतो कस्ती छ अहिले?'

जवाफ फर्काउँदै डाक्टरले भने–'समय त लाग्छ नै। चेष्टा गरिरहेछौं। तरलोकको मृत्युको गहीरो आघातले उसको हृदय र मगज निश्चेत भएका छन्।'

चौधरीको गंभीर बोली निस्क्यो–'हाम्रो कर्मै खोटो। ऊ त रहेन–बुहारी न जिउँदी, न मुर्दा भई। ऊ मेरा नातिहरूकी आमा हो कैलाश।'

'डाक्टरले त चेष्टा मात्रै गर्न सक्छ, कांका। धैर्य राख्नोस् जीतो स्वास्थ्य हुन्छिन् भन्ने मलाई विश्वास छ। तपाईं उसको कोठामा जानु होस्।'

चौधरी निस्कने बित्तिकै संगराम आइपुग्यो। सानाछँदा यी सबै नै पीपलको रूखतल बसी चिलिम तान्ने अभ्यास गर्दथे। डाक्टरले उसलाई देख्नासाथ त्यस घटनाको संझना आयो। उनले बडो धैर्यसाथ भने–'संगराम, लाभ त तैंलाई नै भयो। हामी त घाटाको घाटामा नै पऱ्यौं। राति सुत्न पनि सक्दैनौं।'

संगराम भन्न थाल्यो–'म पो कहाँ सुत्न सक्छु र। भन्न सक्तिन कस्तो हुने हुनामी तरलोकलाई लिन आएको थियो। झन् आफूसित मलाई पनि जोडिदियो।

अब न छोड्न सकेको छु, न साथ दिन। आफ्नो खेति हेरूँ कि तरलोकको। त्यहीमाथि यो बिमारी।'

डाक्टरले संझाए–'सबै ठीक हुन्छ। चिन्ता नलिई। तैंले आफ्नो कर्त्तव्य गर्दै जा।'

केही दिन डाक्टरले त्यतातिरको हेर-विचार छाडिदिए। सधैं जान्थे, जीतोका अघि उभिन्थे अनि फर्किन्थे। अस्पतालको निरीक्षणमा जीतोको अनुहार, पहिलो झरी परेर धोइएका रूखहरू जस्तै चम्किलो भएको थियो। खानपिन पनि राम्रै थियो। चौधरी आउँथे अनि फर्केर जान्थे। उनका फूलेका रौंहरूमा निराशाको कम्पन भइरहेथ्यो। उनले आफ्ना नातिहरूलाई दोस्रोपटक अस्पतालमा ल्याउने साहस गरेनन्। जीतो सधैं डराएजस्तो देखिन्थी। कसैलाई केही सोध्धिनथी। अस्पतालको मशीनी जिन्दगीमा ऊ एउटा पुर्जाजस्तै 'फिट' भएकी थिई। प्रत्येक नयाँ दिन पुरानोजस्तै। न कुनै विहानको स्वच्छता छ, न दिउँसको सौन्दर्यता, न बेलुकीको उदासी। आश्चर्यका दिनहरू बितिरहेका थिए।

एक दिन डाक्टर आएर जीतो बस्ने खाटको कुनामा बसे। जीतोले डराउँदै उनलाई हेरी र टेबुलमा राखेको गिलासको दूध सास नफेरी पिएर सकी, जस्तो कि पाठशालामा पढ्ने सानो बालक आमा रिसाएको देखेर, चुटाइखाने डरले, केही नबोली किताबको झोला बोकेर सींढी ओर्लंदै बाहिरिन्छ। फेरि उसले डराउँदै डाक्टरतिर हेरी।

डाक्टरले बिस्तारो सोधे–'बिहा हुन अघि तिमी के गर्थ्यौ, जीतो?'

'पढ्थें।'

'स्कूल त जान्थ्यौ हैन?'

'अँ।'

'केमा जान्थ्यौ?'

'हिंडेर', संकोचित स्वरमा बोली। डाक्टरलाई देखेर जब साहस आयो, धाक देखाउँदै भनी–'हामी सबै केटीहरू एकैचोटि जान्थ्यौं। तरलोक भने साइकलमा जान्थे। तपाईं पनि त सँगै जानु हुन्थ्यो।'

'हो, म पनि थिएँ। तिमी हिंडेर स्कूल जान्थ्यौ? थाक्दिनथ्यौ?'

'अँ हँ, सबै केटीहरू बात मार्दै हिंड्थ्यौं। हिंडेको थाहै लाग्दैनथ्यो।'

'हो, तर तिमी हिंडेरै जान्थ्यौ हैन त?'

'हो त, तपाईंलाई त थाहै छ।'

'त्यसो हो भने अहिले किन हिंड्दिनौ?'

'अहिले कसरी हिड्ँू डाक्टर साहेब, अहिले त मेरा खुट्टा तल भुइँ नै छैन।'

'त्यति बेला के हुन्थ्यो?'

'मलाई थाहा छैन। त्यतिबेला म मात्र आकाशलाई हेरेर हिड्थें।'

'त्यसो भए अहिले पनि तिमी आकाशलाई हेरेर भुईंमा टेक।'

'हुन्न...' जीतोले चिच्याउँदै भनी—'अहिले म आकाशलाई हेरेर हिंड्न सक्दिन। मेरो सम्बन्ध माटोसँग छ। मेरा छोराहरू छन्। अनि खुट्टा तल माटो छैन। हठातै जीतोले सोधी—'म मर्न त मर्दिन डाक्टर!'

'मर्दिनौ, तिमी मर्दिनौ। तर आज तिमी हिंड्नै पर्छ। जसको सम्वन्ध माटोसँग भएको हुन्छ, ऊ माटोमै हिंड्नु पर्छ। हिंड, म तिमीसित हिंड्छु।'

जीतोले पीडायुक्त स्वरमा तर आत्मविश्वास आएझैं बोली—'हुन्न, तिमी मसित हिंड्नै सक्तैनौ डाक्टर! तिमी रित्तो छौ, म भरिएकी छु।'

उसको भनाइलाई वेवास्ता गर्दै डाक्टरले भने—'तिमी मेरो काँधमा हात राखेर हिंड्ने चेष्टा गर।'

सुन्नासाथ जीतो गर्जिहाली—'हुँदैन, म हिंड्दिन। मलाई थाहा छ म अँध्यारो खाल्डोमा खस्छु अनि मेरा छोराहरू खाल्डोको डीलमा उभिंदा उभिंदै ढुङ्गो हुनेछन्। सबै सिद्धिने छ। सबै।'

डाक्टरले भने—'तिमीले भुईंमा पाइला त टेकिहेर।' अनि खाटको तल जीतोका खुट्टा झुण्डयाइदिएर उसलाई बसाले। जसै डाक्टरले उचाल्न जीतोको काँध छोए। ऊ चिच्याउन थाली—'हिंड्दिन, म हिंड्दिन। हेर है, तल भुईंमा मेरा छोराहरू छन्। उनीहरू कुल्चिने छन्। म हिंड्दिन...' ऊ चिच्याएको सुनेर नर्सहरू भित्र आइपुगे। त्यसै बेला चौधरी पनि भित्रिए। उनका पछि पछि संगराम थियो। दुवै जीतोको भयानक रूप देखेर डराए।

डाक्टर बडो नम्रताले बोले—'जीतो, मतिर हेर। हेर, को आएको छ।' जीतो फेरि पनि चिच्याई—'मैले पाइला टेक्दिन। कहाँ छ भुईं? म किन देख्दिन? मलाई यहाँबाट लिएर हिंड। म यहाँ बस्दिन।'

भित्तोसँग टाँस्सिएर हेरिरहेको संगरामले आफ्ना मोटा, ठुल्ठूला खस्रा हात खाटको तल राख्दै भन्यो—'लौ, इनमाथि पैताला टेक। यसबाट तिमी लड्ने छैनौ।'

जीतोका खुट्टा डाक्टरले ती हातमाथि राखिदिए। जीतो केही काँपी तर हात भने दह्रा थिए। पाइला ढल्पलाए। पैताला खुम्चिए। फैलिए। फेरि खुम्चिए। जीतो सोझी भएर उभिई। उसका आँखा बन्द थिए।

धेरै महिनापछि उभिन पाएको अनुभूतिले भरिई। कोठामा चानोमानो थियो। 'वार्ड'-हरूबाट सबैले जीतोको कोठातिर हेरिरहेका थिए।

जीतोका आँखा भने अझै बन्द थिए। उसलाई लागिरहेथ्यो उसका दुवै खुट्टा कुनै टापुमाथि उभिएका छन्। यी टापुहरू भरिएका छन्। यसमाथि उसका छोराहरू खेलिरहेका छन्। ससुराले हुक्का गुड्गुडाइरहेका छन्। सासुले मोही पारेर निकालेका नौनीका ठुल्ठूला डल्ला हातमा तौलिँदैछिन्। यी दुई डल्ला उसका छोराहरू हुन्। आँखा चिम्लेर उसले आफ्ना दुवै खुट्टा भुईंमा राखिदिई। उसका पैतालामुनि सम्पूर्ण विश्व नै खुम्चिएर आएको थियो।

❑❑

तेलुगु

# गोविन्द राजु रामकृष्ण राव

## पात*

नागले आफ्नो छायाँ हेऱ्यो। अनुमान लगायो। वाह्र बज्न आँटेको छ। उसका पाइला अघि सर्दै गए र घुमौरो गल्लीमा पुगेर अडिए। त्यहाँबाट स्पष्ट देखियो। ऊभन्दा सानो एउटा केटो आँगनको वरिपरि घुमिरहेको छ। अझ अघि पुग्दा साँच्चै सम्पूर्ण जीउ स्पष्टियो। उसले मनमनै सोच्यो—यतिबेला यस ठाउँमा मबाहेक त अरू कुनै केटो नआउनु पर्ने?

आन्ध्रका घरहरूमा पातमा भात खाने चलन हिंजाज पनि छँदैछ। अनि ती पातहरूमा खाइवरी उठ्दा अभावमा परेका प्राणीहरूका तृप्तिका लागि केही जूठो भात वा अरू खाने कुरा छोड्ने पनि चलन छ। त्यो आँगन सामुको डेरामा बहालीमा बसेका परिवारका आमा-बाबुको आधा उमेर सिद्धिएको छ—उनीहरू सधैं एकबेला मात्रै भोजन गर्छन्। राति फलादि खान्छन्।

नागलाई आँगनमा देखेर त्यो सानो केटो केही डरायो। नागले उसलाई अघि कहिल्यै देखेको थिएन।

सोध्यो—तेरो नाउँ के हो?

—रंगा।

—कहाँ बस्दछस्?

—पोखरी छेउको बरको रूख तल।

—यहाँ कसरी आइपुगिस्?

—हिज टाढाबाट देखें, आँवैले यसैबेला आफूले खाइवरी रहेको पातसितै फालेकी थिइन, तिमीले केही खाइरहेका थियौ।

—'तँ यता आउन थालिस् भने म कता जानु?' रिसाउँदै सोध्यो नागले।

—बेस्सरी भोक लागेको छ, दाइ।

केटाको स्वर वेदनायुक्त थियो। उसका आँखा आँसूले भरिएका थिए। नागको

---

* पात शब्दलाई तेलुगुमा 'विस्टारी' भनिन्छ।

उमेर दस काटेको थिएन। सातै समुद्रका डरलाग्दा स्वर एकैचोटि ध्वनित भएझैं र चौध भुवन एकैचोटि फाटेझैं लाग्यो नागलाई त्यो सानो केटाका शब्द सुनेर।

सम्पूर्ण जगतलाई नजानेको भए पनि भोकलाई राम्ररी जानेको छ नागले। ऊ अक्कासरह अग्लियो। उसका विचार पनि यति विस्तृत भए कि सम्पूर्ण जगत नै त्यसमा ढाकिन सक्थे। अनि उसको हृदय दसोटा केटा-केटीकी आमाको जत्रो भयो।

'भाइ' भन्दै नागले रंगालाई समात्यो। भन्यो—'भातको पात तँलाई दिन भन्छु आज आँवैलाई।'

'दाइ, तिम्रो?' रंगाको स्वर आर्द्र परेको थियो।

'मेरो? मेरालागि चिन्ता नलेऊ' नागको स्वरमा वेदान्ती भावना आएजस्तो थियो।

'हुन्न दाइ, दुवैले एकेक पात लिउँला नि।'

'दुवै पातको भात जोर्दा पनि एउटाको आधा पेट हुन्न। तँ सानो छस्। तैंले दुवै पातको खानु। म अर्को घर हेर्छु।'

'हुन्न दाइ, बरु म नै अन्त जान्छु।'

'म उमेरमा ठूलो छु, तैंले यहींको खा' नागले आग्रह गर्दै भनेको थियो।

त्यसैबेला ढोका उघ्रियो। आँवै बाहिर निस्किन। दुवैका आँखा आँवैतिर फर्के। आँवैका हातमा भातको पात थिएन।

नागले आँखा मिच्दै हेर्‍यो। उसलाई विश्वास भएन। उसका आँखाबाट दुई थोपा आँसू चुहे। उसलाई सुर्ता पर्‍यो—रंगाको भोक टार्ने कसरी?

आँवै आँगनमा आइन्। सोधिन्—'यो को केटो हो?'

'मेरो भाइ हो!' नागको अन्तःहृदयबाट निस्कियो।

'अघि कहिल्यै देखिएन त?'

'घरै बस्छ' कुनै अनन्त सम्बन्धभिभूत ती शब्द निस्किरहेथे।

'म आउँदै छु, पर्ख' भन्दै आँवै घरभित्र पसिन्।

रंगाका आँखा नागतिर फर्के। ती आँखामा भोक स्पष्ट परिलक्षित भइरहेथ्यो।

'आँवैले भातको पात ल्याउँछिन्' सान्त्वना दिँदै नागले भन्यो। साख्खै दाजु-भाइ त होइनन् ती तर दुवैको भोक भने एउटै हो।

आँवै भित्रबाट आँगनमा आइन्।

एउटा थालमा दुइवोटा पात थिए। दुवैमा खाद्य वस्तु थिए। भात थियो। दुई

लोहोटामा पानी पनि थियो। रंगा र नागले त्यति भरिएका पात कहिल्यै देखेका थिएनन्। उनीहरू केही बुझ्न सकेनन्।

'ला, ए कान्छा! तैंले पनि एउटा पात ले' आँवैले अन्नापूर्णाले जसरी भनिन्।

हातका अँजुलीमा नअट्ने हुँदा दुवैले आफ्ना फाटेका धोतीका फुर्का पसारे।

'खाऊ, पानी दिँदैछु।'

'आँवै, यत्रो भात हामी खान सक्तैनौं, घरमा आमा-बा पनि छन्' नाग बोल्यो। रंगाले पनि टाउको हल्लायो।

'हेर बाबु हो, हाम्रो छोराको जागीर सह्रुवा भएकाले आज बेलुकी हामी अर्को गाउँमा जाँदैछौं।'

आँवैको स्वर दुःखले अवरुद्ध भयो। नागलाई बज्र परेझैं लाग्यो। आफूलाई संयम पार्दै नागले भन्यो—'ठीकै छ, आँवै' तरै पनि उसको घाँटी सुकेजस्तो थियो। नमस्कार गर्दै नाग फर्कियो, उसका पछि पछि रंगा पनि।

आँवैले आँगनमा उभिएर ती दुवैलाई एकोहोरो हेरिरहिन। उनका आँखाबाट निस्केका आँसूले जाँदै गरेका ती दुई बालकका आकृति अस्पष्ट पारिदिए।

बंगाली

## सुनील गंगोपाध्याय

# कुनै नाम राखिएन

हेर्न गएको थिएँ बन, हेरेर फर्कें अरू नै केही। किसिम किसिमका फूल फुलेका थिए त्यस बनमा। तिनमा कति फूलको त म नामै जान्दिन। त्यहाँको विशेष फूलको त मलाई संझना आउन्न, तर संझना केही आउँछ भने त्यो हो एउटा किशोर केटाको अनुहार।

त्यो घटनाचाहिं मलाई अझै पनि रहस्यपूर्ण लाग्दछ।

त्यस केटोलाई मैले बडो स्वच्छ वातावरणमा देखेको थिएँ। यस्तो दृश्य त तस्वीरहरूमा मात्रै देखिन्छ अनि जब सम्मुखिन हुने सौभाग्य मिल्छ बडो सुखद लाग्दछ। खासगरी जब कहिल्यै त्यस दृश्यको बारेमा स्मरण गरिन्छ।

बाक्लो वनभित्रको केही रित्तो ठाउँ। चारैतिर स-साना पहाडहरू। माझमा केही भिरालो ठाउँ। त्यहीं रातो पानीले भरिएको एउटा नदी बग्दथ्यो। दुई किनाराको रातो माटो पखालिएर त्यस पानीमा मिसिन्छ। त्यसैले पानीको रङ एकदमै रातो नरहेर केही गेरुआ भएको थियो।

दिउँसोको चम्किलो घाम तर गर्मी एकदमै थिएन। दुई दिनसम्मको अविरल झरीपछि त्यस दिन सफा र उज्वल भएर घाम निस्केका थिए। यस्तो दिनमा चित्त भने साह्रै प्रशन्न रहन्छ।

हामी नदी पार गरेर बाटैमा पर्ने एउटा होचो पहाड नाघेर मन्दिर हेर्न गएका थियौं। त्यहाँ मान्छे बलि दिइन्छ भन्ने सुनेको थिएँ। हुन त यो कुरा सुनेर हामीलाई पत्यार लागेको थिएन : मान्छेको बलि? अनि यस युगमा पनि? अघिअघि त हुन्थ्यो पनि होला। त्यहाँका कतिपयलाई सोध्यौं—उनीहरू 'हाँ' 'ना' केही पनि भन्दैनथे। कसैले त आकाशतिर मुख फर्काएर भन्दथे—'खै कुन्त!' हुन त यो कुनै टाढा दुर्गम देशको कथा होइन। ठाउँचाहिं कलकत्ताबाट मात्र डेढ-दुई सय मील टाढा पर्छ—मेदिनीपुर।

मन्दिर एक्लो थियो। आकारमा एकदमै सानो। छेउमा बलि दिनका लागि राखिएको एउटा अचाइनो—सम्भवतः त्यहाँ राँगो अथवा पाठाको बलि दिइन्छ। केही आलो रगत अझै थियो त्यहाँ।

फर्कंदा हामी त्यस रातो पानी भएको छाँगाको छेउमा थकाइ मेट्न बस्यौं। हामी अर्थात् हामी दुई साथी र डाक बंगलाको चौकीदार—ऊ नै हाम्रो 'गाइड' थियो।

जाने बेलामा पनि देखेका थियौं, त्यस छाँगाको छेउछाउमा कतिपय बाखा चरिरहेका छन् र तिनको हेर विचार गरिरहेछ एउटा केटोले। यस्तै दस-एघार वर्षको उमेर होला। गाई बस्तु चराउने व्यक्तिलाई 'गोठालो' भनिन्छ। यसलाई पनि 'गोठालो' भन्नु?

उसको नाङ्गो शरीरमा कट्टु मात्रै थियो। केटो छयाप्-छयाप् गर्दै छाँगो पार गरेर हामी भएतिर आयो र केही टाढै उभिएर हामीलाई आश्चर्य मान्दै हेर्न थाल्यो।

साथीचाहिंले भन्यो—'केटाको अनुहार खुपै राम्रो छ। हैन त?'

मैले हातले इशारा गर्दै उसलाई डाकें।

केटोले आँखा नझिम्काई हामीतिर हेरिरहयो। केही बोलेन, हामीछेउ पनि आएन।

हामीले चौकीदारलाई भन्यौं—'उसलाई डाक त'

हकारेजसरी चौकीदारले केही भन्यो। केटोको अनुहारमा मन्द मुस्कान फैलियो, तर केही जवाफ फर्काएन।

केटो हठी थियो। हामीले डाक्दाडाक्दा पनि कुनै वास्ता गरेन। चौकीदारलाई सोध्यौं—'उसलाई चिन्दछौ तिमी?'

चौकीदारको जवाफ—'ऊ त महादेव महतोको भतुआ हो।'

त्यतिबेला केही सोधिन, तर 'भतुआ' शब्दको अर्थ पछि बुझेको थिएँ।

फेरि केटोलाई सोधें मैले—'एऽ, तेरो के नाम हो हँ? डाक्दा पनि आउँदैनस्। किन हो?' केटो, फेरि पनि केही बोलेन।

साथीले भन्यो—'हामी शहरिया भएकाले होला ऊ डराएको।'

मैले भनें—'हामीसित किन डराउँदेछ, कुन्त? हामी खाइहाल्छौं कि क्या हो? ...यसको नाम के हो?'

चौकीदारले भन्यो—'सर, उसको त कुनै नामै राखिएको छैन! ऊ लाटो छ। बोल्न सक्तैन, त्यसैकारण उसको नामै राखिएन। सबैले 'घौंडा वौंडा' भनेर डाक्छन्। कस्कसैले भने 'लाटो' पनि भन्छन्?'

यहाँ आउँदा लागेको थियो, यो बन त बाक्लो र निस्तब्ध छ। वास्तवमा घना भए तापनि एकदमै निस्तब्ध भने छैन। माझ माझमा मान्छको बसोबास छ। खेतीपाती पनि हुँदो रहेछ। यस बनमा बाघ त रहेनछन् तर बाघभन्दा पनि ठूला जनावर छन्।

त्यस रातो छाँगाको छेउमा बाखा चराउने किशोरसित बात मार्ने धोको थियो।

ऊ लाटो छ भन्ने सुनेर मनै उदासियो, लाटो भएरै होला, ऊ अरूको छेउमा जान खोज्दैन।

जसै हामी उभियौं, केटो छाँगो पार गरेर कुद्यो। टाढा पुगेर एउटा रूखको आडले छेलिदै हेर्न थाल्यो, मानौं लुका-छिपी खेलिरहेछ।

हामी डाक बंगलामा फर्केर आयौं। भोक लागेको थियो।

त्यसै दिन बेलुकी डाक बंगलाकै छेउमा कतिपयलाई उत्तेजित अवस्थामा बात मार्दै गरेको सुनें।

बनमा बस्ने कतिपय मान्छे यो थाहा लाउन आएका थिए कि हामीसित बन्दूक छ कि छैन। हामी जीपमा आएका थियौं, त्यसैले उनीहरूले अड्कल काटेका थिए कि निश्चय पनि हामीहरू भलाद्मी (विशिष्ट व्यक्ति) हौं। साह्रै इच्छा हुँदाहुँदै पनि मैले जिन्दगीमा कहिल्यै बन्दूक छुन पाइन। हात्ती धपाउनलाई मात्रै जरूरी थियो बन्दूक।

प्रत्येक साल हात्तीको बथान यहाँ बालि खान आउँछ। यो साल खडेरी परेकाले अझसम्म बालि लाउन सकिएको छैन। त्यसैले हात्तीको बथान बालि खान नपाएर रुँगिरहेछ। हर साल त थोत्रा भाँडा बजाएर, राँको लिएर हात्तीलाई धपाइन्थ्यो। यसपल्ट भने कुनै उपाय काम लागेको छैन। तिनलाई आफ्नो भागको भोजन पक्कै चाहियो।

छेउमैं कतै हात्ती आउने गर्छ भन्ने सुनेर मन रोमांचित भयो। शहरकाहरू बनमा आएर साँच्चैका जंगली जनावर हेर्न चाहन्छन्।

यस्तै उत्सुकतामा हामी निस्किहाल्न खोजेका थियौं, चौकीदारले रोक्दै भन्यो—'सर, आजको रात नजानु होस्। भोलि बिहानै जानु होला।'

उसले कुनै हालतमा पनि हामीलाई जान दिएन। आखिर उसको पनि त आफ्नो जिम्मेदारी थियो।

डाक बंगलाको सामु अझै पनि कतिपय मान्छे जोरिएका थिए। हामी त्यहाँबाट तर्केर बंगलाको पछिल्तिरको सानो टीलामा गएर उभियौं। त्यहाँबाट हात्ती नदेखिए पनि उसको कुँजाइ भने अवश्य सुनिन्थ्यो। तर केही पनि सुनिएन। केहीछिन पछि हामी फर्कियौं, अरूहरू पनि आ-आफ्नो डेरा लागे।

चौकीदारले भन्यो—'एकजनालाई बाँस पहाडीको प्रहरी चौकीमा खबर दिन पठाएको छु। सरकारतिरबाट कुनै बन्दोबस्त भएन भने यसपालि हात्तीको उपद्रोले धेरै घरबार नष्ट हुने छन्। तीनोटा हात्ती त हल्लेकै छैनन्।'

मैले चासो लिदै सोधें—'यस्तो अँध्यारो बनभित्रबाट कोही एक्लै गयो है? साहसी हो। को गयो?

चौकीदारले भन्यो—'गुरु मुखियाको साहसी भतुआ गनाई।'

मैले भनें—'त्यो मान्छे एक्लै यस्तो अँध्यारोमा गयो। सोझै हात्तीको मुखमा पर्‍यो भने? हात्तीले त कुल्चेर मारिदिन्छन्।'

चौकीदारले कुनै उत्तर फर्काएन।

यो त भतुआको कथा हो, हात्तीको होइन।

मैले सोधें—'घरीघरी यो 'भतुआ' शब्द सुनिरहेछु। यस शब्दको अर्थ के हो?'

त्यतिबेला हामीलाई 'भतुआ' शब्दको अर्थ कमारो भनेर सम्झाइयो। मात्र भात खानका लागि कसैका घरमा गुलामी गर्छ। भात खान पाइन्छ भनेर नै उनीहरू जस्तो काम पनि गर्न बाध्य छन्। यहाँसम्म कि घना बनको अँध्यारो वाटोवाट हिंडेरै प्रहरी चौकीसम्म पुगी खबर दिने काम पनि गर्न पर्छ।

यसपछिको खबर झन् आश्चर्यमा पार्नेखाले थियो। बिहानबिहान बाख्रो चराउने जुन केटोलाई देखेका थियौं, त्यो यही भतुआको छोरो हो। भतुआको छोरो भतुआ। जसले भात खानका लागि मात्रै आफ्नो जिन्दगी अरू कसैको धरौटी राख्छ। उनका स्वास्नी—केटाकेटी पनि हुन्छन् र? कसको आधारमा उनीहरू गृहस्थी छोड्छन्? उसको छोरो भतुआ हो? र, स्वास्नी? ऊ पनि कसैको घरकी भतुआ हो? उनीहरूको आफ्नो भन्ने कुनै घर हुन्छ र?

'घर कसरी हुन सक्छ र, सर? चौबीसै घण्टा उसले गुलामी गर्नु पर्छ। यही गनाईको कुरा लिऊँ, यो सित एक टुक्रा माटो पनि थियो! छोरीको बिहा गर्दा बेचिदियो।'

म चुप रहें। घर छैन, घडेरी छैन तर एउटा परिवार छ, माझमाझमा भेटघाट हुँदो होला। के कुरा हुँदा होलान्?'

मलाई घरिघरि त्यो रातो पानीको छाँगाको छेउमा देखेको त्यस केटोको अनुहार संझना आउँथ्यो। लाटो छ, त्यसैले उसको एउटा नामसम्म पनि राखिएन! यस दुनियामा जन्म लिएर एउटा नामको हकदार पनि भएन ऊ? घरमा पालिएको कुकुर, बिरालो, गाईको पनि नाम राखिन्छ, तर यस केटोको कुनै नाम थिएन। रूखको पछिल्तिरबाट उसले हामीलाई लुकेर हेरिरहेको थियो—के सोचिरहेको थियो, कुन्त!

□□

मराठी

# गंगाधर गाडगील

## अन्तिम कथन

गोविन्दराव अफिसबाट भर्खरभर्खर फर्केर आएका थिए। लगाएको कोट-टोपी फुकालेर खाटमा खुट्टा राखी सुस्ताएर बसेका थिए। छोरी काखमा बसेर कमेजको टाँक खेलाइरहेकी थिई। अध्यापिकाले उनकी छोरीको प्रशंसा गरेको कुरा स्वास्नीचाहिंले भन्दै थिई। एउटा अंग्रेजी कविता सुनाउने अनुरोध पनि गर्थिन्। केटीचाहिं नै हिच्किचाउँदै थिई।

त्यसैबेला घरभित्रबाट कसैले झिनो स्वरमा बोलायो—'गोविन्दा, ए गोविन्दा!'

गोविन्दरावकी स्वास्नीले निधारमा गाँठा पारेर भुट्भुटिँदै भनी—'डाक्न थालिन्, अब बोलाएर छेउमा बसाल्छिन् अनि बड्बडाउँछिन्। जीउ त्यति नै बिसञ्चो भए त थुपुक्कै पल्टिरहनु नि, तर त्यसो हुँदैन।'

गोविन्दरावले हातका संकेतले स्वास्नीलाई रोक्दै भने—

'के भो' आमा?'

'केही होइन, केही पनि होइन बाबु!'

गोविन्दरावको मन बुझेन। स्वास्नीका अनुहारको रिस उत्रेको थिएन तैपनि उठेर उनी भित्र कोठातिर लागे। उनका पछिपछि सानी छोरी पनि गई। आमाले उसको हात समातेर सुस्तरी हकारी—'तँ पनि जाँदैछेस्?' तर छोरीले भने चिच्याउँदै आफ्नो हात फुत्काई र बाउका पछिपछि बूढीआमाछेउ गई।

जानकीबाई बिछयौनामा पल्टिरहेकी थिइन्। उनको अनुहार सेतो हुँदै गइरहेथ्यो। कुनै मुखौटोजस्तै देखिन्थ्यो। माथिल्लो गिंजामा रहेको एक्लो दाँत, तलको ओठमाथि टेकिएर निर्जीव भई चम्किरहेथ्यो। बिछयौनाबाट बाहिर निस्केका दुब्ला हातका छाला चाउरी परेकाले झुलिरहेका थिए। खोपिल्टाभित्र पसेका आँखा पनि पिल्पिलाइरहेका थिए—बोलिरहेका थिए।

गोविन्दरावलाई देख्नासाथ चेतनाहीन भइसकेको उनको अनुहार खुशीले चम्कियो। ओछयानछेउ बस्दै गोविन्दरावले भुईंमा पुगेको आमाको हात बिस्तारो उठाएर बिछयौनामाथि

राखिदिए। बाउले पुऱ्याएको सघाउ देखेर सानी छोरीले पनि बूढीआमाका जीउमा भएका अस्तव्यस्त लुगाहरू मिलाइदिई।

जानकीबाईको हृदय भावावेगले भरियो र यो भावावेग उनको चाउरी परेको अनुहारमा देखिन थाल्यो। ओठ काम्न थाले। आफ्ना दुब्ला औंलाहरूले उनले गोविन्दरावको हात समात्ने चेष्टा गरिन्। यसो गर्दा उनको एउटा आँखो आँसूले पुरियो। आँखाको कुनाबाट निस्केको आँसूको थोपोले गीलो रेखा बनाउँदै तल झऱ्यो र कञ्चटको वरिपरि फुस्रो कपालमा अल्झिन पुग्यो।

गोविन्दराव त्यस थोपोतिर हेरिरहे। उनलाई आफ्नो धोतीको फुर्काको एकछेउले त्यसलाई पुछिदिउँ लाग्यो तर त्यसो गरेनन्। तरै पनि उनी चिन्तित त भए नै।

मनलाई दह्रो पार्दै जानकीबाईले गोविन्दरावको हात कसेर अँठ्याइन् र भनिन्—'गोविन्दा, तेरी छोरी साह्रै बुद्धि भएकी छे। बूढीआमालाई बिसञ्चो भएकाले सेवा गर्दै छे। नातिनी, तैंले राम्रो वर पाउँछेस्।'

गोविन्दरावले एकपल्ट आफ्नी छोरीतिर हेरे र गालामाथि परेको कपाललाई पछिल्तिर साह्रिदिए।

जानकीबाईले यसरी नै टाउको घुमाएर आफ्ना हातमा समातेको गोविन्दरावको पञ्जातिर हेरिन् उनलाई हठात् संझना आयो—सानोछँदा गोविन्दाले कस्तो मज्जाले आफ्ना कलिला हातले उनका औंला समात्दथे। यो संझना आउँदा उनले छोरातिर हेरिन्, यो जान्न कि उनलाई पनि यो संझना छ कि। एक मन त भयो उसलाई यो कुरा सम्झाइदिऊँ। तर कुरो घाँटीमै अड्कियो। स्नेहाशिक्त भएर उनले भनिन्—'भर्खरै आएको हैनस् त? थाकिस् होला।'

गोविन्दरावले केही बेरपछि सोधे—'आमा, औषधी खायौ? अहिले तिमीलाई कस्तो लागेको छ?'

'ठीकै छु' जानकीबाईले छोटकरीमा भनिनं।

'तिमीले त सधैं यस्तै भन्छयौ; साँचो भन, आवश्यकता परे अन्त उपचार गराउन सकिन्छ।'

जानकीबाई केही बोलिनन्। आफूलाई स्पष्ट अनुभव भइसकेको थियो कि ईश्वरको घरबाट उनलाई निम्तो आइसकेको छ। अब केको ओखती अनि केको ...अब मर्न परे पनि उनलाई केही फिक्री थिएन। कहिल्यै कसैका बारेमा उनको भन्नु पर्ने थिएन। नियतिले बनाइदिएको बाटोमा नै उनको जीवन-धारा बगेको थियो औ अब ईश्वरले उनलाई संझे भने जान आवश्यक थियो।

तर अब जब सबथोक सिद्धिन जाँदैछ, आफ्ना सन्तान र आफन्तीहरूका

वीचबाट त्यस्सै जान उनको मनले मानेको थिएन। मनमा त्यतिखेरसम्म बाँधेर राखेका कुराहरू फुकाएर भन्न मन लागिरहेथ्यो उनलाई। मनमा भएका उद्देश्यलाई पनि बोलिदिन मन लागेको थियो। उनलाई, भइदिए हुँदो हो जस्ता कुराहरू केटा-केटीहरूलाई भन्न मन थियो। त्यसपछि उनीहरूले चाहे त्यो गरुन् वा नगरुन्।

उनलाई थाहा थियो कि अब उनले चिताएका कुरा हुनेवाला होइनन्। चार दिन त भए उनी थला परेका। इनै चार दिनभित्र उनले बनाएको घर-व्यवस्था पूरै फेरिइसकेको थियो औ उनले आफ्नो मनलाई सम्झाएकी थिइन् कि त्यो सब त्यसरी नै भइरहन्छ। तरै पनि अलिक नमज्जा त लागिरहेथ्यो नै। आफ्नो जिन्दगी त अब कति नै पो रहयो र! त्यसपछि बुहारीले मनखुशी गरेको भए हुनेथ्यो। उनले पनि के सासुको इच्छानुरूप व्यवहार गरेकी थिइन् त? उनैले निश्चित गरेको व्यवस्थालाई आजपर्यन्त चलाइआएकी थिइन्? उनको चाँदीको लँगडो बालकृष्ण, ससुराको तामाको पूजा-पात्र, नरियलको तेल राख्ने भाँडो, दिशाका सरजाम राख्ने तखतो,...

उनका ती ख्यालहरूले उनलाई अतीतसम्म लगे। धमिलो भूतकालमा उनी विचरण गर्न थालिन्। आफ्नो बाल्यकाल, लोग्ने बितेपछि ससुरालीमा बिताएका दिनहरू—सबै संझना हुन थाले। ती सबै उनको जीवनका सुखद क्षण थिए। उनका लोग्ने कुनै रूखझैं अग्ला थिए। मोटोघाटो ज्यान। ढोकामा उभिएर, माथिल्तिर हात टेकाई उनले जब नोकरलाई डाक्थे, त्यो स्वर सुनी माझ कोठामा बसेकी जानकीबाई डराउँथिन्। कुनै रूख जरैबाट उखेलिएजस्तै हठात् उनको मृत्यु भयो।

गोविन्दरावलाई यस्तो लाग्यो कि आमा निदाइन्। र, बिस्तारै आमाका हातबाट आफ्नो हात छुटाउन थाले। जानकीबाईले भने उनको हात कसेर समातेकी थिइन्—उनीतिर हेर्दै भनिन्—'हेर है, म मरेपछि उनको श्राद्ध नियम अनुसार गरिरहनु।'

गोविन्दरावले भने, —'उफ् आमा, तिमी यी कस्ता कुरा गरिरहेकी अब छिट्टै नै तिमीलाई सञ्चो हुन्छ।'

जानकीबाईलाई दुःख लाग्यो। उनको कुरालाई छोराले संझने चेष्टै गरेको थिएन। साना केटा-केटीलाई सम्झाएजसरी उनले उनीलाई त्यस्सै संझाइरहेका थिए। आश्चर्य लागिरहेथ्यो उनलाई यस नयाँ पीढीप्रति। उनीहरूको प्रवृत्ति नै यस्तो छ कि जुन वस्तु पुरानिन्छ त्यसलाई बिर्सिदिन्छन्, त्यागिदिन्छन्। केवल आत्म-प्रशंसामैं सीमित छन्। पुरानाहरूको त उनीहरूलाई संझना पनि आउँदैन। नातागोताप्रति पनि आत्मीयता झल्किन्न। उनीहरूका घरका ढोका सधैं बन्द रहन्छन्। एकमन त आयो झोक्किएर

केही भनिदिउँ, मनमनै आफ्ना लोग्नेलाई संझिदै बोलिन्—'तपाईं कति छिट्टै मलाई छोडेर जानु भयो, तपाईंलाई भने मैले विर्सन सकेकी छैन। श्राद्ध पनि नीतिले गरिरहेकी छु। अब अवि पनि के मेरै बर्गतको कुरा हो?'

ईश्वर शरण पर्ने उत्सुकता जाग्न थाल्यो। लाग्न थाल्यो कि उनलाई आफ्ना स्वामीको दर्शन हुनेछ। उनको पिठ्यूँमा हात मुसार्दै भन्ने छन्—'तिमी थाकिछौ। म आएपछि औधी कष्ट भोग्नु परेछ तिमीले।' यति सुन्दा सम्पूर्ण थकाइ मेटिने छ।

लोग्नेलाई भन्ने छिन्—'ठीकै हो, तपाईं त हठात् आउनु भयो, मलाई भने निकै कष्ट सहनु पर्‍यो। के के सुन्न परेन? एक्ली आइमाई। तपाईं त, ईश्वरले बोलाए—एक्लै आउनु भयो। म त पछि नै परें...तर यसै झूटो किन बोलूँ? बुढेसकालमा भने गोविन्दाले मलाई सुख दिएकै हो। आमाका सम्पूर्ण इच्छाहरू पुर्‍याएकै हो...।'

गोविन्दरावले भने—'आमा, के बड्बडाइरहेकी? कोसित बोलिरहेकी छ्यौ?' कुनै काम परेर भित्र पसेकी गोविन्दरावकी स्वास्नीले संकेतले भनी—'सासु त बौह्लाइन।'

माझैमा जानकीबाईले सोधिन्—'गोविन्दा, तँलाई सम्झना आउँछ?'

'कसको सम्झना?'

'कसको भन्छस्? इनको—यस नातिनीका बाजेको।'

'आउँदैन आमा, त्यतिबेला त म सानै थिएँ।'

'हो छोरा, तँ सानै थिइस् त्यतिबेला—पाँच वर्षको थिइस् कि क्याहो। बाउको प्यारो। आफ्नो छोराको प्रशंसा स्वयं गर्ने रीति त्यतिबेला थिएन। तैपनि आफू भान्सा गर्न बस्दा तँलाई छेउमै मुढामा बसाल्थे। दुई गास खुवाइदिन्थे अनि रोएको देखे भने त भयो! भन्थे, छोरालाई किन रुवाउँछेस्? काम छोड् र फुल्याई नत्रभने लगाउँला दुई थप्पड।'

जानकीबाईकी नातिनीले सोधी—'बूढीआमा, बूढाबाले तपाईंलाई कुट्नु हुन्थ्यो?' अनि ऊ हाँसी।

जानकीबाईको अनुहार पनि हँसिलो देखियो। हिर्काउन हात उचाल्दै भनिन्—'छोरी, तँ त साह्रै शैतान भइछस्।'

उनको मगज भौंतारिरहेको थियो। त्यतिबेलाका कति संझनाहरू आइरहे। लोग्ने बितेपछिको जस्तो बीरानो जिन्दगी उनले जिउनु पर्‍यो त्यसको एउटा एउटा सम्झना उनलाई आइरहेको थियो। भावावेगलाई रोक्न सम्भव थिएन। उनले भनिन्—'उहाँ खस्नु भयो र दुईछाक जोर्न पनि हम्मे पर्न थाल्यो। जसै तसै दिन काटें मैले। त्यसैले त हो नि कसैले भोजनको उपेक्षा गर्‍यो भने, फाल्यो भने मेरो रिस उठ्छ। अहिले

त तेरो राम्रो कमाइ छ। ईश्वरको कृपाले तँलाई खान-लाउन दुःख छैन। भातका चार सिता अफालिए पनि तेरो गृहस्थीमा केही फरक पर्दैन। तर छोरा, खाने वस्तु त ईश्वरजस्तै हो। त्यसलाई फाल्न हुँदैन। रहेको बरु कसैलाई दिनू। भोकाहरूको कमी छ र? उनीहरूलाई दिनु पर्छ। हामीले चार गास खान पायौं भने त्यसबाट एक गास नपाउनेलाई दिनु पर्छ। मैले पनि धेरथोर अरूलाई दिने गर्थें। कोही दुःखी, दरिद्री र रोगीका लागि अलिकति भए पनि मोही राखिदिने गर्थें। बुहारीलाई भने त्यो मन पर्दैनथ्यो। उसको मनमा के थियो भने, आफ्नो लोग्नेले कमाउँछ अनि सासुले बाँडिहिंड्छे।'

'त्यसो किन भन्छ्यौ, आमा? यस बारेमा कहिल्यै तिमीलाई कसैले केही भनेको छ? बिर्सेर पनि मैले कहिल्यै केही भनेको छु?' गोविन्दरावले सोधे।

'मैले कहिल्यै चूँसम्म पनि गरेकी छैन' बुहारीले पनि आफूमाथि लाएको दोष हुत्त्याइदिई।

'ए यसरी मसित नरिसाउनु। मजस्ती बूढीमान्छेबाट भूल भयो होला। यी कुरालाई त्यसरी बढाउँछ्यौ किन...तर ढोकामा कोही माग्न आयो भने रित्तै नफर्काउनू। एऽ बुहारी! सुन्दैछ्यौ त?'

'उनी बाहिर ढोकामा छिन्'—गोविन्दरावले भने।

जानकीबाई उदास हुँदै हाँसिन्—'उसलाई लाग्दो होला म बौह्लाएँ। जे ते बड्बडाइरहेकी छु। तर मलाई सहिसक्नु हुँदैन, त्यसैले उठ्छु र हेर...'

'आमा, तिमी त ज्याद्रै बड्बडाउँछ्यौ। यसो गर्दा तिमीलाई कष्ट हुन्छ। ढुक्क भएर सुतिराख।'

'अब त मेरो जीउ थाकिसकेको छ। बोलि मात्र चल्दैछ। त्यसलाई पनि रोक्न चाहन्छस तँ?'

'मेरो अर्थ त्यो होइन, आमा'—गोविन्दरावंले हिच्किचाउँदै भने।

'अब त मान्दिन। म अब बोल्छु नै—मेरो मनभित्र जे पनि छ त्यो सबै भन्छु। के हुन्छ र? चार दिनपछि मर्नु छ, आज मरिदिन्छु। यही त हुन्छ।' जानकीबाई रिसाइन्। रिसले उनको जीउ काम्न थाल्यो। आँखा फेरि रसाएर आए।

'आमा, बौलाहाजसरी यो के गरिरहेकी?' भन्दै जानकीबाईको कपालमा हात राखे। यो देखेर उनकी छोरीले पनि बूढीआमाको अनुहार मुसार्न थाली। नातिनीको स्नेह जानकीबाईलाई राम्रो लाग्यो। गालामा राखिएको उसको हात उनले रहन दिइन् र भनिन्—'कति जाति छ मेरी छोरी। गोविन्दा, तखताको माथि डब्बामा राखेको एउटा छोहडा दे त। छोरीलाई छोहडा साह्रै मन पर्छ। अनि तैंले पनि एउटा खा।'

नातिनीले भनी—'एऽ! बाबा पनि केटा-केटी हुनुहुन्छ र छोहडा खाने?'

जानकीवाई हाँसिन्, भनिन्—'अरे, ऊ तेरो बाउ हुन सक्छ तर मेरालागि त बाल्ख नै छ।'

जानकीवाईले हलुँगो अनुभव गरिन् तर केहीछिनका लागि मात्रै। अब उनको मनले आराम खोजेको थिएन। अब त सबै बटुलेर महायात्रामा निस्कनु थियो। अन्तिम कुराहरू भनिदिनु थियो।

उनले भनिन्—'गोविन्दा, मेरालागि तैंले केही रुपियाँ बैंकमा राखेको थिइस्, ल्याइस् के त?'

'अँ, ल्याएको छु। तिमीलाई अहिल्यै दिऊँ के त?' भन्दै गोविन्दा उठे र पैसा ल्याएं।

जानकीबाईले रुपियाँको त्यो बीटो हातमा लिइन् र फेरि गोविन्दरावको हातमा दिंदै भनिन्—'हेर् यसबाट एकसय रुपियाँ तँ आफैंले राख् र सुन्दरीबाईलाई खाँचो परे दिनू। बिचरीलाई कसैको आधार छैन। एउटा छोरो थियो त्यो पनि बेकाम्मे निस्कियो। उसले भान्से काम गरेर त्यसको पेटपालो गर्न परिरहेछ। अब कति दिन पो चाकडी गर्न सक्ली र ऊ?'

जवाफ दिंदै गोविन्दले भने—'हुन्छ।'

'गोविन्दा! ऊ घरिघरि यहाँ आउँछे, धैरै बेरसम्म बसिरहन्छे, अधिकार भएजसरी चिया माग्छे, के के लान्छे पनि, त्यसैले तिमीहरू रिसाउँदा हौ—लाग्दो हो कहिले यो आपत् काटिएला। तर सुन, म मरेपछि पनि...'

'आमा!...'

'सुन है, म मरेपछि पनि उसको सोधनी गरिरहनु। बुहारीलाई भनिदिनु कि थोरै चिया उसलाई पनि दिने गरोस्। उहाँ बितेपछि यसैले नै मेरो हेर-विचार गरेकी थिई। आफ्नो घरमा ऊ सानी थिई; त्यसैले उसको कुनै अधिकार चल्दैनथ्यो। सासुले जे भन्थी उसले गर्नु पर्थ्यो। उनी छन पनि थिइन् साह्रै दुष्ट, तरै पनि उसले आफ्नो पटुकामा लुकाएर कहिले चामलको रोटी, कहिले अलिकति आटा, कहिले कनिका, ...मेरालागि लिएर आउँथी। मलाई अप्ठ्यारो लाग्थ्यो र 'चाहिन्न चाहिन्न' भन्थें। यसो भन्दा उसले मलाई हप्काउँथी। यसरी मेरो हेरविचार गरेकी थिई। सानैदेखि नै ऊ मेरी संगी...।'

'एऽ! संगी?' नातिनी हाँस्न थाली। बूढी आइमाईका पनि संगी हुन्छन्। उसलाई चाख लागिरहेथ्यो।

जानकीबाईले स्नेहले ऊतिर हेरी। गोविन्दरावले हातमा लिएको नोटको बीटोबाट

एउटा दसको नोट झिकेर उनका हातमा राखिदिंदै, पुनः कुरा गर्न थालिन्–'त्यतिखेर मेरा दुःखका दिन थिए, अहिले उसका। त्यसो भनेर अहिले हामीले उसको चिन्ता नगर्नु त? आफ्नो भन्ने कोही छैन उसको, त्यसैले आधार खोज्दै मसित आउँछे। मेरा नाति-नातिनालाई माया गर्छे कारण उसको गृहस्थी फल्न फुल्न सकेन। हाम्रा घरका ढोका पनि बन्द भए भने बरा कहाँ जाली? ऊ पनि मजस्तै बूढी भएकी छे। उसलाई...।'

जानकीबाई माझैमा रोकिइन्। उनी जुन प्रतिक्रिया गोविन्दरावको अनुहारमा आउने आशा राखेकी थिइन् त्यो देखिएन। सुन्दराबाईप्रति उनको जुन मोह थियो त्यस्तो गोविन्दरावको मनमा पलाउनु सम्भव थिएन। उनलाई लाग्न थाल्यो, उनले सुन्दराबाईप्रति जुन प्रेमाभाव व्यक्त गरिन्, त्यो उनीसितै सिद्धिने छ। त्यो प्रेम गोविन्दरावलाई सुम्पेर सुन्दराबाईसम्म पुऱ्याउन अब सम्भव थिएन, त्यसैले आफूसित केही रुपियाँ छन्, यस कुराको खुशी उनलाई थियो। भनिन्–'अरू कुरा रहुन्, उसलाई आवश्यकता परेमा यो सबै रुपियाँ दिनु।'

'आमा, त्यसो भए तिमीले नै आफ्ना हातले उसलाई यो रुपियाँ दिनु।' गोविन्दरावले तत्कालै भने। आमाको मनमा उनीप्रति उठेको शंका उनको मनमा बिझ्यो।

'मैले त त्यसो भन्न खोजेकी थिइन' जानकीबाईले स्पष्ट्याइन् र चुप लागिन्। खोलेर भनेको कुरालाई कसैले अन्यथा लिइरहेछ। मर्ने बेलामा पनि हृदय ठीकसित खोलिँदैन। जानकीबाईको मन कतै भौंतारिन थाल्छ। माझैमा सोध्छिन्–'गोविन्दा, हाम्री सुशीला हलुँगी भई त?'

'थाहा पाएको छैन।'

'एऽ, आफ्नाको सोध खबर त लिइरहनु पर्छ।' अनि जानकीबाई हठातै हाँस्न थालिन्।

गोविन्दरावले आश्चर्यचकित हुँदै आमातिर हेरे। उनी हाँसिरहेकी थिइन्। गोविन्दरावले उनको हात समात्दै चिच्याए–'आमा!' हाँसो रोकेर जानकीबाईले भनिन्–'नडराइ गोविन्दा! म बौह्लाएकी छैन। अहिले जुन जन्मने कुरा भइरहेको थियो नि त्यो संझँदा मलाई हठात् अरू नै केही संझना भयो र हाँसो निस्केको। गोविन्दा! हो, तँ जन्मने बेलामा मलाई साह्रै कष्ट भइरहेको थियो। मर्छु कि जस्तो पनि भएको थियो। धाईले त आशै मारेकी थिई। तेरा बा आत्तिन थाल्नु भएको थियो। बौलाहाजस्ता भएर के गर्न थाल्नुभो थाहा छ–उनले कोदालो लिए र बनाउँदै गरेको आँगनलाई एकोहोरो खन्दै गए औ खनिरहे। आखिरमा जब तँ जन्मिस् र

बल्ल खन्न रोक्नु भयो। सबै पेट मिचिमिचि हाँस्न थाले। सासुले भन्नु भयो 'आँगन खन्न पर्दा त दिउँसभरि लगाउँथिस्, अहिले त काम एक घण्टामैं सिध्याइस्।' औ, हाँसिरहिन्। हाँस्दा हाँस्दै उनका आँखा रसाए। गोविन्दरावले आत्तिएर हेरिरहे।

जानकीबाईकी नातिनी पनि हाँसिरही। उसलाई बाजे बौलाहा थिए कि जस्तो लाग्यो।

त्यसैबेला जानकीबाईको कान्छो छोरो आइपुग्यो। उसलाई देखेर उनको हाँसो रोकियो। उत्सुकतापूर्वक हात उचाल्दै भनिन्—'आइस् शंकर? आ छोरा। आ, अब त तँलाई मेरो संझना आउँछ कि आउन्न भन्ठानेकी थिएँ। आ छोरा, आइज। वस्, मेरो छेउमैं।'

शंकरले भन्यो—'आमा, के भन्दैछ्यौ। मलाई त घरिघरि तिम्रो संझना आइरहन्थ्यो तर समय नै नपाएर हो।'

गोविन्दरावले ऊतिर कर्के आँखाले हेरे किनभने शंकर कुनै कामधाम गर्दैनथ्यो। आफ्नो पेटपालोका लागि पनि केही गरेको थिएन। तर ऊ कुनै झमेलामा परेको कुरा भने साँचो हो।

जानकीबाईले हाँस्दै भनिन्—'के काममा व्यस्त छस्। आफ्नो के हाल बनाएको होस् यो। कति दुब्लाइछस्? आफ्नो जीउको ख्याल गर्ने गर्। न स्वास्नी छ, न केटा-केटी—म पनि रहन्न। दुःख-बीमार परे कसले हेर्छ तँलाई?''

'आमा, मलाई के भएको छ र? ठीकै त छु नि तर तिम्रो यो के अवस्था भयो अनि मर्ने कुरा किन गरिरहेकी छौ? त्यस्तो नभन्ने गर। छिट्टै निको हुन्छ्यौ अनि निको हुनासाथ काशी-यात्रा गराएर ल्याउँला।' शंकरले बडो मायाले भन्यो। ऊ गोरो वर्णको थियो। आँखा कैला अनि ओठ पातला थिए। उसलाई देखेर कोही पनि प्रभावित हुन्थ्यो।

जानकीबाईले भनिन्—'मोरा, तँ त पाँच सालबाट मंलाई काशी-यात्रामा लगिरहेछस्। एक नम्बरको गफी होस् तँ। भै' गौ। अब काशी-यात्रा यहीं हुन्छ।'

'होइन आमा, अब त निश्चय पनि तिमीलाई काशी लैजाने छु। कारण मैले नयाँ बेपार थालेको छु।'

'केही पैसा भेट्दैछस् कि त्यताबाट?'

'झ्याप्प त कहाँ भेटिन्छ र? तर अब निश्चय भेटिन्छ।'

गोविन्दरावले घृणाले ऊतिर हेरे। जानकीबाईले भनिन्—'भेटियोस् बा, भेटियोस्! छिट्टै बिहा पनि होस्!'

गोविन्दराव उठ्न खोजे। तर जानकीबाईले उनको हात समातेर बसालिन् र

भनिन्—'बस्, गोविन्दा! बस्। तिमी दुई त साख्खै भाइ हौ। किन झगडा गर्छौ? भाइ भाइमा मेल भएन भने कसको कोसित हुने? कसैले केही गल्ती गऱ्यो भने बिर्सिदिनू? गोविन्दा, तँ त जेठो होस्।'

गोविन्दरावले रिसाउँदै भने—'आमा, तिम्रै इच्छानुसार मैले यसका लागि धेरै गरें। गरेर खै के भयो, तिमीलाई राम्रै थाहा छ। अब केही गर्न नभन्नू मलाई।'

जानकीबाईको मन चीसो भयो। भनिन्—'हैन हे छोरा, मैले तँलाई केही गर्न भनेकी छैन। आपस्तमा मिलेर कुराकानी गर त।'

शंकरको मानौं यी कुराहरूप्रति कुनै ध्यान थिएन। खल्तीबाट गोली (मिठाईको) झिकेर भतिजीलाई दिँदै काखमा लिएर ऊसित खेलिरहेको थियो।

जानकीबाईले संझाइन्—'शंकर, तँ सानो होस्। आफूले केही बिराइस् भने 'बिराएँ' भनेर दाज्यूको खुट्टा छुनू। हेर्, ऊ कति प्यारो छ। देखिनै रहेछस्, मेरो कति ख्याल राख्छ? यत्ति हो कि उसले आफ्नो मायालाई देखाउन चाहँदैन।'

शंकर बोल्यो—'आमा, व्यर्थैमा तिमीले मन नदुखाऊ। हामीबीच कुनै कल-झगड़ा छैन। अब निश्चिन्त सुतिरहू। खुट्टा मिचिदिऊँ?' ऊ साँच्चै नै खुट्टा मल्न थाल्यो।

उनले भनिन्—'पर्दैन बाबा, पर्दैन मेरा खुट्टा मल्न। छ महिनापछि आएको छस्, पाँच मिनट ढुक्कले बस् त्यही पुग्छ। अब फेरि भेट...'

'आमा, फेरि त्यही भन्छयौ भने म हिंडे।'

'भो बाबा भन्दिन।' जानकीबाईले स्नेह दर्शाइन्। छोराप्रतिको माया देख्दा उनको गलो अवरुद्ध भएर आयो, भनिन्—'यति मीठो बोल्छस्, व्यवहार पनि सोचेर गर्नू।'

यसरी आमा—छोरामाझ कुराकानी भइरहे। गोविन्दराव नबोलि बसेका थिए। केहीछिन पछि शंकरले भन्यो—'ए आमा, तिमीले मलाई अझ छोहडा दिइनौ।'

जानकीबाईले भनिन्—'मोरा, तँ के अब बाल्ख छस् र? लैजा, त्यस डब्बाबाट झिक्।'

शंकरले डब्बाबाट छोहडा झिक्यो। एउटा भातिजीलाई दियो र अर्को गोविन्दरावलाई। गोविन्दरावले मुख बिगार्दै त्यो हातमा लिए। जानकीबाईले काम्दै गरेको हातले गोविन्दरावको हातबाट नोटको बीटो लिइन् र त्यसबाट थुप्रै नोट निकालेर शंकरको हातमा राखिदिइन्।

शंकरले भन्यो—'होइन होइन आमा, यो किन दिएकी। पर्दैन, आफैंसित राख।'

रिसाउँदै जानकीबाईले भनिन्—'नबोलि यो रुपियाँ राख, शंकर। तेरो के अवस्था छ, मलाई थाहा छ। यी रुपियाँ तेरालागि धेरै दिनको जोहो त होइन तर मसित

दिन पर्ने जे जति थियो सबै दिएँ। यहाँभन्दा बढी म के गर्न सक्छु र अब? तर शंकर बाबु, ध्यानूले सुन्, म अब हिडें, तेरालागि यो जो त्यान्द्राको भर थियो, अब रहँदैन। त्यसैले अब आफ्नो ख्याल राखेस्। यो दुनियामा कोही कसैको हुँदैन! तँ दुःखमा परिस् भने मेरो आत्मा छट्पटाइरहनेछ।'

शंकरका आँखा रसाए। उसले भन्यो–'आमा, ए आमा, त्यसो नभन! अब मैले राम्रो व्यवहार गर्नेछु। हेर त, तिमीले भने अनुसार म दाज्यूको खुट्टा छुन्छु।'

वास्तवमै, यति भन्दै उसले गोविन्दरावलाई साष्टांग प्रणाम गऱ्यो।

यो देखेर जानकीबाईकी नातिनी खितित्त हाँसी। गोविन्दरावले के गर्ने, के नगर्ने केही मेलो पाइरहेका थिएनन्। उनले झन् मुख विगारे।

केही बेरपछि शंकर हिंड्यो। ऊ गएपछि जानकीबाईले गोविन्दारावलाई भनिन्–'तँलाई यस्तो लाग्दो होला कि वर्षौंवाट मैंरै घरमा खाई, मसित माँगि-माँगी यी पैसा जोरी अनि अहिले अर्कालाई दिई, किन? किनभने ऊ बेकामे छ, मीठा मीठा कुरा गर्छ त्यसैले, अनि यति पैसाले के हुन्छ?'

गोविन्दरावले जवाफ फर्काए–'मलाई तिम्रा यी पाँच सय रुपियाँको मोह कहिल्यै रहेन। तिमीले मलाई पाल्यौ–हुर्कायौ, पढायौ, मेरालागि यति गऱ्यौ, यथेष्ट भयो। तर यत्ति हो कि ऊ मीठामीठा कुरा गर्छ–तिमी त्यही जालोमा फस्छ्यौ।'

'छोरा गोविन्दा, ऊ पनि मैंरै छोरो हो, ऊ कस्तो छ भन्ने कुरामा बढी म जान्दछु। ऊ बेकामे छ, झूटो बोल्छ। अरूका लागि केही गर्न खोज्दैन। मलाई सबै थाहा छ। तरै पनि उसको फिक्री कसैलाई त हुन पऱ्यो। तँलाई जसरी ईश्वरले बनाए, उसरी नै उसलाई पनि त उनै ईश्वरले बनाएका हुन् नि? ईश्वरले नै यस्ता मान्छे जन्माउँछन् भने उनीहरूको हेरविचार गर्नु हाम्रो कर्तव्य ठहर्छ। भोकै राखेर उनीहरूलाई मार्नु?'

'ऊसित यी रुपियाँ त आठ दिन पनि टिक्दैनन्।'

'आठ दिन नै सही, उसका लागि मैले जति गर्न सकें, गरें। तँलाई नै भन्ने थिएँ तर तँलाई पनि कति कष्ट दिनु? अरूको कुरा के गरूँ? यति दिनसम्म उसले जस्तो व्यवहार गऱ्यो, ईश्वरले सुबुद्धि दिउँन्! अहिले पनि देलान्।'

गोविन्दराव केही बोलेनन्। तर मनमनै निश्चित गरे कि आफ्नो भाइलाई कहिल्यै भोको राख्ने छैनन्, यस्तो निर्णय लिनुमा पनि उनको भित्री दुर्बलता थियो। आफ्नी स्वास्नीसित उनलाई डर लाग्न थाल्यो। उनले आमालाई भने–'आमा, बात मार्दा मार्दै तिमी थाकिसक्यौ। अलिकति दूध पिउँछ्यौ?'

छोराको आग्रह मानिदिन अलिकति दूध पिइन र थाकेकी हुनाले आँखा बन्द गरेर सुतिन्। अरू धेरै कुरा भन्न चाहन्थिन् उनी। ससुराको तामाको पूजा-पात्र,

सासुको चाँदीको लँगडो बालकृष्ण, ...तर जति कुरा गरे पनि ती सकिने थिएनन् ...अनि उनलाई थाहा भएन किन यति रित्तो रित्तो हलुँगो लागिरहेथ्यो। यस्तो लाग्दथ्यो, यहाँ अब कुनै सम्बन्ध छैन, जो गर्न थियो त्यो गरिसिद्धियो। उनका आँखाले अहिले पारि कतै हेरिरहेका थिए। जीउले आराम खोजिरहेको थियो। सुत्न अघि उनले एकचोटि गोविन्दरावलाई भनिन्—'गोविन्दा, मलाई डर लागिरहेछ।'

राति गोविन्दरावकी स्वास्नीले उनलाई सोधेकी थिई—'ती सबै रुपियाँ सासुले देवरलाई दिइन्, हैन? दस रुपियाँ मात्रै मेरी छोरीका हात हालिदिइन्। तिमी भोलेनाथ नै त हौ...'

गोविन्दरावभित्र एउटा रोदन उकुसमुकुसिन थाल्यो औ त्यसपछि चारैतिर निस्तब्धता फैलियो।

❑❑

मलयाळम्

# तकषी शिवशंकर पिल्लै

## लामो यात्रा

गाउँमा त्यो एउटा नौलो दृश्य थियो। एउटै गोरुले तान्ने गाडा। यसका आफ्नै विशेषता थिए। साधारणतः हाम्रो गाउँमा देखिनेखाले गाडा थिएन त्यो। केटाहरू यसका पछि लागे। पाकाहरूलाई पनि त्यो दृश्य मनोरंजक लागेको थियो। मानौं कुनै आश्चर्यको प्राणी हो, जो आफ्नो जातिबाट छुट्टिएर आएको छ।

रातो कुर्ता र लुङ्गी पहिरेर एउटी बूढीले गाडा हाँकिरहेकी थिई। उसले आफ्नो टाउकोमा रुमाल बाँधेकी थिई। उसको दाहिनेतिर एकजना बूढो मान्छे बसेको थियो। लामो यात्राले थाकेका थिए दुवै। आफ्नो टुङ्गो कतिसम्म टाढा छ त्यो उनीहरूलाई थाहा थिएन। मानौं उनीहरू आफैंलाई सोधिरहेका थिए, अझ कति टाढा हिंड्नु पर्ने हो। थाहा थिएन, टुङ्गो कहाँसम्म छ?

धेरै दिनदेखि त्यस गोरुले त्यो गाडा तानिरहेको थियो। कैयौं मीलको यात्रा सिध्याएको थियो। ऊ पनि थाकेको थियो। उमेर पनि धेरै भएको थियो। उनीहरूले झैं त्यस जन्तुले पनि यही प्रश्न सोधिरहेको थियो के?

उसका कपाल झरिसकेका थिए। जीउमा जताततै घाउका टाटा बसेका थिए। हाड निस्किसकेका थिए। खुट्टा ठीक ठाउँमा टेकिन्नथे।

गाडा साह्रै विस्तारो हिंडिरहेको थियो।

साँझ परिसकेको थियो। सडकको छेउमा एउटा ठूलो रूख उभिएको थियो। त्यसको छेउमा पुगेपछि बूढो गहीरो मौनतामा हरायो। बूढीले गाडा रोकी।

दुबै तल ओर्लिए। बूढाले गोरुलाई फुकाएर त्यस रूखमा बाँधिदियो। फेरि गाडाको पछिल्तिर झुण्डिएको बोराबाट सुकेको घाँस झिकेर गोरुका अघि हालिदियो।

त्यो एउटा घर थियो। घैंटो र भात पकाउने भाँडाकुँडा थिए। एउटा पुरानो बाकस पनि। दुई तीनोटा सत्तल पनि बाँधेर राखेका थिए। त्यसभित्र एउटा बिरालो सुतेको थियो। तीन चारोटा बतल अनि एउटा बाल्टी माथि झुण्डिएका थिए। गाडामाथि एउटा भाले कुखुरो गर्दन ठाडो पार्दै चारैतिर हेरिरहेको थियो।

बाटोको छेउमा सानो चुल्होको उज्यालोमा मानिसजस्तै एक आकार बसिरहेको थियो। आगो ज्यादै बल्दा उज्यालोमा उसको अनुहार देखिन्थ्यो। कतिखेर त त्यो एउटा छायाँजस्तो लाग्थ्यो। निश्चल मूर्तिजस्तै ऊ बसिरहेको थियो।

शान्ति र चैनको वातावरणमा कुनै भावनायुक्त गीतले खल्बली ल्याइदियो। टाढा-टाढाका मानिसहरूले पनि कान थापेर सुनिरहेका थिए। त्यसको भाषा भने कसैले बुझ्न सकेको थिएन। तर त्यस गीतको प्राण—शक्तिले भने आत्मालाई छोएको थियो। आज नभए भोलि त सबैले त्यस गीतलाई गाउनु पर्छ।

त्यो कुनै मधुरो प्रेम-गीत थिएन, भर्खरै फक्रिंदो गुलाफसित सोधिनु पर्ने प्रश्न पनि थिएन। थकित क्लान्त बटुआको गीत थियो त्यो। लामो यात्रामा बिताएका पीडायुक्त अनुभवका स्मृतिहरू थिए। अँहँ, अनन्त शून्यताका तस्वीर। के घाँटी सुकेकाले उसको जीब्रोले पनि काम गरिरहेको थिएन! उसको घाँटी अवरूद्ध भयो। केही सोच्न सकेको थिएन। मात्र हृदय स्पन्दित भइरहेथ्यो।

त्यस गीतका प्रत्येक शब्दले एउटा सीमातीत भारी बोकेका हुन्छन्। त्यसले अँठिएर गीत गाउनु क्लिष्ट पनि हुन सक्छ। परमाणुले ब्रह्माण्डलाई सोध्दछ। निमिष औ अनन्ततामाझको सम्बन्ध परिभाषित हुन्छ। र, स्थापित हुन्छ कि शक्ति र वस्तु अलग्गै होइनन्। यस्तै विशाल संकल्प त उमर खय्यामको देशले मात्र गर्न सक्छ।

बूढो गायकले आफ्नो स्रष्टालाई नै प्रश्न गर्छ। यो लामो बाटो कहाँनेर पुगेर सिद्धिन्छ?

एकजना कुप्रो बूढोले घर बसी सहानुभूतिसित त्यो गीत सुनिरहेको थियो।

'बिचरो, थाक्यो होला। जीवनमा उसले केही कमाउन सकेन।'

त्यो काँप्दो स्वर विस्तारोविस्तारो हरायो। आधा राति हुँदा नहुँदै बाटो छेउमा बल्दै गरेको चुल्हाको दाउरो खरानी भइसकेको थियो।

माझमाझमा गोरुको घाँटीमा झुण्डिएको घण्टी बज्दथ्यो।

उनीहरू सुते।

त्यो एउटा घर हो। यस्तो घर, जसको समाजले पनि उपेक्षा गर्दछ। जीवनलाई अंकुश लगाएर सीमानाभित्र घेरेको घर होइन। त्यो साइनो पनि कतिपय नियमहरूमा आधारित, कतिपय सुदृढ विश्वासहरूमा बाँधिएको छ। बूढो, बूढीका लागि र बूढी, बूढोका लागि। हुनत जीवनको क्रमीकरण र स्पष्टतामा त्यो साइनोले आफ्नो भूमिका निभाइरहेको छ। तर त्यो घर आशाहरू विच्छेद हुँदा उदास भयो। त्यो गाडा पुरानो भएको थियो। गाँठाहरू पुराना भइसकेका थिए। औ खुट्टीहरू धोल्ला भएकाले हल्लिन थालेका थिए। थाहा थिएन, अझ कति दिन टिक्ने हुन्!

त्यस साइनोको कुनै इतिहास थियो होला। वर्षौंअघि सुदूर ईरानको गुलाफको बर्वैंचामा कुनै वासन्ती रजनी बेला एक अर्कालाई दिएको वाचा दुवैले आजसम्म टुट्न दिएका थिएनन् होला वा त्यो उत्साहवती आइमाईले भूल गरेकी थिइन होली। ऊ पनि यौवनाका याचनाको कायल भए होला। तरै पनि दुवैले सबै बिर्से होलान्। ईरानको साधारण सडकबाट बिजुली जसरी दगुरेर आएको यस गाडीभित्रबाट आशापूर्ण हाँसो औ निरर्थक याचना सुनियो। एउटा बलियो गोरु सिर हल्लाउँदै अघिअघि हिंडिरहेको थियो। अफगानिस्तानका पहाडी बाटाका खाल्डाहरूले त्यस गाडीका उत्कण्ठाहरूलाई प्रभावित पारिरहेका थिए। त्यसबेला उनीहरू अधवैंशे थिए। भारतको 'लू' फैलिने समतल ठाउँ हुँदै प्रचण्ड गर्मीमा उनीहरू हिंडिरहेका थिए। उनीहरूलाई जे भन्न थियो, भने। उनीहरू बूढा भइसकेका थिए। तरै पनि एक अर्कालाई हेरेर अघाउँदैनथे। त्यो गाडी बिस्तारोबिस्तारो हिंडिरहेको थियो।

अर्को बिहान ती बूढा-बूढी त्यही रूखको तल आफ्नो गोरुलाई हेरिरहेका देखिए। गोरु मरिसकेको थियो।

त्यहाँ सस्तै मान्छे जोरिए। सबैले सहानुभूति दर्शाए। तर बूढा-बूढीलाई कत्ति दुःख परेजस्तो लाग्दैनथ्यो। दुवैले केही संझिरहेका थिए।

ती मान्छे माझबाट कसैले अर्कै एकजनालाई सोध्यो, "अब यी दुई के गर्लान् खै? कसरी तान्नन् त्यो गाडा?"

अर्काको उत्तर थियो : "म पनि यही सोचिरहेको थिएँ। सायद गाडा यहीं छोडेर हिंड्छन्।"

"आफ्ना सर-सामान कसरी बोक्ने हुन्?"

"के थाहा, अर्को गोरु किन्लान् कि?"

"खै त्यो अवस्था छैन।"

केही बेरसम्म कोही पनि बोलेन। फेरि कसैले अझ अर्कोलाई सोध्यो : "यिनीहरू कहाँसम्म पुग्ने हुन्?"

"थाहा छैन।"

रूखको छहारीमा बसेको बूढाले केही पर बसेकी बूढीलाई, जसले कतै टाढा हेरिरहेकी थिई, केही क्षण ध्यानले हेर्‍यो। उसका आँखा रसाए। बूढीले लामो सास छोड्दै बूढातिर हेरी। गद्गद् हुँदै उसले केही भन्यो। बूढीका आँखाबाट आँसू झरे।

आकाशतिर हेर्दै हात जोरेर उसले पनि केही भनी। बूढो टाउको निहुर्‍याएर रुन थाल्यो। बूढी नजिकै गई र पिठ्यूँमा हात थम्थमाउँदै बूढालाई संझाउन थाली।

यस दृश्यको अर्थ कसैले पनि संझन सकेन। अर्के एकजना बूढाले यो सबै ध्यान लाएर हेरिरहेको थियो। उसले भन्यो, "त्यसको अर्थ मैले बुझें।"

सबै मानिसहरू बूढाका चारैतिर जोरिए। उसले भन्यो : "त्यस बूढाले गहौं स्वरले भन्यो—यसरी नै एक दिन बाटाको छेउमा म पनि मर्नेछु। त्यतिबेला कसले तेरो साथ देला?"

एकजना युवकले सोध्यो, "अनि बूढीले के भनी?"

"ईश्वरले यस्तो हुन दिने छैनन्। म तिम्रो अनुहार हेर्दा हेर्दै आँखा चिम्लने छु।"

"तपाई उनीहरूको भाषा जान्नु हुन्छ?"

"अँ हँ"

"कसरी बुझ्नु भो' त?"

"यसबाहेक अरू भन्नु पनि के रहेको छ? केही भन्नु पर्ने छैन।"

अर्को दिन बिहान लोग्ने-स्वास्नी दुवै मिली, गाडालाई तानी लैजान थाले—आफ्नो लामो यात्रातिर।

❑❑

मैथिली

## प्रदीप बिहारी

# शरणागत

सबै यात्रीहरूको मनमा भयभाव जाग्यो। यस्तो लाग्दथ्यो वस आफ्नो वाटो छोडेर कतिबेला तल खाल्डोमा खस्ने हो। जीवनमरणको कल्पना उब्रियो एकपल्ट सबैका मनमा।

तर त्यस्तो केही भएन। चालक टाँठो भएकाले जोगायो। यात्रु ढुक्क परे। अब बाँचिने भयो भन्नेहुँदा सबैले एकार्कासित कुम ठोके। सुतेकाहरूको निद खुल्यो। गायत्री पनि ब्यूँझी। उसले त झन् केही चालै पाएकी थिइन–प्रश्न-सूचक दृष्टिले लोग्नेतिर हेरी।

लोग्नेले भन्यो–'बस तल खसिसकेको थियो, अझै बाँच्न लेखेको रहेछ, बाँचियो।'

लोग्नेको कुराले गायत्रीको अनुहारमा कुनै परिवर्तन ल्याएन। बसगाडीको माझको हिंड्ने ठाउँमा सुतिरहेकी छोरीलाई हेरी। हेराइ देखेर लाग्दथ्यो मानौं उसले छोरीको अवस्था बुझ्ने प्रयास गरिरहेकी छे–सुतिरहेको त्यो शरीर उसकी छोरीको हो या कुनै लाश!

लोग्नेले गायत्रीको मनःस्थिति बुझ्यो र फुस्ल्याउन थाल्यो–'केही भएको छैन उसलाई। ऊ ठीक छे।' केही रोकिएर पुनः बोल्यो 'उसलाई केही हुँदैन। तिम्रो सारीको पछ्यौरा च्यातेर बाँधिदिएको छु उसको घाउमा। तिमी सुत्ने चेष्टा गर। बिसञ्चो छ तिमीलाई पनि।' तर, गायत्रीमा कुनै प्रतिक्रिया भएन। उसले लोग्नेतिर हेरी। त्यस निष्प्राण शरीरको छेउमा बसेको बाह्र-तेह्र वर्षे केटोले आमाको स्थिति बुझिसकेको थियो क्यार; उसले पनि थप्यो–'दिदी ठीकै हुनुहुन्छ। म त छु नै तपाईं केही छिन सुत्नोस्? गायत्रीलाई भने सहन भएन। चिच्याउन थाली। लोग्नेले सम्झाउन, शान्त्वना दिन थालेपछि भने केही शान्त भई तर मन्द स्वर निस्किरहेको थियो–'आए... राक्षेसहरू आए...गर-गहना लुकाऊ...शान्ता, एक्लै लडेर जित्न सक्तिनौ तिमी... लान देऊ...जति लान्छन् लान देऊ...आफूलाई बचाऊ...?' उसको स्वर झन् झन् मन्द हुँदै गइरहेथ्यो।

शान्त, अचेत भई गायत्री।

छेऊको सीटमा बसेको यात्रीले भन्यो—'भाग्दाखेरिको दृश्य मनमा पऱ्यो होला!'

किनारपट्टिको यात्रीले थप्यो—'नभन। मेरा पिताजीलाई पनि हिर्काइ-हिर्काई मारिदिए, घरमै। त्यसपछि मलाई हेर्नै दिएनन्। लतार्दै ल्याएर बस-बिसौनीमा फाले।'

'सम्पत्तिको मोहले होला,' तेस्रो स्वर—'हामी त कस्तो जीउ जोगाएर भाग्यौं। आउन त मेरो डेरामा पनि आएका थिए। तर मैले हाकै भनिदिएँ कि कुट्पिट नगर, जे जति चाहिन्छ लैजाऊ। उनीहरूलाई घरबार सुम्पी निक्लें। केहीछिन बिसाएर भन्यो—'बाटोमा चाहिनेसम्म पनि केही लिन दिएनन्।'

'वर्षौं सिर्जेको सम्पत्ति...यस्तो लाग्यो मानौं कलेजो चुँडिरहेछ।' बोल्दा बोल्दै रोकियो अर्को यात्री।

बौलाहाजस्तो प्रबृद्ध भन्दै थियो—'जसको सम्पत्ति लुटियो...जहानहरू मरे, उनै सोचून्। म त भोको, नांगो मान्छे। मेरालागि त जस्तो भुटान, उस्तै नेपाल। भुटानमा पनि असुरक्षित थिएँ, नेपालमा पनि असुरक्षित नै रहूँला।'

'त्यसो किन भन्छस् भाइ?'

'नेपाल सरकारले निम्तो दिएको छ र जाँदैछौं?'

'हिजोसम्म त नेपाल आफ्नो थिएन। आज विपत् पऱ्यो र नेपाल आफ्नो देश भयो।'

'दुर्दिनमा जसले साथ दियो उही आफ्नो हुन्छ।'

'ठीक छ, ठीक छ हिंड नेपाल सरकारले हाम्रालागि हलुवा-पुरी बनाएर राखिदिएको छ। चिस्सिसक्यो होला?'

उसको कुरा सुनेर सबैलाई हाँसो उठ्यो।

अर्की एउटी आइमाई भन्दै थिई—'बल्ल केही शान्ति पाइयो। जतिबेला बसमा कोचारेको थियो, दुर्गन्धले गर्दा आँतै निकाल्लाजस्तो पारेको थियो...अहिले खै त्यो दुर्गन्ध?' केही रोकिई, पुनः भनी—'दुर्गन्ध कहाँबाट फैलिएको थियो?'

'सबै ठाउँबाट आएका मान्छे छन् नि यहाँ त। यस बसका एक चौथाई मान्छे भुटानको त्यस पर्वत शृंखलासित सम्बद्ध छन् जहाँ कति दिनसम्म त मान्छेले पानीसमेत छुँदैनन्, उनीहरूकै जीउको गन्ध हो।'

'नेपालमा पनि त यिनीहरूसितै बस्न पर्छ होला?'

'नत्र कोसित कहाँ बस्ने? गर्मी सहँदै र झरीमा भिज्दै' त्यो आइमाई जिरिङ्ग परी। फेरि केही ढुक्क पर्दै भनी—'मैले त कतिपय केटा-केटी खोजेर 'ट्यूशन' पढाउँछु—केही न केही त गर्नु पऱ्यो?'

बौलाहालाई भने सही नसक्नु भएछ, भन्यो–'मादल वजाउनु व्यर्थ, चाक ठटाएजस्तो होइन।'

'के अरे?' आइमाईको स्वर।

'नबोल्' पुरुष स्वर निस्क्यो–'बौलाहाका कुराको पनि केही अर्थ हुन्छ?'

त्यति बेलै पुनः गायत्री चिच्याएको सुनियो। उसले भनिरहेकी थिई–'शान्ता! शान्ता!! भनेकी थिएँ नि...मैले त मनाही गरेकी हुँ–विरोध नगर्नू...एक्लै जित्न सक्तिनौ...' बिस्तारै बर्बराउन थाली–'सानैबाट जिद्दी छे यो केटी। भन्दथी, ठूली भएँ भने भुटानकी सेनानायक बनिछाड्छु लौ, भई त...'

छोरो माझैमा बोल्यो–'त्यसो किन भन्छ्यौ आमा? दिदीलाई केही भएको छैन। उनलाई सञ्चै छ।' लोग्नेले फेरि सम्झाउन थाल्यो, 'तिम्रो पनि त जीउ सञ्चो छैन। केहीछिन सुत' हिच्किचाउँदै गायत्रीले लोग्नेलाई सोधी–'शान्ता भुटानकी सेनानायक हुन्छे, हैन त?'

चुप लागेको लोग्ने हठातै बोल्यो–'अँ, हो हो...निश्चय। तिमी एकछिन सुत। अब हामी छेऊमै आइपुगेका छौ।' गायत्रीले अट्टहास लगाई–'प्रोफेसर! आज तिमीले झूटो बोल्यौ, हैन त? तिमीले त प्रतिज्ञा गरेकै थियौ मसित झूटो नबोल्ने।'

प्रोफेसर अर्थात् गायत्रीको लोग्ने, चुप रहयो। गायत्रीको अट्टहासले यात्रुको ध्यानाकर्षित गऱ्यो। गायत्रीको छोराले स्वयंलाई केही तन्किएजस्तो अनुभव गऱ्यो, आमाको हात समात्दै भन्यो–'आमा, हामी थाकेका छौं, हारेका छैनौं। केही विश्राम गरी फेरि हिंड्ने छौं।'

'प्रोफेसरले गायत्रीतिर हेरेर भन्यो–'सरी!' (क्षमा गर)

त्यति नै बेला बस रोकियो, सबै साकांक्षित भए। उनीहरू लागेको टुंगोतिरबाट आएर एउटा बस त्यहीं रोकियो। दुबै चालक बात मार्न थाले।

'कहाँसम्म पुऱ्याएर आयौ?'

'नेपालको सीमाना–काँकडभिट्टासम्म'

'त्यहाँबाट?'

'उनीहरूले 'माई' नदीको बगरसम्म पुऱ्याइदिन्छन् भन्ने सुनेको छु', बस हिंड्न थाल्यो। बौलाहाले सुन्यो। 'माई' पवित्र औ पूजनीय नदी। वर्षमा एकचोटि ठूलो मेला लाग्छ त्यहाँ। प्रायः जसो दशैंताक। बौलाहाले घोषणा गऱ्यो–'सुन्नोस, सुन्नोस् है दाज्यूभाइ। हामीहरू 'माई' नदीको बगरमा बिसाउने छौं।'

माई नदीको नाम सुन्नासाथ कतिपयले शिर निहुऱ्याए। कतिपयले आफ्ना दसै औंला जोरेर प्रणाम गरे।

एउटी आइमाईले एकजना लोग्नेमान्छेसित सोधी—'त्यही माई नदी जहाँ दिल कुमारी उप्रेती आफ्नो छोराको ब्रतबन्ध गर्न आएकी थिई?'

माझैमा बौलाहा चिच्यायो—'अँ देवीजी! त्यही।'

आइमाई चुप लागी। बसले भारतको सीमाना नाघिसकेको थियो। नेपालको सीमान्त नदी मेचीको पुलबाट बस हिंडिरहेको थियो। 'पुल काटेपछि काँकडभिट्टा' बौलाहा गर्ज्यो। यात्रीहरू चल्बलाउन थाले। काँकडभिट्टा पुगी बस रोकियो। यात्रीहरू ओर्लिए। गायत्री पनि। शान्तालाई पनि ओह्रालियो। गायत्रीले शान्तालाई हेरिरही। शान्ताको जीउमा कुनै स्पन्दन थिएन—कत्ति पनि।

प्रोफेसरले लख काटे। उनले संकेतले छोरालाई जनाए। छोराका धैर्यको परीक्षा थियो यो।

त्यतिबेलै कुनै स्थानीय मान्छेले भन्यो—'सरकारी निर्देशानुसार बाहिरफेरबाट आउनेहरूको रगत जँचाइनु पर्छ। त्यसै सबै पंक्तिबद्ध भई मलेरिया कार्यालयतिर जानु होला अनि आफ्नो नाउँ, ठेगाना लेखाएर रगत जँचाउनु होला।'

कतिपय मलेरिया कार्यालयतिर लागे। बौलाहा, प्रोफेसरसित थियो, सोध्यो—'प्रोफेसर साहेब, यो लाशलाई कता लानु?'

गायत्रीले सुनी। चुप। फेरि बोली—'के भन्नु भा' को? शान्तालाई के भो' र?'

केटाले आमालाई चुप रहन लगाउँदै भन्यो—'केही होइन।'

प्रोफेसरले केही निर्णय लिए। अरू दुई-चारजनाको सहायताले छोरीको लाश बोकेर मेचीतिर लगे।

गायत्री चिच्याई—'कता लाँदै हुनुहुन्छ...मेरी शान्तालाई कहाँ लानु भएको...?'

बौलाहाले फर्केर हेऱ्यो र जवाफ फर्कायो—'भुटान।'

गायत्री पनि त्यतै दगुर्दै थिई कि छोराले सारीको पछ्यौरा समात्दै सम्झायो—'आमा, तिमी कहाँ हिंडेकी? बाबांले दिदीलाई भुटान लैजाँदै हुनुहुन्छ।'

'दिदीलाई भुटानको बसमा छोडेर आउनु हुन्छ।'

त्यतिबेलै एकजना मानिस आएर भन्न थाले कि मलेरिया कार्यालयले कसैको पनि रगत लिएको छैन, भन्दैछ—'भुटानबाट आउनेहरू वायरस रोग लिएर आएका छन्। त्यही सरेर एकजनाको मृत्यु भयो।' माई नदीतिर लाग्ने बस तयार थियो। आगन्तुकहरूलाई मिलाइ-मिलाई राखिंदै थियो। गायत्री, प्रोफेसरको प्रतीक्षामा थिई, छोरो पनि।

एकजना नेताजस्तो देखिने मान्छे चालकसित बात मार्दै थियो—'छिट्टै लैजाऊ, अझ केहीछिन उनीहरू यहाँ बसेभने, काँकडभिट्टाभरि दुर्गन्ध फैलिन्छ।'

कसैले उसलाई झपाऱ्यो—'यो के? तिम्रो पार्टी त गरीब-गुर्बाहरूको उद्धारका लागि लडिहिंड्थ्यो, अहिले...?'

नेताजस्तो मान्छे माझैमा बोल्यो—'तपाईं यो चाल बुझ्नु हुन्न। जीउ ठीक छ भने पो पार्टी-सार्टी छ...' अघि 'सरकारले बिनासित्तै राडो लिएको छ। यी सत्तामा बसेकाले अब धर पाउँदैनन् है। परोपकार गर्ने रे। म त भन्छु—नयाँ मंत्रीमण्डल भएको छ। अधिराज्यभरि समस्याहरू मुख उघारेर हेरिरहेका छन्, त्यहीमाथि...' अनि चालकलाई आदेश दिंदै भन्यो—'के भो? .बस चालु गर।'

प्रोफेसर फर्किसकेका थिए। बौलाहा पनि आइपुगेको थियो। अरूहरू पनि बसभित्र पसिसकेका थिए।

प्रोफेसरतिर आँखा पर्नसाथ गायत्रीले सोधी—'बसमा राम्ररी बसाल्नु भो'त? सिट त भेटियो?'

सम्पूर्ण व्यथा निल्दै प्रोफेसरले यत्ति भन्न सके—'अँ।'

अब सबै बसमा आ-आफ्नो ठाउँमा बसिसकेका थिए। गन्तव्यमा पुगेपछि त्यहाँ भएकाहरू प्रोफेसरलाई आफ्नैजस्ता लागे। प्लास्टिकको छानो हालेको झुप्रोमा बाँचिरहेका प्राणीहरू...।

यहाँ राखिएका प्रत्येक परिवारको भागमा एउटा एउटा झुप्रो परेको छ। स्वयंसेवी संस्थाहरूको तर्फबाट प्रति व्यक्ति प्रति छाक अढाइ सौ ग्राम चामलको हिसापले एक हप्ताको राशन बाँडिएको छ। ढुङ्गाले बनाइएका चुल्हा अनि बनबाट ल्याइएका दाउरा।

बौलाहा प्रायः सधैं नै प्रोफेसरलाई भेट्थ्यो। दुई चार दिनपछि नै उसलाई प्रोफेसरले सोधेका थिए—'यहाँ कस्तो लाग्दैछ त?'

बौलाहाले जवाफ फर्काएको थियो—'ठीक भन्न त सक्तिनँ, तर एउटा कुरो है...।'

'के?'

'यहाँ त सबै नै एउटै धर्म, एउटै जाति र एउटै वर्णका भएजस्तो पो लाग्दैछ।'

हप्ता दिन पनि भएको थिएन एउटा घटना घट्यो। पहाडी क्षेत्रबाट आएका यिनीहरूलाई, नेपालको यस तराई क्षेत्रमा बसिनसक्नु भयो। उनीहरू बिरामी पर्न थाले, मर्न पनि थाले। सरकारबाट उपचार व्यवस्था पनि गराइयो। स्वास्थ्य विभागका कर्मचारी पनि आए। औषधि पनि बाँडियो। तर यो क्रम दुई-चार दिन मात्रै चल्यो। त्यसपछि उनीहरू पनि आउन छोडे। हो-हल्ला सुनियो कि स्वास्थ्य विभागका एक जना कर्मचारी उनीहरूकै संसर्गले गर्दा मऱ्यो अरे!

प्रोफेसरको छोरो कड्क्यो—'वेसै भयो। डाक्टर आएको भए जाँच गरी हेर्थ्यो, उसको व्यथा सुन्थ्यो, सम्झन्थ्यो पनि। यी स्वास्थ्य विभागका कर्मचारी र कार्यकर्त्ता खै के जान्दछन् र?'

बौलाहालाई पनि सहिनसक्नु भयो—'अब त यही नै बुझ्नु पर्‍यो बाबु! जुन देशको कम्पाउण्डर यति दुर्बल छ, डाक्टर झन् कस्तो होला?'

'म त ठान्दछु—डाक्टरले त हाम्रो बारेमा सुनेको पनि नहोला। सुन्नेबित्तिकै मर्न बेर छैन। हामी त 'वायरस' पो लिएर आएका छौं, हैन त...?'

केटाको मुट्ठी कस्सियो। खकारेर थुकिदियो बाटोमा। केटाको अवस्था बुझेर बौलाहा सोच्न थाल्यो—जुन छात्रलाई स्कूल लैजानपर्दा विश्वविद्यालयबाट गाडी आउँथ्यो, अब उसको स्कूल नै रहेन। कति चेतनशील छ केटो। त्यस दिन भन्दै थियो माई नदीको बगरमा बस्नेहरूले अब युद्ध गर्नु पर्छ—मानवाधिकारको युद्ध!

प्रोफेसरले सोचिरहेको थियो—आठ महिना बिते। यसबीच धेरै मान्छे आए, मरे र माई नदीको छालसित मिस्सिए। उनीहरूमाझ प्रश्न-चिह्न उब्रिएको थियो। जसको इच्छा-शक्ति जुन क्रमले क्षीण भइरहेको थियो, त्यही क्रममा ऊ पनि मृत्युको नगीच पुगिरहेको थियो। प्रोफेसरले केही सोचिरहेको, विचारिरहेको थियो। राजमार्गको दुईतिर राखिएको यस समाजप्रति कसैले चासो लिएका थिएनन्। बसबाट आऊ-जाऊ गर्ने मानिसहरू आ-आफ्ना नाक थुनेर अथवा झ्यालको शीशा बन्द गरेर हेर्दथे। गाउँतिर त उनीहरूलाई पस्नै दिइन्नथ्यो।

त्यस दिन प्रोफेसरले सोचेर बसिरहेको बेला केही पुलिस औ पत्रकार आएका थिए। प्रहरीलाई देख्नसाथ गायत्रीले उसलाई अँगालो हाल्न खोजी। प्रहरीले अवस्था बुझेर केही स्वाभाविक बनिदिएपछि प्रोफेसरले स्वास्नीलाई सम्हालेको थियो। गायत्रीले प्रहरीलाई सोधेकी थिई—'तपाईं हुलाकी हुनुहुन्छ हैन त...मेरी शान्ताको चिट्ठी ल्याउनु भएको छ?'

प्रहरीले प्रश्न-दृष्टिले गायत्रीलाई हेर्‍यो।

गायत्री बोल्दै थिई—'साँचो भन्दै छु। शान्ता, मेरी छोरी शान्ता...भुटानकी सेनानायक। शान्ता...'

छोराले आमालाई संझायो—'आमा, जाने बेलामा दिदीले भनेकी थिइन्—आमालाई मेरो चिट्ठीको बाटो नहेर्न भनिदिनू। म चिट्ठी लेख्दिनँ आफैं आउँछु।'

गायत्री थान्किई, प्रहरीलाई भनी—'क्षमा गर हुलाकी दाइ! जाऊ अरूको चिट्ठी बाँड।'

गायत्री आफ्नो झुप्रोतिर लागी। बौलाहा चर्को गरी हाँस्दै भन्यो—'तपाईंहरू त

समस्यालाई बुझ्न आउनु भएको हो, हैन त...त्यसो हो भने तपाईंबाट निश्चय पनि यहाँको दुःखद दृश्य लुकेको नहोला, तर...'

माझैमा पत्रकारले सोध्न खोज्यो—'यो...शान्ता...?'

'हो! यस आइमाईकी तरुनी छोरी थिई' गायत्रीतिर संकेत गर्दै 'बी.ए. पास भुटानकी सेनानायक बन्ने अभिलाषा थियो। जुन राति ती नर पिशाचहरूले यिनीहरूलाई लखेटे, एक्ली शान्ताले नै त्यसको विरोध गर्दै डटेर लडेकी थिई। आखिरीमा...' बौलाहा थान्किएजस्तो भयो तर वाक्य पुरा गर्दै भन्यो—'यस्तो ठाउँमा छुरा रोपिदिए कि... ।'

'कहाँ?'

'गुप्तांगमा' बौलाहा हठाँते चर्कियो—'मारपिट लुट्मार त गरे साथै धेरैको इज्जत पनि लुटे औ डरलाग्दो किसिमले घायल पनि पारिदिए, कति त उहीं मरे।'

'अनि शान्ता?'

'उसलाई हामीले बोकेर ल्यायौं। काँकडभिट्टामा ओराल्यौं। त्यतिबेलासम्म त ऊ मरिसकेकी थिई। बोकेर लग्यौं अनि मेचीको पुलबाट तल नदीको प्रवाहमा हुत्याइदियौं।' केही समयका लागि परिवेश मौन रह्यो।

अर्को पत्रकारले सोध्यो—'तपाईंको परिचय?'

'भुटानमा पनि भोको—नांगो थिएँ नेपालमा पनि', विद्रूप हाँसो हाँस्दै बौलाहाले भन्यो—'हिंड्नोस् अब अरूलाई भेटौं।' सबै बौलाहाका पछि लागे। एउटा झुप्रोअघि बसेकी आइमाईलाई सम्बोधन गर्दै बौलाहा बोल्यो—'बसमा चौपट्टै गफ मार्दै थिई—छात्र-छात्रालाई ट्यूशन पढाएर भए पनि् केही न केही उपार्जन त गर्छुनै। खै के भो?'

आइमाईले भनी—'कसैले ढोका छेऊ पनि पुग्न दिंदैनन्। टाढैबाट ढुंगा फालेर लखेट्छन्। भन्छन्—छुत्को रोगं छ' केही बिसाउँदै पुनः बोल्छे—'मलाई त यस्तो लाग्दैछ, फोक्कै पो आएँछु...बेसै हुन्थ्यो उहीं मरेकी भए?'

त्यतिबेलै एकजना मानिस दगुर्दै आयो र बौलाहालाई भन्यो कि प्रोफेसरको छोरालाई केही भएको छ। सबै प्रोफेसरको झुप्रोतिर लागे।

प्रोफेसरले आफ्नो छोरालाई अँगालोमा कसेको थियो। सबै त्यहीं पुगे। सबैले देखे केटाको जीउ दह्रो र सोझो हुँदै गइरहेको छ औ आखिरमा उसको शरीर बाउको अँगालोबाट लत्रेर शान्त भयो।

गायत्री छाती ठोक्दै रुन थाली। अरू आइमाई उसलाई आश्वासन दिने प्रचेष्टा गरिरहेका थिए—'धैर्य राख्नोस् गायत्री बस्नेत, बाबुलाई केही भएको छैन।'

गायत्रीले प्रश्न-दृष्टिले प्रोफेसरतिर हेरी। प्रोफेसर पनि असमञ्जसमा परेका थिए। केही भन्न खोजेका थिए, गायत्रीले काटी—'हेर, झूटो नभन्नू।'

प्रोफेसर चुप रहनु पऱ्यो।

गायत्री झन् रुन थाली। आइमाईहरू संझाइरहेका थिए।

प्रोफेसरले बौलाहातिर फर्केर हेरे। दुबैका आँखा जुझे। लामो निःश्वास फाल्दै प्रोफेसर उठे। दुबैले मिलेर केटालाई उचाले र माई नदीको पुल भएतिर लगे।

प्रोफेसरलाई यो डरले घेरेको थियो कि कहीं गायत्रीले यो नसोधिदियोस् कि छोरालाई कहाँ लगिरहेका छौ? प्रोफेसरले के जवाफ फर्काउनु? शान्तालाई लैजाँदा त छोराले जवाफ फर्काएको थियो। तर...गायत्रीले केही पनि सोधिन। उसले एकोहोरिएर हेरिरहेकी थिई।

□□

<u>हिन्दी</u>

## फणीश्वरनाथ रेणु

# दिल बहादुर दा'य

---

त्यस दिन फेरि दिल बहादुरको संझना आयो...आँखाअघि उसको हँसिलो अनुहार देखिन थाल्यो। दिल बहादुरको नेपाली हाँसो! जब मैले उसलाई पहिलोचोटि देखेको थिएँ—ठीक त्यस्तै हाँसो!

1942, जन आन्दोलनको बेला। दर्जनौंचोटि जेलको ढोका चर्मराउँदै खोलिन्थ्यो—हूलका हूल घाइते, अर्ध-घाइते हुलिन्थे। बिहान थुना परेको मानिस बेलुकीसम्म पुरानो भइसक्थ्यो। तर जब जेलको ढोका चर्मराउँथ्यो—जेलभित्रका सबैका आँखा उतै फर्किन्थे। नारा लगाउँथे—कहिलेकाहिं होहल्ला पनि मच्चिन्थ्यो। आगन्तुक हूलमा घाइतेहरूलाई पट्टी लगाइदिइन्थ्यो, उसलाई अस्पतालमा भर्ना गरिन्थ्यो ...यस्तै हूलमा एक दिन दिल बहादुर देखा पर्‍यो। शुरुमैं मेरो दृष्टि ऊमाथि पर्‍यो, मानौं ऊ ती हूलमा दसौं वा पन्ध्रौं व्यक्ति नभई पहिलो व्यक्ति हो। ...खाकीको पतलून अनि भित्री गञ्जी। कैलो वर्ण, रित्ता आँखी भौं अनि ओठमा नेपाली हाँसो। अँ, नेपाली हाँसो! रामलीलामा देखिने 'मुखौटा'-हरूको मुखमा जस्तो अर्थ-भावहीन मुस्कान हुन्छ—ठीक त्यस्तै!

पहाडिया, नेपाली, मोरंगिया, पर्वतिया, किरबा र अरू के के हुन् नाउँ डाक्दथे—उसले सधैं हाँसेरै प्रत्युत्तर दिन्थ्यो वा टाल्दथ्यो। तर 'भूत' भन्दा ऊ रिसाउँथ्यो। ऊ कुन बेला रिसाउँछ, रिसाउँदा उसको मुखाकृति कस्तो हुन्छ बुझ्न साह्रो थियो। त्यसकारण कतिचोटि त उसले रिसले कतिको टाउकामा आफ्ना नंग्राले चिथारी टाटो पारिदिएको थियो। रिसको झोकमा हठातै उसले आक्रमण गरिदिन्थ्यो—जंगली बिरालोले झैं—उफ्रि-उफ्री, आक्रमण गर्थ्यो र मुखले 'फियूँफियूँ/छिऊँछिऊँ' को स्वर निकाल्थ्यो। उसका नंग्राहरू विषाक्त परेका थिए—मेरा एकजना सहयोगीले उसको कोपराइले गर्दा पाँच महिनासम्म पट्टी बाँधेर बस्नु परेको थियो।

विस्तारै अवस्था यहाँसम्म पुग्यो कि दिल बहादुरलाई अरूहरूले 'बायकट' नै गरे। सब्जीमा कीरो छ, त्यसकारण सब्जी 'बायकट' गर भनेझैं—जेल कमिटिमा पनि

प्रायः सबैको नै सहमति थियो कि दिल बहादुरसँग कोही कुराकानी नगरुन्। दिल बहादुरमा तर यस्को कुनै प्रतिक्रिया भएन। दिउँस जब हामी सबै भित्र बसेर ताश खेलिरहेका अथवा सुतिरहेका हुन्थ्यौं ऊ वार्ड बाहिरको रूखतल बसी शून्य आकाशलाई एकाग्र हेरिरहन्थ्यो मैले कतिचोटि त उसले रूखको डालीमा बसेको चरोलाई गिज्याइरहेको देखेको छु। रूखको डालीमा बसेको चरो कराउँथ्यो—कूँई कू-कू-कूई। दिल बहादुर उत्तर फर्काउँथ्यो—हू-हू-हू-! मैले यसरी हेरिरहेको देख्दा नजीकै उभिएको वार्डर साहेबले भनेको थियो—'ससुरो बौह्लाएछ!'

'हँ बौह्लाएको छ!' —कुन्त किन हो मलाई यस्तो लागेको थियो कि वार्डरले उसलाई होइन मलाई बौलाहा भनिरहेछ। त्यस दिन अरू कोही हुँदो हो त 'बौलाहा घंटी' बज्थ्यो।

...हजारौं विद्रोहीहरूलाई यसरी एकै ठाउँमा राख्नुको तात्पर्य नै हो महिनामा एकचोटि 'बौलाहा घंटी'...हामी यसक्षणको लागि तैयार नै रहन्थ्यौं—जेलका अधिकारीहरू जस्तै!

'टू-टू-! टू टू!!' —जेलभित्रबाट पहिले सिटीको स्वर निस्कन्छ 'ढन-ढन-ढनांग, ढनांग!'—अनि बाहिरको घंटी बज्दछ।

'खच-खटाक्'—जेलका फलामका खापा थर्कन्छन्।

'एबोठान!'

'किक् मार!' —कर्कश कण्ठको आदेश।

'फट् फट्—चट् चट्...' एउटा हातमा राइफल र अर्कोमा बेत लिएर सिपाहीहरू दगुर्छन्।

एकेक गरी वार्डका सबै दैलाहरू अघि नै बन्द भइसकेका छन्।

प्रत्येक वार्डका झ्यालमा बन्दूक ताकेर सिपाहीहरू उभिएका छन्।

...खड़ खड़ाक्...वार्ड खोलिन्छ अनि सिपाहीहरूले भित्र पसेर हिर्काउन थाल्छन्।

चिच्याइ कराइ आह! अफिसरको गालीको स्वर अरू वार्डमा समेत पुगेको हुन्छ। ...दिल बहादुर मेरै वार्डमा थियो। हामी सबै कम्बल ओढेर गुरुकुलका विद्यार्थीहरू जस्तै 'जप' गर्ने मुद्रामा बसेका थियौं। साथीहरूका अनुहार भययुक्त देखिन्थे। मेरो छेउमा एकजना वयोवृद्ध हुनुहुन्थ्यो—उहाँले कुन्त किन हो कम्तीमा पनि पचासपल्ट आफ्नो शिरको टोपी...तर म भने दिल बहादुरलाई नै लक्ष्य गरिरहेको थिएँ। उसको ओठमा उही हाँसो थियो। ऊ उभिएर टहल्न खोज्थ्यो तर अरूको हप्काइ सुनेर बस्न बाध्य हुन्थ्यो—'एऽ सिस्!'

दिल बहादुरसित भने मेरो सधैं नै राम्रो पट्थ्यो। त्यसकारण मैले उसलाई आफू समक्ष डाकें। उसले 'फिक्क' हाँस्दै सोध्यो—'के हुन्छ?' मैले हातको संकेतले भने—'पिटूँला!'

'पिट्ने भए म पनि पिट्छु'–दिल बहादुरले सोझो पाराले उत्तर दियो।

'उसलाई सम्झाउनु होस्, नत्र फोक्कैमा...' कसैले भन्यो।

भनाइ नसिद्धिदै फाटकको ढोका चर्मरायो–'दिल बहादुर यस्तो न गर' तर चुटाचुट् आरम्भ भइसकेको थियो। फेरि लौराको स्वर, कहराइ, चिच्याइ-गुहार, नारा अनि अफिसरको गाली...।

'फोंय-फूई-फियों-छियों-छियों' दिल बहादुर लडिरहेको थियो–मानौं लड्ने क्रममा सूर नभएको केही बजिरहेछ। हठातै क्रम रोकिन्छ...सबैका आँखा दिल बहादुरतिर हुन्छन्। दिल बहादुर एकजना सिपाहीलाई समेत समातेर उसको छातीमा चढी मुखले 'फियों फियों, छियों छियों' को स्वर निकालिरहेछ। महाभारतमा दुःशासनको छातीमा चढेर भीमले रगत पीएजस्तो दृश्य! अन्ततः वार्डका सबैको साटो एक्लै चुटाइ खाएर दिल बहादुर जेलको अस्पतालमा भर्ना भयो।

दिल बहादुरसित म खस नेपाली भाषामा कुरा गर्थे। त्यसकारण ऊ केही भन्न परे वा सोध्न परे मसँग आउँथ्यो। दिउँस जब हामी सबै एक कुनामा बसेर तास खेलिरहेका हुन्थ्यौं ऊ नजीकै बसी काटेका तासका पत्ताहरू समातेर यता उति गर्थ्यो। माझमाझमा आ-आफैं बोल्थ्यो पनि–'थीरी एसपेड–नोबीड!' दिल बहादुर आफ्नो घर नेपालको तीन नम्बर पहाडमा हो भन्थ्यो। ...गाउँबाट सबै ठीटाहरू मधेशतिर झरे। आफ्नै गाउँको भक्त बहादुरले उसलाई लख्नौ लग्ने आश्वासन दिएको थियो, तर दिल बहादुरकी आमा बिरामी परेकाले ऊसँग जान सकेको थिएन। आमालाई सञ्चो भएपछि नै ऊ मधेशतिर झरेको हो। मधेश, जहाँ मट्टीतेलबिना नै उज्यालो हुन्छ! रेलगाडी, जहाज! जहाँ कुनै काम गर्न पर्दैन। हातमा बन्दूक लिएर दिनभरि उभिनु पर्‍यो, राति पहरा दिनु पर्‍यो! ...'इण्डियन करेन' पाइन्छ–हात-खुट्टाका औंलाहरू गन्दा जति हुन्छन् त्यसभन्दा पनि बढ्ता।

'पल्टन'-मा भर्ना हुन पाउने हो भने त कुरै रहेन! फुर्ती नै फुर्ती। सधैं खसीको मासु र रक्सी। सुबेदार बाबु सालैपछि गाउँमा आउनु हुन्छ र पल्टनका फुर्तीला कथा बाँच्नु हुन्छ–मेमले बुनेका 'स्वेटर' कति सुहाउँदिला हुन्छन्। अरू काम गर्न परेन–मज्जाले खायो–परेड गर्‍यो...पैसा? झूटो बोले गाईको रगत पिउन परोस्–एकै सालमा बत्तीसै दाँतमा सुन जडिन्छ...। गाउँ त बूढा-बूढी, आइमाई र केटा-केटीका लागि मात्रै हो। अल्लरेहरू कहीं घर कुरेर बस्छन्? ...'खुकुरी भीरेर कान्छा, जानु पर्छ जर्मनको धावैमा!' गाउँमा अरू के छ? पाँच मन सुन्तलाको डोको दिनभरि बोक्दा पाँचाना पाइन्छ। ...घरबाट निस्केर अंग्रेज सरकारको इन्द्रजाल हेर–

धन्य धन्य अंग्रेजी सरकार!

पानीमा जहाज चलाएको

आकाशमा जहाज उडाएको!!

डेरा छोड्दा दिल बहादुरको हृदय केहीबेरका लागि गुहुँगो भएको थियो। अर्थभावहीन आँखाहरू आँसुले भरिएका थिए। ...भन्छन् फागुनमा पनि बाढ आउँछ। सुन्तलाका रूखको डालो समातेर सानी आमा एकान्तमा घोरिएकी थिइन्। तीन दिन तीन रात दिल बहादुरलाई पहाडको बाटो हिड्नु परेको थियो ठूल्ठूला ढुङ्गामा रात काट्तै, वनका पाकेका फलहरू खाँदै र छहराको पानी पिउँदै दिल बहादुर एक दिन जोगबनी पुग्यो। ...बेलुकी जूट मीलको भोंपू बज्दा दिल बहादुरको मुटु धुक्धुकियो, उसका हात आ-आफैं खुकुरीको बेंड समात्न पुगे अनि जब हजारौं बिजुली-बत्तीहरू एकैचोटि बले, त्यस बेला खुशीले उसका आँखा बन्द भएका थिए। स्टेशनको प्लेटफार्ममा सुतेर घरि आँखा जोर्थ्यो, घरि खोल्थ्यो। रातभरि नीद परेन। उभिएर यसो डुल्थ्यो र झ्याउरेका तुक्का जोर्दै गाउँथ्यो–

'यो झिल्को झलमली राति
कोही छैन साथी
जानु छ मलाई टाढा...!'

गाउँका बुढापाकाले भनेका थिए–'पहिलो बास पर्ने ठाउँको रङ्गी चङ्गीमा भूलेर अघि बढ्न नबिर्सनु। जति अघि गइन्छ, उति रमणीय ठाउँ देखिन्छ।' दिल बहादुर जब कटिहारमा ओर्लियो केही बेरसम्म 'अवाक्' हेरिरह्यो। सयौं रेलगाडीका इञ्जिनहरू! ...पूर्व-पश्चिम, उत्तर-दक्षिण–चारैतिर रेलगाडी हिड्छन्। ऊ कता जाने? स्टेशनमा थाहा लाग्यो कि बाटो बिग्रेकाले कलकत्ता-लख्नौ जाने गाडी नजाने भएको छ। राति कटिहार धर्मशालाको प्रबंधकले उसलाई धर्मशालामा बस्न भन्यो। उसले सोध्यो पनि–'दरबानी' गर्छौ? ...अँहँ गर्दिन; पल्टनमा जान्छु–लख्नौ! ...ठीक छ, ठीक छ; लख्नौ जानु। राति यहीं सिकुवामा सुत।

बिहान जब ऊ ब्यूँझ्यो, चारैतिर फौजै फौज छन्। धर्मशालाका सबै यात्रीलाई पक्रेर रसीले बाँधेको छ। दिल बहादुरलाई 'दोरंग' (इन्स्पेक्टरलाई ऊ 'दोरंग' भन्ने गर्थ्यो)-ले सोध्यो–'रेल लैन काटा?' दिल बहादुरले जवाफ दियो–'हाँ, जोगबनी में भी काटा, यहाँ भी काटेगा।'

मैले हकारें–'किन त्यो कुरा भनेको?'

दिल बहादुरले आँखा बटार्दै जवाफ दियो–'किन! ...जोगबनीमा पैसा तिरेर रेल लैन त कटाएको थिएँ...'

दिल बहादुरले 'रेलवे टिकट'-को कुरा गरिरहेको थियो। 'खुकुरी पनि लियो। रुपियाँ पैसा लियो। थुनि पनि दियो। कस्तो नाथे 'दुरंग'...!' ऊ दाँत बजाउँदै हाँस्थ्यो।

एक दिन दिउँस सुति-सुती बात मार्दामार्दै उसले सोध्यो—'साथी, यो 'सुराज' भन्ने क्या हो?'

बिहानबाट तीन घण्टासम्म द्वन्द्वात्मक भौतिकवादको क्लास गरेर दिउँस केहीक्षण विश्रान्ती लिने बेलामा दिल बहादुरले 'सुराज'—को अर्थ सोधेको थियो। मन एकतमासले कुँडियो। तर दिल बहादुरका ओठमा भने उही हाँसो थियो।...

मैले उसलाई 'सुराज'-को अर्थ सम्झाउने प्रचेष्टा गर्दै भनेको थिएँ—हाम्रो देशको सुराजको लडाईंमा तिमी साथी बनेका छौ, तिम्रो देशमा जब लडाईं होला म पनि तिम्रो साथी बन्नेछु—त्यसो नगरे फेरि कस्तो साथी!'

कहिलेकाहिं म उसलाई झ्याउरे गाउन लाउँथें। झ्याउरे नेपाली लोकगीतकै एउटा जाति हो; जसलाई पहाडी बाटोमा हिंड्ने बटुआहरू गाउँछन्। हिंड्दा हिंड्दै मन भूलाउन गाइन्छ। बनमा दाउरा काट्न जाने तरुणीहरूसित गीतमैं 'सोध-जवाफ' गरिन्छ। बिर्सिएको बाटोबारे सोधनी गरिन्छ। झन् कहिलेकाहिं त प्रतिद्वन्द्विता बढ्दा यात्री वा बटुआहरूको डोको बिसाएर टाढाबाट अदृश्य रूपमा आइरहेकी कुनै स्वास्नीमान्छेको सोधनी स्वरको जवाफ समेत दिइन्छ। जो हार्छ ऊ जित्नेसित संगैमिली जान्छ।

दिल बहादुर एक मन भएर झ्याउरे गाउँछ र माझमाझमा 'चक्' को स्वर निकालेर भन्छ—'खोई, जुवाफ फर्काउने कोही छैन, ऊँह!' गाउँदा उसको अनुहारको रङ् फिक्का पर्थ्यो—कान राताराता हुन्थे...

पुरुष स्वर : झ्यालमा बसेर के खान्छ्यौ नानी?
जौ-केराब भूटेको?
जवाफ : कइले मा पनि बिर्सने छैन, नलीले कुटेको
सोधनी : कानको बाली हातका बाला लाउँदिनौ किन हँ?
जवाफ : रे मूला, बगेको पानी बितेको जौवन फर्केर आँउदैन हो-हो!
बूढीको संगमा...

पाँच सात महिना पछिको कुरो—एकदिन जेल-गेटमा दिल बहादुरलाई बोलाइयो। गेटको प्रहरीले उसका नाउँको पुर्जी ऊ समक्ष ल्याइपुऱ्याउन अघि नै उसलाई डाकेको कुरा त्यहाँका साथी भाइहरूलाई भइसकेको थियो। प्रत्येक आइतबारका दिन जेलबाहिर भेटघाट गर्नेहरूको भीड मच्चिन्थ्यो। जेलभित्र जब पुर्जी आउँथ्यो, सबै आ-आफ्ना नाउँ खोज्न होमिन्थे। खान-पान छोडी घरबाट भेट्न आउनेहरूलाई भेट्ने आत्तुरी लाग्थ्यो। अँ, यो भेटघाटलाई 'मुख देखौवा' भन्दा ठीक रहला। दिल बहादुरलाई को भेट्न आयो?

'दाय! को आएको छ?' —मैले खुशी हुँदै सोधें।

'को आएको छ...कुन्नी।'

गएर ऊ तत्कालै फर्कियो। म दगुरेर ऊनेर पुगें। सबैले नै उसलाई घेरे।

'को आएको थियो?'

'कुन्नी! कुन हाकिम थियो'

'के सोध्यो?' मैले भनें।

'मलाई भने—माँफी माँग। मैले भनें—तुम पनि माँगी माँग। खुकुरी लियो, पैसा लियो, थुनि पनि दियो। तुम पनि माँफी माँग।'

—हो-हो-हो! वाह, खूब जवाब दिया। वाह रे बहादुर! अब यसलाई के भन्नु...।

1947 मा विराटनगर श्रमिक आन्दोलनको बेला नेपाली सैनिकको संगीनले घाइते भएर अनि भारत सरकार द्वारा पक्रा परेर जब पूर्णिया पुगें मलाई ठीक त्यही कोठो दिइयो, जसमा हामी 1942 मा थियौं...दिल बहादुरको संझना आयो। त्यति बेला मन्मनले दिल बहादुरलाई संचार पठाएँ—दिल बहादुर दा'य मैले भनेको थिएँ नी तिम्रो देशको कुनै लडाईंमा मैले पनि साथ दिनेछु।

थाहा छैन यस बेला दिल बहादुर दा'य कहाँ छ? ...कहीं पनि होस्—उसको संझना आउँछ। अघिल्लो महिनामा काठमाडौंको एउटा होटेलमा बसेर चियाका सुर्की लिइरहेको थिएँ। अल्लरे ठीटाहरूको एउटा दल आएर मेरै छेउका कुर्चीहरूमा बस्यो। मतिर केहीबेर हेरेपछि आफ्नो साथीलाई सम्बोधन गर्दै भन्यो—'यो मूला मधिशेहरू...!'

त्यस ठीटालाई के भन्नु। कल झगडाबाट म सधैं तर्कन्छु। मलाई दिल बहादुरको...दिल बहादुर दा' य जहाँ कहीं भए पनि, मैले किरिया खाएर भन्न सक्छु ऊप्रति मेरो कहिल्यै नराम्रो भाव रहेन अनि न कहिल्यै नराम्रो भाव आउनेछ। होटलमा बसेर वात मार्ने नेपाली ठीटाहरू र तीन नम्बर पहाडको ठीटोमा खुबै भिन्नता छ हो कि...!

दिल बहादुर अहिले यहाँ भएको भए 'फिक्' गर्दै हाँस्दै आँखा चिम्लिन्थ्यो र भन्थ्यो—'भनेको कुरा असल नै हो!'

□□

# परिचय

## बीरेन्द्र कुमार भट्टाचार्य (1928-1997)

जन्म : शिवसागर (असम)

असमीया साहित्यका सिद्धहस्त उपन्यासकार, कथाकार औ कवि। राजपथे रिंगियाय, आई, यारुइंगम, मृत्युंजय, कालोर हुमूनियाह, प्रेम आरु मृत्यु आदि प्रसिद्ध उपन्यासका लेखक। सन् 1979 को ज्ञानपीठ औ सन् 1961 को साहित्य अकादेमी पुरस्कारले अलंकृत लेखक वर्ष 1983 बाट 1988 सम्म साहित्य अकादेमीका उपाध्यक्ष औ सन् 1988 बाट 1992 सम्म अध्यक्ष पदमा रहनु भएको थियो। उहाँका रचनाहरू विभिन्न भारतेली भाषामा अनुवाद भएका छन्।

सम्पर्क : श्रीमती वीनिता भट्टाचार्य, खारगुली, नवग्रह मन्दिर छेउ, गुवाहाटी 781004 (असम)

## यू. आर. अनन्तमूर्ति

जन्म : सन् 1932

शिक्षा : एम.ए.

कन्नड साहित्यका सशक्त हस्ताक्षर।

**प्रकाशित कृति :**

कविता संकलन : बावली, 15 पद्यगलु, ऊज्जन हेगल, मेलिन सुक्क लगलु।

समीक्षात्मक ग्रन्थ : प्रईमजु परिसर, सन्निवेश, समागम।

उपन्यास (चर्चित) : सँस्कार।

विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय पुरस्कारले सम्मानित हुनका साथै 'साहित्य अकादेमी' नयाँ दिल्लीका सभापति पनि रहनु भएको।

सम्पर्क : 498, 'सुरगि', एचआईजी हाउस, आरएमवी, सेकेण्ड स्टेज, छठी ए मेन, बंगलौर 560094

## बशीर अतहर
(बशीर अहमद मलिक)

| | |
|---|---|
| जन्म | 15 अप्रैल 1954, हक्रूरा अनन्तनाग (कश्मीर)। कश्मीरी भाषाका प्रतिष्ठित कवि औ कथाकार। कश्मीरी साहित्यका कितापहरू सम्पादित। |
| प्रकाशित कृति | कुलियात असद मीर (कश्मीरी)<br>चिनार रंग (उर्दू) |
| सम्पर्क | दूरदर्शन केन्द्र, श्रीनगर (कश्मीर) |

## पद्मा सचदेव

जन्म : सन् 1940, जम्मू

डोगरी र हिन्दी साहित्य की सशक्त हस्ताक्षर। यी दुवै भाषामा, लेखिकाका प्रचुर कविता, साक्षात्कार, कथा, लेख आदि प्रकाशित छन्।

दीवानखाना, मितवाघर (भेटवार्ता), सबद मिलावा (कविता संग्रह), गोदभरि (कथा संग्रह)

मेरी कविता, मेरे गीत, न्हैरीयाँ गलियाँ, तवी ते चन्हाँ, पोटा-पोटा निम्बल, उत्तर बैह्नी (कविता संग्रह) औ 'नौशीन' (उपन्यास) डोगरी-भाषामा प्रकाशित भएका छन्। साहित्यमा उत्कृष्ट औ समर्पित भावनालाई मध्यनजर राख्दै साहित्य अकादेमी, जम्मू-कश्मीर कल्चरल अकादेमी, हिन्दी अकादेमी, सोवियत लैण्ड नेहरू पुरस्कार तथा उत्तर प्रदेशको सौहार्द पुरस्कारले सम्मानित गरिएको छ।

सम्पर्क : बी 242, चित्तरंजन पार्क, प्रथम मंजिल, नई दिल्ली 110019

## गोविन्द राजु रामकृष्ण राव

शिक्षामा बी.ए., एल्.एल्.एम्. गर्नु भएका विद्वान लेखक आन्ध्रा कथा साहित्यका एकजना प्रमुख विभूति हुन्। उनका कथाहरू विश्वका विभिन्न भाषामा अनूदित भइसकेका छन् औ उनको लेखनको चर्चा पनि भएको छ।

सम्पर्क : नं. 183, श्रीपुरम कॉलोनी,
मालाकपेट कॉलोनी,
हैदराबाद - 500 036
(आन्ध्र प्रदेश)

## सुनील गंगोपाध्याय

जन्म : सन् 1934, फरीदपुर (बांग्लादेश)

बंगाली साहित्यका प्रवीण कवि एवं कथाकार। 'देश' पत्रिकामा प्रकाशित 'एकटि कविता'-बाट उनको चिह्नारी हुन थाल्छ। यसयात्रामा कविता, कथा, उपन्यास, सॅस्मरण, निबन्ध, बालोपयोगी उपन्यास जस्ता विभिन्न साहित्यिक विधामा सफल लेखन गर्नु हुन्छ, फलतः एउटा उपन्यासको आधारमा चलचित्र पनि बन्दछ।

सन् 1985 मा दिल्लीको साहित्य अकादेमीले उनको उत्कृष्ट कृति 'सेइ समय' लाई पुरस्कृत गर्दछ।

सम्पर्क : 'देश' आनन्द बाजार पत्रिका लि., 6, प्रफुल्ल सरकार स्ट्रीट,
कलकत्ता (प.बं.)

## गंगाधर गाडगील

जन्म : 25 अगस्त 1923, बम्बई (महाराष्ट्र)

एकजना लब्धप्रतिष्ठित मराठी लेखक। पहिलो लघुकथा सन् 1941/अगस्टमा प्रकाशित भएपछिबाट कथा संग्रह, उपन्यास, यात्रा सॅस्मरण, नाटक, एकांकी, समालोचना गरी लगभग पचास विभिन्न साहित्यिक विधाका कृति प्रकाशित भएका छन्। उहाँ मराठीका नयाँ कथा लेखन धाराका स्रष्टा मानिनु हुन्छ।

चर्चित पुस्तक : दुर्दम्य, लिलीचे फूल (उपन्यास)
सीधी रेखा, सिर्फ (कथा संग्रह)
महाराष्ट्र राज्य पुरस्कार, अभिरुचि जोग पुरस्कार औ केलकर पुरस्कारले सम्मानित।

सम्पर्क : 4 'अभंग', साहित्य सहवास, बान्द्रा (पूर्व),
बम्बई-400051 (महाराष्ट्र)

## तकषी शिवशंकर पिल्लै

जन्म : 17 अप्रैल, 1912 मा एलैप्पी (केरल)बाट बीस कि.मि. टाढा तकषी गाउँमा। तकषी मलयालम साहित्यका अग्रणी कथाशिल्पी हुनुहुन्छ। उहाँ ती भारतीय रचनाकारहरूमध्ये एक हुनुहुन्छ जसको लेखनीले अन्तर्राष्ट्रिय स्तरमा मान्यता पाएको छ। उहाँको पहिलो कथा सन् 1929 औ पहिलो उपन्यास सन् 1933 मा प्रकाशित भएको थियो। उहाँले लगभग 32 उपन्यास र 600 भन्दा बढी कथा र एउटा नाटक लेख्नु भएको छ। सन् 1956मा उहाँको उपन्यास 'चेम्मीन' साहित्य अकादेमी द्वारा पुरस्कृत भएको थियो। सन् 1964 मा 'एणिप्पटिकल'—ले केरल साहित्य अकादेमी पुरस्कार, सन् 1974 मा सोवियत लैण्ड नेहरू पुरस्कार, सन् 1980मा बृहत् उपन्यास 'कँयर'ले वायलार पुरस्कार भेटेको थियो। साहित्यका प्रकाण्ड पण्डितलाई सन् 1984मा ज्ञानपीठ पुरस्कारले सम्मानित गरिएको थियो।
सम्पर्क : गाउँ/पो. तकषी, अंबलप्पुषा-आलप्पुषा, जिला, (केरल)

## प्रदीप बिहारी

| | | |
|---|---|---|
| जन्म | | 5 मार्च 1963 |
| | | मैथिलीका कथाकार, उपन्यासकार एवं रंगकर्मी। |
| प्रकाशित कृति | : | |
| उपन्यास | : | गुमकी आ बिहाड़ि, विसूवियस। |
| कथा संग्रह | : | औतीह कमला जयतीह कमला, खंड खंड जिनगी, भरि काति भोर। |
| सम्पादन | : | मिथिला सौरभ, हिलकोर, आकार, अंतरंग। यसबाहेक हिन्दी औ नेपाली भाषामा पनि उहाँको दखल छ। युवा महोत्सव 1993 मा सर्वश्रेष्ठ अभिनेता पुरस्कारले सम्मानित। मैथिली टेलिफिल्मको निर्देशन पनि गर्नु भएको छ। |
| सम्पर्क | : | मेनकायन, न्यू कॉलोनी, उलाव। पो. उलाव, जिला : बेगूसराय (विहार) |

## फणीश्वरनाथ रेणु
(सन् 1921-1977)

| | | |
|---|---|---|
| जन्म | : | औराही, हिंगना गाउँ, जिल्ला पूर्णिया (बिहार)। हिन्दी कथा-साहित्यका साह्रै महत्वपूर्ण रचनाकार। दमन र शोषणका विरुद्धमा आजीवन संघर्षरत रहनु भयो। सन् 1942 मा भारतीय स्वाधीनता संग्राममा एकजना प्रमुख सेनानी हुनुहुन्थ्यो। सन् 1950मा नेपाली जनतालाई राणा शासनको अत्याचारबाट मुक्ति दिलाउन सशस्त्र क्रान्ति औ राजनीतिमा जीवन्त योगदान दिनु भएको हो। चर्को लेखन 1953-54 बाट आरम्भ। |
| चर्चित कृति : | | |
| उपन्यास | : | मैला आँचल, परती परिकथा। |
| कथा संग्रह | : | ठुमरी, एक श्रावणी दोपहरी की धूप। |
| संस्मरण-रिपोर्ताज | : | वन तुलसी की गन्ध, श्रुत अश्रुत पूर्व, ऋण जल धनजल, नेपाली क्रान्ति कथा। सत्तापक्षको दमनचक्रको विरुद्ध 'पद्मश्री' उपाधि नाकस। |



Indian Institute of Advanced Study
117472
15/12/04

**खडकराज गिरी** मुलतः कथाकार हुन्–उत्तर आधुनिक कालबाट सोझै समकालीन कथाको फाँटमा फराल्ने कथाकार। उनका कथा कृतिले क्रमशः उनको धारावाहिक उठानका कुरा भन्दछन्।

गिरीको अर्को पक्ष हो अनुवाद। विशेष गरी हिन्दीबाट धेरै कविता, कथाको अनुवाद उनले नेपालीमा गरेका छन् भने नेपालीबाट हिन्दीमा पनि उनका बाक्लै अनूदित कृतिहरू प्रकाशित भएका छन्। भारतीय साहित्य अकादेमीको महत्वपूर्ण पत्रिका 'समकालीन भारतीय साहित्य'-मा खड़कराज गिरीका नेपालीबाट अनूदित कविताहरू छापिएका छन् र प्रशंसित पनि भएका छन्। त्यसबाहेक पूर्वाञ्चल प्रहरी, अनुवाद, अंतरंग, भाषा आदि पत्रिकाहरूमा नेपाली साहित्यका प्रतिष्ठित कवि, कथाकारहरूका रचनाहरूको तीखो स्वाद हिन्दीका पाठकहरूलाई चखाउने काममा निरन्तर व्रती भइरहेका गिरीको भारतीय साहित्य अकादेमीबाट प्रकाशित यो पुस्तक नेपाली पाठकलाई भारतका अन्य छिमेकी साहित्यसँग जोड्ने प्रयासमा एउटा सेतुस्वरूप भएको छ।

यस दिशामा निरन्तर संघर्षरत हाम्रा अनुवादक सुवास दीपक, बिर्ख खड्का डुवर्सेली, भक्त सिं ठकुरी, डा. शान्ति थापा, दुर्गा खतिवडाका हाराहारि खडकराज गिरी पनि भेटिन्छन्।

नेपाली साहित्यमा धेरै कथाहरू लेखिएका छन् तापनि तिनीहरूको विषय-वस्तु जातीय अस्मिता र नेपालीहरूले भोगेको पीडाजनित आक्रोशको घेरोबाट बाहिरिन नसकेको देखिन्छ। दसोटा भारतेली भाषाबाट नेपालीमा अनूदि
कथाकार र पाठकलाई एउटा फराकिलो फाँटमा पुऱ्या
साधारण मानिस र समाजका धेरै अस्पृश्य पक्षहरूसँग

निश्चय पनि यस पुस्तकमा अनूदित कथाहरूले ने
देखाउन सक्ने छन्–औ, यही नै हुनेछ अनुवादक ख

Library IIAS, Shimla
N 808.3 G 443 B
00117472

–भविलाल लामिछाने

ISBN : 81-260-1948-4

मूल्य : पचास रुपियाँ

आवरण : माहुला घोष